नेपाल समाचारपत्र

NEPAL SAMACHARPATRA

नेपाली मनको नेपाली पत्रिका

नेपाल समाचारपत्र दैनिक, कामना, साधनाका ग्राहक बन्नु परेमा, पत्रिका समयमा नआएमा, कुनै गुनासो भएमा सम्पर्क गर्नुहोला।

कामना न्यूज पब्लिकेसन्स्

कामना प्लाजा, भीमसेनस्थान, काठमाडौं

सम्पर्क : ०१-४२६११७०

एक्सटेन्सन: ११३ (९ बजेदेखि ६ बजेसम्म)

» आइतबार, असोज ७, २०७५ » Sunday, September 23, 2018 » www.newsofnepal.com » नेसं ११३८ जलाश्व १४ » वर्ष २४, अंक २५६ » पृष्ठ १२ » मूल्य रू १०/-

प्रहरीको २३६ रोपनी जग्गा राष्ट्रपति कार्यालयलाई

मधुसूदन रायमाझी, काठमाडौं

सरकारले नेपाल प्रहरीअन्तर्गत रहेको राष्ट्रिय प्रहरी प्रशिक्षण प्रतिष्ठानको जग्गा राष्ट्रपति कार्यालयको नाममा दिने निर्णण गरेको छ।

हाल राष्ट्रपति कार्यालय रहेको शीतल निवासलाई पर्याप्त जग्गा नभएको भन्दै सरकारले प्रहरी प्रतिष्ठानको नाममा रहेको २ सय ३६ रोपनी जग्गा राष्ट्रपति कार्यालयलाई उपलब्ध गराउने निर्णय गरेको छ।

गत भदौ २१ गते बसेको मन्त्रिपरिषद्को बैठकले प्रतिष्ठानको जग्गा राष्ट्रपति कार्यालयलाई दिने निर्णय गरेकोमा प्रहरीले भने असन्तुष्टि जनाएको छ। काभ्रेको पनौतीमा प्रहरी प्रशिक्षण प्रतिष्ठानको निर्माण नहुँदै सरकारले राष्ट्रपति कार्यालयलाई हालको राष्ट्रपति कार्यालयसँगै जोडिएको प्रहरी प्रतिष्ठानको उक्त जग्गा दिने निर्णय गरेको हो।

सरकारले राष्ट्रिय प्रहरी प्रशिक्षण प्रतिष्ठान पनौतीमा निर्माण गर्ने निर्णय गरे पनि अहिलेसम्म काम अगाडि बढ्न सकेको छैन। भारत सरकारको आर्थिक सहयोगमा पनौतीमा अधिग्रहण गरेको

विकल्प नै नदिई जग्गा हडपेको भन्दै प्रहरीमा असन्तुष्टि

९ सय रोपनी क्षेत्रफलमा प्रतिष्ठान निर्माण गर्ने भनिए पनि अहिलेसम्म कुनै काम हुन सकेको छैन। प्रहरी प्रशिक्षण प्रतिष्ठान र केन्द्रीय अनुसन्धान ब्युरोको कार्यालयसमेत रहेको जग्गामा हाल राष्ट्रपति कार्यालयले हेलिप्याड निर्माणको काम अगाडि बढाइसकेको छ।

विकल्प नै नदिई सरकारले हतारहतारमा निर्णय गरेर प्रहरीले भोगचलन गर्दै आएको जग्गा राष्ट्रपति कार्यालयलाई दिइएपछि प्रहरीको काम कारबाहीमा गम्भीर असर पर्ने देखिन्छ।

नेपालमा भएको १८औं सार्क सम्मेलनमा भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीको उपस्थितिमा पनौतीमा निर्माण हुने प्रहरी प्रशिक्षण प्रतिष्ठानका लागि ८ अर्ब ७९ करोड १३ लाख रुपियाँ दिने सम्झौता भएको थियो। तर नेपाल सरकार र भारत सरकारका बीचमा कन्सलटचान्ट नियुक्त गर्ने विषयमा सहमति जुट्न नसक्दा काम अगाडि बढ्न सकेको छैन। भारत सरकारले प्रतिष्ठान निर्माणका लागि २ अर्ब ३० करोड ७८ लाख उपलब्ध गराए पनि गुरुयोजनाको कामसमेत हुन सकेको छैन। प्रहरी प्रतिष्ठानका लागि अधिग्रहण गरेको जग्गामा अहिले धानखेती गरिएको छ। त्यहाँबाट उत्पादन भएको धानमा समेत अनियमितता हुने गरेको भन्दै स्थानीयले तीव्र विरोध गरिरहेका छन्।

प्रधानमन्त्री कार्यालयविरुद्ध उजुरी घट्दै

नेपाल समाचारपत्र

काठमाडौं

प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयविरुद्ध पर्ने उजुरीको संख्या घट्दै गएको छ। कार्यालयमा रहेको कानुन तथा फैसला कार्यान्वयन महाशाखाका अनुसार आर्थिक वर्ष २०७३/०७४ मा ५ सय ३० वटा उजुरी परेका थिए।

गत वर्षको उजुरी संख्या ४ सय ४८ मात्र रहेको छ। कार्यालयले उजुरी संख्या घट्दै गएको जनाएको छ। प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयलाई विपक्षी बनाएर आएका उजुरीमा महाशाखाले जवाफ दिने गरेको थियो। महाशाखाका सहसचिव आलोकचन्द्र श्रेष्ठका अनुसार विभिन्न माध्यमबाट आएका उजुरी र प्रश्नको प्रधानमन्त्री कार्यालयले समयभित्रै जवाफ पठाउने गरेको छ।

(क्रमशः पृष्ठ ९ मा)

महाशाखा प्रमुख नै छैनन्

प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा रहेका २ महाशाखा प्रमुखविहीन बनेका छन्। कार्यालयका प्रवक्ता विनोदबहादुर कुँवरका अनुसार ११ मध्ये २ वटा महाशाखामा प्रमुख छैनन्।

'नयाँ विज्ञापन गर्नुपर्नेछ, केही दिनमा नै होला', कुँवरले भन्नुभयो- 'अरू समस्या त होइन तर प्रमुख नै नभएपछि अरूलाई कामको लोड बढेको छ।' संघका कर्मचारी प्रदेशतिर गएकाले पनि केही कर्मचारी अभाव रहेको कुँवरले जानकारी दिनुभयो। सहसचिव आनन्द ढकाल सचिवमा बढुवा हुनुभएको छ भने अर्को महाशाखा पनि रिक्त छ।

स्पेन दूतावासमा चुलियो आर्थिक अनियमितता

टीका बन्धन, काठमाडौं

स्पेनस्थित नेपाली दूतावासले सार्वजनिक खरिद प्रक्रिया लत्याउँदै दूतावासलाई आवश्यक पर्ने सामग्री खरिद गर्ने गरेको खुलासा भएको छ।

तेस्रो पक्ष बीमा नगरी सवारी खरिद गरेको दूतावासले 'भिजिटिङ कार्ड' र कार्यालयको ढोकामा राखिने 'नेम प्लेट' बनाउने खर्चसमेत पारदर्शी ढंगमा गरेको छैन। भिजिटिङ कार्ड र नेम प्लेट बनाउने खर्च गत आर्थिक

वर्षमा निकासा भए पनि अहिलेसम्म त्यस्ता सामग्री तयार भएका छैनन्। दूतावास कर्मचारीसँग त्यहाँका नेपाली र अन्यले भिजिटिङ कार्ड माग्दा 'कार्ड बन्ने प्रक्रियामा रहेकाले अहिले उपलब्ध गराउन सकिएन' भन्ने जवाफ दिन्छन्।

(क्रमशः पृष्ठ ९ मा)

महानगर

2018, SEP
Sunday
23

जबरजस्ती करणीको घटना नियन्त्रण गर्न पाठ्यक्रममा नै समावेश गर्नुपर्छ।

‘गलत काम गर्ने जो-कोही प्रहरीलाई कठोरतापूर्वक कारबाही गर्छौं’

कञ्चनपुरमा १३ वर्षीया बालिका निर्मला पन्तको बलात्कारपछि हत्या भएको झण्डै २ महिना बितिसक्दासमेत घटनामा संलग्न अभियुक्त पक्राउ गर्न सकेका छैनन्। कञ्चनपुर घटनामा हेलचेक्र्याइँ गरेको भन्दै प्रहरीका अधिकृतहरूसमेत निलम्बनमा परेका छन्। कञ्चनपुरको घटनाले प्रहरीमाथि चौतर्फी आलोचना भइरहेको छ। तर प्रहरी संगठनले केही पात्रका कारण सिंगो संगठनलाई विवादमा मुछ्न नहुने बताएको छ। चौतर्फी दबाब भए पनि पीडित परिवारले अझै न्याय पाउन सकेका छैनन्। यसै विषयमा कञ्चनपुर घटना, देशभर बढ्दो बलात्कारको घटना र समस्या समाधानका लागि प्रहरीले गरिहेको कामको विषयमा केन्द्रित भएर नेपाल प्रहरीका प्रवक्ता शैलेश थापा क्षेत्रीसँग **नेपाल समाचारपत्रका** लागि **दीपक रिजाल** र **मधुसूदन रायमाझी**ले गरेको कुराकानी:-

निर्मला पन्तको बलात्कारपछि हत्या भएको २ महिना पुग्दासमेत प्रहरीले दोषी पक्राउ गर्न किन सकिरहेको छैन ?

कञ्चनपुरको घटना दु:खद् थियो। घटनाको अनुसन्धान गर्ने काम जिल्ला प्रहरी कार्यालय कञ्चनपुरको हो। शुरूमा उसले नै घटनाको अनुसन्धान गर्ने काम गर्‍यो। हाम्रो स्थानीय नेतृत्वमा केही कुरा अलिकति लापरवाही देखियो। निर्मला पन्त हराइन् भन्ने कुरा आउनासाथ खोज्नका लागि लाग्नुपर्थ्यो। प्रहरीले पीडित परिवारसँग राम्रो व्यवहार नगरेको देखियो। त्यही भएर हामीले प्रहरी उपरीक्षक दिल्ली विष्टलाई काम गर्न नसकेकोमा निलम्बन गर्‍यौं। अहिले हाम्रो अनुसन्धान र छानविनको दायरामा हुनुहुन्छ। लगत्तै हामीले प्रहरीले त्यहाँ नयाँ टिम खटायौं। नयाँ टिमलाई सहयोग गर्न प्राविधिक रूपमा विशेषज्ञ पनि खटाएका छौं। अधिकृतहरू पनि खटिएका छन्। महिला तथा बालबालिका सम्बन्धित अपराध भएर महिला अधिकृतलाई पनि खटाएका छौं। यसरी प्रहरी प्रधानकार्यालयले कञ्चनपुरको घटनामा प्रवेश गरेर विशेष सहयोग गरेको छ। यो अपराधमा संलग्न अपराधीलाई चाँडोभन्दा चाँडो सार्वजनिक गर्ने काम जारी छ। आगामी दिनमा सफल अनुसन्धानसहित अभियुक्त सार्वजनिक गर्छौं।

प्रहरीले नै कञ्चनपुर घटनाको प्रमाण नष्ट गरेको आरोप लगाएका छन् नि ?

तत्कालीन अवस्थामा खटिएका प्रहरी अधिकृत र प्रहरीको भूमिका के रह्यो भन्ने विषयमा छानविन गर्न प्रहरी प्रधानकार्यालय निकै गम्भीर छ। त्यही भएर हामीले अपराध अनुसन्धान विभाग पनि हेर्नुहुने प्रहरी नायब महानिरीक्षक धीरु बस्नेतको संयोजकत्वमा नौ सदस्यीय छानविन समिति गठन गरेका छौं। छानविन समितिले अनुसन्धानमा भएको लापरवाही पनि अध्ययन गर्नेछ। यदि प्रमाण नष्ट गरेको हो भने कसुरअनुसार कारबाही हुन्छ। प्रहरी प्रधानकार्यालयले गैरव्यावसायिक काम गर्ने जोकोहीलाई पनि कारबाही गर्छ।

हत्याजस्तो संवेदनशील विषयमा प्रहरीले किन समयमा नै ध्यान दिन सकेन ?

यो घटना साउन १० गते भएको छ। हाम्रो सीआईबीको टोली ३ दिनभित्र त्यहाँ पुगिसकेको थियो। महिला तथा बालबालिकाविरुद्ध हुने कुनै पनि हिंसात्मक घटनाका अपराधी पक्राउ गर्नुपर्छ भनेर हामी सचेत छौं।

कञ्चनपुर घटनाले प्रहरीमाथि नकारात्मक धारणा बनेको छ। पुरानै अवस्थामा फर्काउनका लागि के गर्दै हुनुहुन्छ ?

नेपाल प्रहरीको विकल्प थप व्यावसायिक नेपाल प्रहरी नै हो। यसको अर्को कुनै विकल्प हुनै सक्दैन। कानुन कार्यान्वयन गर्ने क्रममा एकल जिम्मेवारी भनेको प्रहरीलाई दिइएको छ। जसरी कञ्चनपुर घटनामा प्रहरीप्रति विभिन्न ठाउँमा विरोधका कार्यक्रम पनि भए। यसले के देखाएको छ भने आमनागरिकहरू नेपाल प्रहरीले गर्ने कामप्रति प्रत्यक्ष चासो राख्नुहुन्छ र यो संगठनले गलत काम नगरोस् भनेर पहरेदारी गरिरहनुभएको छ। यसलाई हामीले सहज रूपमा ग्रहण गरेका छौं। यो घटनाले आगामी दिनमा थप व्यावसायिक बन्नका लागि सकारात्मक दबाब सृजना गरेको छ।

पुरानै अवस्थामा फर्काउनेतर्फ निकै सचेत छौं। विगत ४ महिनाको तथ्यांकलाई हेर्ने हो भने हामीले लागूऔषध बरामद गर्ने काममा दोब्बर प्रगति गरेका छौं। शान्ति सुरक्षामा खलल् पुर्‍याउने सीके राउत, विप्लव समूहका १ सय २५ का नेताकार्यकर्ता पक्राउ गरेका छौं। साना हातहतियार दोब्बर बरामद भएका छन्। राजस्व चुहावट नियन्त्रणमा पनि प्रहरीले उल्लेखनीय काम गरेको छ। सकारात्मक काम पनि मनग्य भएका छन्। जबरजस्ती करणी भनेको महिलाको अस्मितासँग जोडिएको कुरा हो। यसलाई कुनै हालतमा मिलमेतो गर्ने र सम्झौतामा टुंगो लगाउन हुँदैन भनेर परिपत्र गरेका छौं।

जबरजस्ती करणीको मुद्दामा अनुसन्धान गर्ने काममा कुनै पनि कमिकमजोरी नहोस् भनेर परिपत्र पनि गरेका छौं।

प्रहरी महानिरीक्षकको सचिवालयले निकट भविष्यमा नै जबरजस्ती करणीको सम्भावित समूहलाई लक्षित गरेर कार्यक्रम बनाइरहेका छौं। यस कार्यमा प्रहरी भन् बढी सक्रिय भएर लाग्दा आगामी दिनमा पुरानै अवस्थामा फर्काउन सकिन्छ।

कञ्चनपुरको घटनाका बारेमा प्रहरीलाई जानकारी छ। प्रहरीले अपराधी पक्राउ गरिरहेको छैन भन्ने आम जनताको आरोप छ नि ? सत्य के यही हो ? यत्रो आक्रोश बढ्दा पनि किन अपराधी पक्राउ गर्न सक्नुहुन्न ? प्रहरीले सार्वजनिक गरेको व्यक्ति नै नक्कली पर्‍यो नि ?

> कञ्चनपुर घटनामा पुन: हतारोमा निर्दोष मानिस नपरोस् भन्ने चाहिरहेका छौं

शक्तिशाली व्यक्ति नेपथ्यमा बसेर यो सब गरिरहेको छ भन्ने आएको छ। पीडितको परिवारले प्रहरी महानिरीक्षकलाई भेट्नुभएको छ। गृहमन्त्रीलाई भेट्नुभएको छ। प्रधानमन्त्रीलाई भेट्नुभएको छ। उहाँहरू सबैले निष्पक्ष अनुसन्धान गर्छौं भन्नुभएको छ। यो अपराध शक्तिशाली व्यक्तिले भन्दा पनि चतुर व्यक्तिले गरेको छ भन्ने हाम्रो ठम्याइ हो।

पन्तको हत्याको अभियुक्त जोगाउन होटलको सीसी क्यामेराको फुटेज डिलिट गर्ने काम भएको पीडित परिवारले दाबी गरेका छन्। यदि होइन भने प्रहरीले किन विज्ञप्तिसमेत जारी गर्दैन ?

अनुसन्धानमा रहेका कतिपय तथ्यलाई सार्वजनिक गर्नुहुन्न। सूचनाको २०६४ सम्बन्धी ऐनले पनि यो व्यवस्था गरेको छ। नेपाल प्रहरीको मिडिया पोलिसी पनि त्यही हो। अनुसन्धान भइरहेको बेला तथ्यहरू बाहिर ल्याइदिनुहुन्न। सामाजिक सञ्जालमा आएको धारणालाई भन्ने आँट पनि निष्पक्षताको काम हो। सामान्यतया स्थानीय तहबाट हुने कुरालाई माथिल्लो निकायले हो भन्ने चलन थियो। हामीलाई डीएनए मिल्दैन भनेर बाहिर लैजाँदा राम्रो सन्देश जाँदैन भन्ने थाहा थियो। तर निर्दोष व्यक्ति पर्नुहुँदैन भनेर संगठनले निर्दोष व्यक्तिलाई फसाउने काम गरेन। डीएनए नमिलेको हदसम्म कोही व्यक्तिलाई ल्याउन सक्ने अवस्था छैन। स्थानीय प्रहरीमार्फत एकचोटि धोका खाइसकेको अवस्था छ। फेरि पटक-पटक धोका खाने पक्षमा छैनौं। हतारोमा निर्दोष मानिस नपरोस् भन्ने चाहिरहेका छौं।

अपराधमा संलग्नलाई छिटो पक्राउ गर्न चारैतिरबाट प्रेसर छ ? तर तपाईंको भनाइअनुसार त अझै समय लाग्ने देखियो नि होइन ?

हामीसँग वर्षौं लगाउने सुविधा छैन। हामी सकभर छिटो गर्ने पक्षमा छौं। तत्कालीन अवस्थामा अनुसन्धानमा देखिएको लापरबाही अभियुक्तको चतुरपना देखिन्छ। यो घटनाको दोषी सार्वजनिक गर्न हामीलाई बढी हतारो छ। किनभने प्रहरीमा आएको क्षयीकरण रोक्न प्रहरी त लाग्नैनै छ। हतारो हामीलाई छ। बडिखेल, रानीबारी घटना, रणबहादुर बम घटनाको अनुसन्धान गर्न पनि लामो समय लागेको थियो। अहिले वर्षौं लगाउने पक्षमा छैनौं। अनुसन्धानमा केही जटिलता थपिएको छ। चाँडोभन्दा चाँडो अभियुक्तलाई सार्वजनिक गर्ने पक्षमा छौं।

prabhu Bank

छानविन समितिले हेर्छ। अहिले अभियुक्त ठहर नभएको अवस्थामा सबै सार्वजनिक गर्न मिल्दैन। त्यसकारण सबै कुरा बाहिर नल्याएको पनि हो।

बलात्कारका घटना बढ्नुमा के कारणले काम गरिरहेको छ ?

विगत ७ वर्षको डाटा हेर्ने हो भने महिला तथा बालबालिकाको विरुद्ध अपराध बढेको देखिन्छ। गत वर्षको तथ्यांक र यस वर्षको तथ्यांक हेर्ने हो भने जबरजस्ती करणीका घटना ३० प्रतिशतले बढेको देखाउँछ। जबरजस्ती करणीका घटना बढ्नुमा थुप्रै कारण छन्। पहिलो कारण महिला हिंसा तथा जबरजस्ती करणीको घटना दर्तामा कुनै पनि प्रहरीले लापरबाही गरेको अवस्थामा संगठनले तत्काल कारबाही गर्न थालेको छ। उदाहरणका लागि दरबारमार्ग, सुनसरी, कञ्चनपुरको घटना हेर्दा हुन्छ। जसका कारण प्रहरीप्रति विश्वास बढेर दर्ता गर्ने क्रम नै बढ्यो। दोस्रो अहिले महिलामा जनचेतनता बढेको छ। समाजले अहिले के ठान्योभन्दा अपराध सहेर बस्ने चिज होइन। यसलाई बाहिर ल्याउनुपर्छ भन्ने कुराहरू प्रहरी कार्यालयसम्म आइपुग्यो। तेस्रो आजभोलि इन्टरनेटमार्फत धेरै कुरा पाउन सकिन्छ। इन्टरनेटमा बालबालिकाले सकारात्मक नकारात्क दुवै कुरा पाउँछन्। यो घटना बढ्नुमा अभिभावकको भूमिका पनि पुनर्मूल्यांकन हुनुपर्छ कि जस्तो लाग्छ। अभिभावकले स्मार्ट फोन, ल्याबटप, किनिदिनुभो। तर आफ्ना छोरोछारीले इन्टरनेटमा के हेरिरहेका छन् भन्ने कुरामा खासै चासो राख्नुभएको पाइँदैन।

अपरिपक्व दिमागले परिपक्व साइट भिजिट गरिदिँदाखेरि यस प्रकारको गतल बाटो रोज्ने गर्छन्। अहिले सम्बन्ध सामाजिक सञ्जालमा बन्दै छ। सामाजिक सञ्जालमा भएको चिनजानकै कारण पहिलो भेटमा नै बलात्कारमा परेका घटना पनि छन्। चौथो कारण मूल्यमान्यतामा आएको विचलन पनि हो। नयाँ पुस्ताले क्रमश: नैतिकता भुल्दै गएको छ। निर्मला पन्त दिउँसो साथीको घरमा गएको देखिन्छ। घरबाट फर्किएको छ। बाटोमा सुरक्षा दिने प्रहरी थिएन। तर समाज, बाटो छेउछाउका मानिसहरू थिए। अहिले जुन प्रकारले समाज रूपान्तरण हुँदै गएको छ। त्यसले पनि जबरजस्ती करणीको घटना बढाएको छ।

बलात्कारबाट कसरी बच्ने भन्ने विषयमा पनि बुझाउन जरुरी होला नि होइन ?

हामीले जबरजस्ती करणीको घटना नियन्त्रण गर्न दशवटा जति विषयवस्तु बनाएका छौं। यसमा मुख्यत: सुरक्षाकै कुरा हो। सात कक्षामा पढ्नेले प्रहरीमा उजुरी गर्न नसके पनि शिक्षक अभिभावकलाई भन्न सक्छ। यदि गलत नियत राखेको बारेमा कसरी थाहा पाउने ? १०० नम्बरमा कसरी कल गर्ने भन्ने सिकाउँछौं। १२ कक्षासम्म जाने सोच बनाएका छौं। यदि अभियुक्तले पक्राउ नै गरिहाल्यो भने प्रतिवाद कसरी गर्ने योजना बनाएका छौं। शिक्षा मन्त्रालयसँग समन्वय गरेर जाने सोचिरहेका छौं। आत्मरक्षा कसरी गर्ने भन्ने विषयलाई पाठ्यक्रममा नै समावेश हुनुपर्छ। शैक्षिक सत्रमा पढाइनुपर्छ।

> प्रहरीले कानुनको उल्लंघन गर्न पाउँदैन र गर्न दिनुहुँदैन

बलात्कारको घटना कसरी घटाउन सकिन्छ त ?

गत वर्ष ६२ प्रतिशत बलात्कारका घटनामा परिचितहरू संलग्न भएको देखिन्छ। घटनाको अनुसन्धान गर्न बीचमा मौका हुनुपर्छ। तर परिवारकै सदस्य, विद्यालयका शिक्षक, ब्वाइफ्रेन्ड, साथीसाथीमा अनुसन्धान गर्ने कुरा मुस्किल हुने गरेको छ। त्यसको रोकथाममा प्रहरी एक्लैको प्रयास चाहीं काफी नहुँदोरहेछ। परिवारको पनि जिम्मेवारी हुन्छ। समाजको पनि जिम्मेवारी हुन्छ। एनजीओ आईएनजीओको, महिला बालबालिका तथा जेष्ठ नागरिक मन्त्रालयको पनि जिम्मेवारी हुन्छ। यसरी जोडिँदै गयो भने रोकथाम र न्यूनीकरण गर्न सकिन्छ।

जबरजस्ती करणीका घटना घटाउनका लागि हामीले एउटा अभियान सञ्चालन गर्ने सोच बनाएका छौं। ११ देखि १७ वर्षको उमेर समूह सबैभन्दा पीडित समूह छ। ३३ देखि ४९ प्रतिशत पीडितहरू यो उमेर समूहका छन्। २५ वर्ष पुग्याउने हो भने ७० प्रतिशत पुग्छ। हामीले स्कुलमा जाने विषय सोचेका छौं। अभिभावकालाई बुझाउने कुरा सोचेका छौं। यसरी जाँदा पुरै समाजमा उद्वेलित भएर समाजसँग जुध्ने प्रयास भयो भने घटाउन सकिन्छ।

सामाजिक कारणले कतिको काम गरेको छ ?

हामी आधुनिकतातर्फ उन्मुख हुने नाममा समाजका सुन्दर मूल्यमान्यता क्रमश: भत्काउँदै गएका छौं। एकअर्कोलाई गर्ने सम्मान खण्डित भएको छ। एक अर्कोलाई गर्ने मर्यादा खण्डित भएको छ। यो राम्रो पक्ष होइन। गत वर्षसम्म १०० वटा मुद्दा दर्ता भएका छन्। आगामी दिनमा बढ्छ। अहिले नयाँ ऐन ड्राफ्टमा कसरी समावेश गर्ने भन्ने विषयमा कुराकानी भइरहेको छ। १६ वर्ष नपुग्दासम्म फेसबुकको खाता खोल्न पाइँदैन। तर १० वर्षको बालबालिकाले फेसबुक चलाउँछन्। यौन दुराचारको घटनामा विदेशीले आफ्नो भिक्टिम सामाजिक सञ्जालमा खोज्ने गरेका छन्।

सामाजिक सञ्जालका कारणले पनि यस्तो घटनामा वृद्धि भएको हो ?

सामाजिक सञ्जाल भनेको ठूलो पोखरी हो। यहाँ जब असहाय बालबालिका प्रवेश गर्छन् अर्थात खाता खोल्छन्। डिलमा रहेका अपराधीहरू बल्छी हालेर बस्छन्। आम अभिभावकहरूले मेरो बच्चाले खाता खोल्यो भनेर दंगा पर्नुभन्दा पनि उमेर नपुगी फेसबुक चलाउन दिनहुन्न भन्ने कुरामा ध्यान राख्ने हो भने ठूलो परिवर्तन ल्याउन सकिन्छ।

केही पात्रका कारण प्रहरी संगठन नै बदनाम हुँदै गएको हो ? संगठनभित्र गलत काम गर्नेलाई के साँच्चीकै कारबाही भएको छ त ?

अहिले प्रहरीमा ७५ हजार फोर्स छ। सबै दूधले धोएका हुँदैनन्। कतिपय मानिसहरू गलत नियतका हुन्छन्। कतिपय प्रसंगमा उनीहरूले गलत काम गरेका छन्। विगत वर्षको तथ्यांकअनुसार २२ सय ६५ जना प्रहरी कर्मचारीहरूलाई विभिन्न प्रकारका कारबाही भएको छ। ४ महिनाको अवधिमा ४ सय ९५ जना प्रहरी कर्मचारीलाई कारबाही गरेका छौं। प्रहरी भनेको कानुन कार्यान्वयन गर्ने निकाय हो। उसले त कानुनको उल्लंघन गर्न नै पाउँदैन र गर्न दिनुहुँदैन। गैरव्यावसायिक काम गर्ने जोसुकै प्रहरीलाई पनि कारबाही गर्न प्रहरी प्रधानकार्यालय प्रतिबद्ध छ। बर्दी लगाएर अपराध गर्नुपर्छ भन्नेलाई लुकाउनुपर्ने पक्षमा हामी छैनौं। हामी कोहीकसैले संगठनभित्र गलत काम गरेको अवस्थामा कठोरता र निर्मतापूर्वक सजाय दिन्छौं। संगठनको विकास भनेको सुधारउन्नमुख हुन्छ। कतै हावा कमजोर भएको छ भने हावा हाल्छौं। नट पनि टाइट गर्छौं। संगठनलाई अग्रगमनमा लैजान्छौं। चेन अफ कमान्ड बलियो छ। अझै बलियो हुन्छ।

संगठनले नै बाटो बिराउन लागेको त होइन भन्ने आशंका पनि उब्जिएको छ नि ?

यदाकदा कुनै मुद्दामा गल्ती गरेको होला। तर विगत हेर्ने हो भने ३९ हजार मुद्दाहरू अनुसन्धान गरेका छौं। अनुसन्धान गर्ने क्रममा एउटा दुईवटा केसमा चुक्यौं होला। त्यसैलाई कारण बनाएर संगठनका विरुद्ध राय बनाउनु उपयुक्त हुँदैन। नेपाल प्रहरी नागरिकप्रति प्रतिबद्ध छ। नागरिक केन्द्रित काम गरिरहेका छौं। ६ सय ३९ स्थानमा प्रहरी कार्यालय स्थापना गर्न माग छ। १०० नम्बरमा दैनिक ११ सयभन्दा बढी फोन सहयोगका लागि आउँछ। प्रहरी ठीक ठाउँमा छ। यदाकता देखिने घटनाले प्रहरीको मनोबल पनि कमजोर भएको छैन। आगामी दिनमा नेपाल प्रहरी उच्च व्यावसायिकसहित प्रस्तुत हुन्छ। नागरिकहरूलाई मेरो आग्रह छ। प्रहरीले गर्ने कामको निष्पक्ष मूल्याङ्कन गरिदिनुहोस्। आपत पर्दा अहिले पनि प्रहरी तपाईंहरूको घरदैलोमा आइपुग्छ।

शैलेश थापा क्षेत्री
प्रवक्ता, नेपाल प्रहरी

फेस्टिबल

हास्य अभिनेता नरेन्द्र कंसाकार *दरबारमार्ग फुड फेस्टिबल*मा।

PAGE 3

सुट टाइम

मोडलद्वय महेन्द्र गौतम र अञ्जु निरौला म्युजिक भिडियोको सुटिङमा।

घटस्थापनामा आउने छक्का पञ्जा ३ ट्रेलरमा

लोकप्रिय हास्य सिरिज फिल्म *छक्का पन्जा ३* ले अचानक रिलिज डेट घोषणा गर्दै आफ्नो ट्रेलर सार्वजनिक गरेको छ। नामको आधारको यो सिरिज फिल्मले शनिबार बिहान राजधानीमा एक कार्यक्रम आयोजना गरी रिलिज डेट घोषणा गर्दै ट्रेलर सार्वजनिक गरेको हो।

*छक्का पन्जा*सँगै फिल्मकर्मी अशोक शर्माको फिल्म *जय भोले* पनि दशैँमै आउने भएपछि दुबै फिल्मले रिलिज डेट घोषणा गरेका थिएनन्। *छक्का पन्जा* आगामी २४ गते घटस्थापनाका दिन रिलिजमा आउने पक्का भएपछि *जय भोले*ले केही दिनमै रिलिज डेट घोषणा गर्ने भएको छ। दुवै फिल्मले दशैँकै विदालाई आफ्नो व्यापारिक डेट बनाइ रिलीज गर्ने भएपछि अगाडिपछाडि सार्न मानेका थिएनन्। एउटा फिल्म अघिल्लो साता रिलिजमा आउँदा दर्शक चापका कारण अर्को फिल्मले भने जति हल नपाउने भएकाले दुवै फिल्म पछाडि सर्न मानिरहेका थिएनन्।

शनिबार बिहान सार्जजनिक गरिएको *छक्का पन्जा ३* को ट्रेलरमा कमेडी विषयवस्तुलाई प्राथमिकता दिएको छ। ट्रेलरमा शिक्षा क्षेत्रमा हुने गरेको राजनीति दशाइएको छ। सरकारी स्कुलमा भोज खाँदा निम्तिएको विवादले हड्तालदेखि तोडफोडसम्म, घटनाले राजनीतिक रूप लिएपछि शुरु भएको राष्ट्रिय समस्या र त्यसलाई समाधान गर्न शिक्षा मन्त्री नै हेलिकोप्टर चढेर स्कुल पुग्नु पनि ट्रेलरमा देखाइएको छ। ३ मिनेटको यो ट्रेलरमा कलाकार हास्य संवादसहित छन् भने दीपकराज गिरी र दीपिका प्रसाईं दम्पतिका रूपमा देखिन्छन्। केदार घिमिरे 'माग्ने बुढा' पञ्चेबाजा समूहका नाइके तथा सहनाईं फुक्ने भूमिकामा छन्।

ट्रेलरमा फिल्मका प्रमुख कलाकारहरू दीपकराज गिरी, दीपिका प्रसाईं, केदार घिमिरे, जितु नेपाल, बुद्धि तामाङ, निर शाह, लक्ष्मी गिरी, किरण केसी, शिवहरि पौडेल, श्याम राई, जयनन्द लामा, रमेशरञ्जन झा, विलसनविक्रम राई, यमन श्रेष्ठलगायतले गरेको कमेडी प्रस्तुत गरिएको छ। फिल्मका निर्माता तथा कलाकार दीपकराज गिरीले यसपटक ट्रेलरमा विषयवस्तु खुलाएको बताए। बिगतका फिल्म हास्यप्रधान भए पनि सन्देशप्रधान नभएको भन्ने आरोप लागेकाले यसपटक शिक्षाजस्तो महत्त्वपूर्ण विषयलाई कथामा उतारिएको निर्देशक दीपाश्री निरौलाले बताइन्। *छक्का पन्जा*को सफलतासँगै *छक्का पन्जा-२* पछि दीपाश्री निरौलाले गरेको निर्देशन गरेको यो फिल्ममा संगीत अर्जुन पोखरेल र दीपक शर्मा, छायांकन पुरुषोत्तम प्रधानको रहेको छ।

संखुवासभाकी शेर्पालाई उपाधि

संखुवासभाकी जाङमु शेर्पाले *मिस मंगोल नेपाल* २०१८ को उपाधि चुमेकी छन्। प्रतियोगितामा गोर्खाकी प्रीति गुरुङ र सोलुखुम्बुकी पुनम शेर्पा क्रमशः *फस्ट* र *सेकेन्ड रनर्सअप* भए।

*मिस लिडरसिप*सहित शीर्ष उपाधि चुमेकी जाङमुका साथ *फस्ट* र *सेकेन्ड रनर्सअप* विजेताले थाइल्यान्डका लागि ५ दिने प्याकेज टुरको अवसर पाएका छन्। एक्सन इन्टरटेनमेन्टद्वारा राजधानीमा आयोजित *मिस मंगोल नेपाल*को दसौं संस्करणमा ललितपुरकी अस्मिता वज्राचार्य *मिस ट्यालेन्ट*, सुनसरीकी समीक्षा राई *मिस पब्लिक च्वाइस*, काठमाडौंकी इरोसा थापामगर *मिस बेस्ट हेयर*, बुटवलकी सुमी थापा *मिस पर्सनालिटी* र नुवाकोटकी रक्षा थिङ *मिस फोटोजेनिक* भए।

प्रतियोगितामा आइडियल इङ्लिस हाइस्कुलका निर्देशक पूर्ण लामा, फिल्म निर्देशक उदय सुब्बा, संगीतकार शान्तिराम राई, व्यावसायी फुपुतेन्जिङ सेर्पा, पूर्वमिस मंगोल डा. एनिस्ता गुरुङ, गायिका मेनुका राई र शिक्षासेवी शिवहरि अधिकारी निर्णायक थिए। रीता राई दाहालको अध्यक्षतामा भएको कार्यक्रममा गायक तथा संगीतकार टिका बोम्जन, हास्यकलाकार राजेन्द्र गिरी, नृत्यांगना रिद्धिमा राईले आ-आफ्नो रोमाञ्चक प्रस्तुती दिएका थिए।

पिरती दुईतिर

गायिका कविता शिवाकोटीको *कविता* एल्बममा संगृहित *पिरती लाउँदिन दुईतिर* बोलको गीत म्युजिक भिडियोसहित सार्वजनिक भएको छ।

किरण के उप्रेतीको शब्द र पुष्कर सुनुवारको संगीत रहेको गीतको भिडियोमा नायिका प्रियंका कार्की र महेश खड्कालाई फिचरिङ गरिएको छ। गम्भीर विष्टको निर्देशन तथा कोरियोग्राफर रहेको गीतको भिडियोलाई नवराज उप्रेतीले छायांकन गरेका छन् भने नवीन निरौलाले सम्पादन गरेका छन्। ७ वर्षदेखि गायन क्षेत्रमा सक्रिय कविताका २ एल्बम सार्वजनिक भएका छन्। ३ दर्जनभन्दा धेरै गीतमा स्वर दिएकी कविताले यो नयाँ गीतले आफ्ना अन्य गीतले जस्तै दर्शकको साथ पाउनेमा आशावादी रहेको बताइन्।

सम्मान चलचित्रको उत्सव उत्कृष्टताको

CG Entertainment Presents

Kamana Film Awards

कामना फिल्म अवार्डस् २०७५

मन परेको फिल्म र फिल्मकर्मीलाई SMS गर्नुहोस्, विजेता बनाउनुहोस्

CO - SPONSORS: Pashupati BISCUITS, Norvic INTERNATIONAL HOSPITAL नर्भिक इन्टरनेशनल हस्पिटल

OFFICIAL DRINK: GOLDEN OAK

OFFICIAL BANK:

RED CARPET: YETI PVC FLOORING Live with honour...

OFFICIAL VEHICLE: SUZUKI

विधाः सर्वोत्कृष्ट चलचित्र
ब्लाइन्ड रक्स (KFA 1A)
घामपानी (KFA 1B)
कृ (KFA 1C)
लीली बीली (KFA 1D)
शत्रु गते (KFA 1E)

विधाः सर्वोत्कृष्ट निर्देशक
दीपाश्री निरौला - छक्का पञ्जा २ (KFA 2A)
मिलन चाम्स - लीली बीली (KFA 2B)
नवल नेपाल - मंगलम (KFA 2C)
प्रदीप भट्टराई - शत्रु गते (KFA 2D)
सुरेन्द्र पौडेल - कृ (KFA 2E)

विधाः सर्वोत्कृष्ट अभिनेता
दीपकराज गिरी - छक्का पञ्जा २ (KFA 3A)
दयाहाङ राई - घामपानी (KFA 3B)
सौगात मल्ल - भ्यानाकुटी (KFA 3C)
अनमोल केसी - कृ (KFA 3D)
प्रदीप खड्का - लीली बीली (KFA 3E)
पुष्प खड्का - मंगलम (KFA 3F)

विधाः सर्वोत्कृष्ट अभिनेत्री
बेनीषा हमाल - ब्लाइन्ड रक्स (KFA 4A)
मेनुका प्रधान - शेरबहादुर (KFA 4B)
नीता ढुंगाना - पञ्चायत (KFA 4C)
प्रियंका कार्की - शत्रु गते (KFA 4D)
सारा सिरपाली - पिंजडा ब्याक अगेन (KFA 4E)
शील्पा पोखरेल - मंगलम (KFA 4F)

विधाः सर्वोत्कृष्ट खलपात्र
अनुपविक्रम शाही - कृ (KFA 5A)
विपीन कार्की - नाका (KFA 5B)
प्रशान्त ताम्राकार - ऐश्वर्य (KFA 5C)
पुकार भट्टराई - पिंजडा ब्याक अगेन (KFA 5D)
रमेश रञ्जन झा - संरक्षण (KFA 5E)

विधा : सर्वोत्कृष्ट हास्य कलाकार
केदार घिमिरे - छक्का पञ्जा २ (KFA 6A)
जयनन्द लामा - छक्का पञ्जा २ (KFA 6B)
बुद्धी तामाङ - दुई रूपैया (KFA 6C)
राजाराम पौडेल - म यस्तो गीत गाउँछु (KFA 6D)
शिवहरी पौडेल - शत्रु गते (KFA 6E)

विधाः सर्वोत्कृष्ट संगीतकार
बसन्त सापकोटा -
मलाई आँखामा/ए मेरो हजुर २ (KFA 7A)
अर्जुन पोखरेल -
तिमी रोएको पल/ऐश्वर्य (KFA 7B)
हरी लम्साल -
उड्यो मन/ब्लाइन्ड रक्स (KFA 7C)
राजनराज शिवाकोटी -
कुटुमा कुटु/दुई रूपैया (KFA 7D)
दीपक शर्मा -
पर्ख पर्ख/मंगलम (KFA 7E)

विधाः सर्वोत्कृष्ट पार्श्वगायक
कालीप्रसाद बास्कोटा -
ओडौंला पिरतीको/शत्रुगते (KFA 8A)
कृष्ण काफ्ले -
पर्ख पर्ख/मंगलम (KFA 8B)
सुगम पोखरेल -
भन्छु आज/म यस्तो गीत गाउँछु (KFA 8C)
सुगम पोखरेल -
तिमी रोएको पल/ऐश्वर्य (KFA 8D)
स्वरूपराज आचार्य -
सम्झनाको सारंगी/संरक्षण (KFA 8E)

विधाः सर्वोत्कृष्ट पार्श्वगायिका
अञ्जु पन्त -
भन्छु आज/म यस्तो गीत गाउँछु (KFA 9A)
बानिका प्रधान -
उड्यो मन/ब्लाइन्ड रक्स (KFA 9B)
विन्दु परियार -
पर्ख पर्ख/मंगलम (KFA 9C)
मेलिना राई -
कुटुमा कुटु/दुई रूपैयाँ (KFA 9D)
मीना निरौला -
रूपै मोहनी/शत्रु गते (KFA 9E)

विधा : सर्वोत्कृष्ट नवअभिनेता
सलीनमान बानीया - ए मेरो हजुर २ (10A)
स्वरूपपुरूष ढकाल - छक्कापञ्जा २ (10B)
आशीरमान देशराज श्रेष्ठ जोशी - ग्याङस्टर ब्लुज (10C)
सुरज पाण्डे - लभ लभ लभ (10D)
शारूक ताम्राकार - रानी (10E)

विधा : सर्वोत्कृष्ट नवअभिनेत्री
अदिती बुढाथोकी - कृ (11A)
दिपीका प्रसाईं - ऐश्वर्य (11B)
जसिता गुरूङ - लीली बीली (11C)
सारा सिरपाली - रूद्र (11D)
सीपोरा गुरूङ - भुइँमान्छे (11E)

विधा : सर्वोत्कृष्ट नवनिर्देशक
झरना थापा - ए मेरो हजुर २ (12A)
नवराज बुढाथोकी - भुइँमान्छे (12B)
घामपानी - दिपेन्द्र लामा (12C)
पुर्णेन्दु झा - संरक्षण (12D)
आर. राजवंशी - शेरबहादुर (12E)

मनपर्ने चलचित्र तथा सिनेकर्मीलाई जिताउनका लागि माथि उल्लेखित Short Keywords टाइप गरी ३७७२२ मा पठाउनुहोस् । जस्तै,सर्वोत्कृष्ट चलचित्र विधामा भोट गर्नका लागि KFA<space> र तपाईंलाई मन परेको चलचित्रको कोड नम्बर टाइप गरी ३७७२२ मा पठाउनुहोस् ।

विचार

{ साथी धेरै हुन्छन्, तर वास्तविक साथी त्यो हो, जो अहित हुनबाट जोगाउँछ, हित हुने काममा लाग्न सहयोग गर्छ र विपत्ति परेको बेलामा छोड्दैन।
– अश्वघोष

{ जुन मानिस आफ्नो रिस आफैंमा झेल्न सक्छ, त्यो अरूको रिसबाट बच्छ।
– सोक्रेटस

2018, SEP
Sunday
23

सम्पादकीय

नेपाल समाचारपत्र

छिटै माग आधिकारिक धारणा

भारतीय जनता पार्टी (भाजपा)का वरिष्ठ नेता विजय जौलीले नेपालको एक मात्र अन्तर्राष्ट्रिय विमानस्थलबारे विवादास्पद टिप्पणी गरेका छन्। विमानस्थलको धावनमार्ग गतिलो नहुँदा पटक-पटक काठमाडौंमा विमान दुर्घटना हुने गरेको जौलीको तर्क छ। त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल खतरनाक भएको भन्दै प्रधानमन्त्री केपी शर्मा ओलीलाई यसबारेमा आफूले चिठ्ठी लेखेको उनले खुलासा गरेका छन्। नेपालको हवाई मैदानका कारण ठूला दुर्घटना भएको र यस बारेमा नागरिक उड्डयन प्राधिकरणलाई पटक-पटक जानकारी गराउँदासमेत बेवास्ता भएको जौलीले विज्ञप्ती सार्वजनिक गरेका छन्।

यसबारे आफूले ओलीलाई समेत चिठ्ठी लेखेर जानकारी गराएको भन्दै उनले विवादास्पद विज्ञप्ती सार्वजनिक गरेका छन्। हिन्दी र अंग्रेजी भाषा तयार भएको सो विज्ञप्ती शुक्रबार सार्वजनिक भएको हो। उक्त विज्ञप्तीमा नेपालमाथि गम्भीर आरोप लगाउँदै भनिएको छ- 'त्रिभुवन विमानस्थलको खराब मैदानका कारण युएस बङ्गलाको विमान दुर्घटना भई ४९ जना यात्रु मारिएको र टर्किस एयरलाइन्सको विमान दुर्घटना भएको हो।' २०१२ सालमा बनेको विमानस्थल ६३ वर्ष बितिसक्दा पनि मर्मत संभार नभएकाले जुनसुकै बेला पनि जस्तोसुकै दुर्घटना हुने चेतावनी दिँदा पनि नागरिक उड्डयन प्राधिकरणको आँखा खुल्न नसकेको उनको तर्क छ।

गत महिना ओमानको मस्कटबाट काठमाडौं उडेको ओमान एयरको विमान अवतरण गर्ने क्रममा धावनमार्ग बिग्रिएको र काठमाडौंको मौसम खराब भएको सूचना गोप्य राख्दा सो विमान आकाशमा ११ चक्कर लगाउनुपरेको जानकारी आफूले पाएको उनले बताएका छन्। सोही कारणले ओमान एयर लखनऊ विमानस्थलमा अवतरण गराएको भन्ने खबरले आफूलाई दुःखी तुल्याएको पनि जौलीले विज्ञप्तीमा उल्लेख गरेका छन्। सो घटनाबारे संस्कृती, पर्यटन तथा नागरिक उड्डयन मन्त्री रविन्द्र अधिकारीलाई जानकारी गराउँदा विमानस्थलको पुनर्निर्माण सन् २०१९ को फेब्रुअरी २८ बाट शुरू गर्ने घोषणा गरेको जोलीले बताएका छन्।

जौली भारतीय सत्तारुढ दल भाजपाका नेता हुन्। उनी भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीका विषेश सल्लाहकारसमेत रहेका छन्। उनले त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल अन्तर्राष्ट्रिय हवाई उडानका लागि योग्य छैन भन्ने टिप्पणी गर्दै प्रधानमन्त्री र मन्त्रीलाई तत्काल सुधारको कदम चाल्न आग्रह गर्नु गम्भीर विषय हो। भारतीय स्थल सेनाध्यक्ष विपिन राउतले नेपालको सार्वभौमसत्तामा खलल् पुग्ने अभिव्यक्ति दिएलगत्तै जौलीको टिप्पणी सार्वजनिक हुनु पक्कै पनि संयोग हुन सक्दैन। बिमस्टेक सदस्य राष्ट्रका सेना सम्मिलित संयुक्त सैन्य अभ्यासमा नेपालले सहभागिता नजनाएपछि भारतको असन्तुष्टि छताछुल्ल हुन थालेको प्रष्ट भएको छ।

'छिमेक पहिलो' नीतिलाई प्राथमिकता दिएको बताउँदै आएको भारतले नेपाललाई 'विशेष छिमेकी'का रूपमा व्यवहार गर्दै आएको स्वयं भारतीय प्रधानमन्त्री नरेन्द्र मोदी, विदेशमन्त्री सुष्मा स्वराजलगायत अन्य मन्त्री र भाजपा नेताले बताउँदै आएका छन्। तर जौली र राउतका टिप्पणी सार्वजनिक भएपछि बोली र व्यवहार फरक देखिएको छ, सार्वभौम मुलुकमाथिको हस्तक्षेप भएको छ। नेपालबारे एकपछि अर्को विवादास्पद अभिव्यक्ति सार्वजनिक भइरहँदा सरकारले कूटनीतिक माध्यममार्फत भारतीय आधिकारिक धारणा माग्नुपर्छ।

आँसु र अस्मिताको मूल्य

कमला रेग्मी भट्टराई

छोरीलाई जोगाउनै मुश्किल भयो, कत्रो वेदना छ त्यो पीडित परिवारमा। मान्छे जघन्य अपराधमा किन लहसिँदै छ ? बलात्कारजस्तो अपराधका घटना दिनहुँ घटिरहँदा यहाँ छोरी, चेली बालिकाले जोगिनै गाह्रो त पर्दै छैन ? जथाभावीतन्त्र, छाडा चरित्रको पराकाष्ठा... छिःछिः आफ्नै छोराले आमालाई बलात्कार अनि आफ्नै बाबुले छोरीको बलात्कार, यौनशोषण गर्छ ? यो त सोचको पतनको पनि पराकाष्ठा नै भयो। एउटा पशुले पनि यतिको हर्कत त चाहेर पनि नगर्ला। मानिसको चेतनास्तरमा देखिएको खोटमा जेल सजाय, आजीवन कारावास या फाँसी खै, कस्तो सोचको संसार होला ? कञ्चनपुरकी निर्मला पन्तको बलात्कारपछि हत्या गरिएको घटनाको घाउ आलै हुँदा कास्कीकी १३ वर्षीया छात्रा पूजा केसीको बलात्कारपछिको हत्या भएको दुखद् खबरले कानुन र न्यायको धज्जी मात्रै उडेको छैन, मानवता नै धराशायी बन्दै छ। एउटा समाचारले दिल दुःखेकै होइन कहिले कैलालीमा आफ्नै बुबाका साथीबाट बलात्कृत भएका घटना त कहिले काकाबाट, कहिले मामाबाट नाबालिकादेखि किशोरीसम्म बलात्कृत भएका घटनामा बढी त आफन्तैबाट असुरक्षित भइरहँदा ७ दिनमा ६ जना बलात्कृत भएका समाचार छन्। केन्द्रीय बालकल्याण समितिले २०७४ साल चैतदेखि २०७५ असारसम्मका चार महिनामा १ सय १८ जना बलात्कृत भएको तथ्याङ्क पस्केको खबर छ। त्यसमा पनि ९९ जना त बालकै रहेका छन् भने बाँकी ९९ जना वयस्क रहेका छन्।

भदौ १ गतेबाट कार्यान्वनमा आएको मुलुकी अपराध संहिताले बलात्कारपछि हत्यामा आजीवन कारावासको सजाय हुने व्यवस्था गरिएको छ। आज घर, चोक, धारो, पँधेरोमा असुरक्षाका जटिलता छन्। आफन्तै, हाडनाताबाटै निर्घीणी अमानवीय नीच कुकार्य हुन्छ। एउटा व्यक्तिगत सोच, अर्को प्राकृतिक आवश्यकताको कुण्ठा हो-या के हो खै ? आज मानिसमा चेतनाको स्तर बढेको छ भन्ने नै कसरी ? आज बलात्कारका घटना दिनहुँ आउन थालेका छन्। सुन्नै लाजमर्दो, सोच्दा कहालीलाग्दो। एउटी उमेरदार नारी मात्र होइन अबोध बालिका दिनहुँ असुरक्षित छन्। आज कानुन त दह्रो भयो तर चेतना र नैतिकता दिनानुदिन कमजोर छ। आफन्तैसँग विश्वास भएन। सरकार दोषी हो भनौं भने कानुनको हकदार सबै हामी नेपाली जनता पनि त हौं। हास्यास्पद विषय, देशले यहाँ समाजवादउन्मुख जनमुखी कानुनको न्यायको दैलो उघारेका कुराभन्दा न्याय हारेका घटना पेचिला छन्। मान्छेको जिन्दगी र अस्मिताको सवाल हो। समाज कामुक हो भनौं या नग्न हो, त्यो निर्घिणी कर्ममा पोतिएको विषय हो। एउटा पाटो यौनमनोविज्ञानलाई अर्को हाम्रा धार्मिक सुशानलाई प्राचीनताको खोल नओढाऊँ त्यो भन् बलियो कानुन हो। अमानवीय नारीहत्या गर्ने सतीप्रथाको इतिहासलाई कुलीन वर्गले रच्यो। त्यै वर्गका चन्द्रशमशेरले तोडे, गर्व गर्नुपर्छ। तर, यो समाजवादतिर लम्केको स्वतन्त्र मुलुकमा घटना किन यति दर्दनाक बन्दैछन् ? झुमाप्रथा, देउकीप्रथा, छाउपडीजस्ता प्रथाले नारीलाई अपमान गरिरहँदा चुपचाप परम्परालाई स्वीकार गर्नैपर्ने पीडालाई शीतयुद्धले विजय गर्न नसकेको त होइन ? साँच्चै ती बलात्कृत नारी बाँचेर पनि कलङ्कित बन्छिन् भने त्यो आँशु र अस्मिताको मूल्य कति हो ? समाजले कसरी बोध गर्ला। हामी विकृति तोड्न हतियार चलाउँछौं तर प्रेम फिँजाउँदैनौं तब इतिहासले रोपेको विषवृक्षसँग सिद्धान्तको मल दिइरहेका हुन्छौं।

नेपोलियनले भनेका छन्- 'तिमी मलाई असल आमा देऊ म तिमीलाई असल राष्ट्र दिनेछु।' समसत्ताको अपेक्षामा आज पनि हाम्री आमाहरूले किन नारी हक र अधिकारका लागि भिख मागिरहनुपरिरहेको छ, इतिहासले गिज्ज्याइरहेको लाग्छ। नारी दमनका कुरासँग यहाँ अब त मानव अधिकार, गरिबी, बालअधिकारका विषय पेचिलो बन्दै समन्याय हुनुपर्थ्यो तर त्यसो पनि हुन सकेकै छैन। एउटा अबको आवश्यकता त नैतिक शिक्षाको अभाव पनि हो। मानिस अश्लिलताप्रेमी बनेर समाजमा दगुर्दै छ। त्यहाँ कानुनभन्दा बलियो पाप कर्मको मनोविज्ञान छ। मानिसले कामेच्छालाई पूर्ति गर्न मर्यादालाई तोड्ने हर्कतको पनि अत्याचार गर्दै छ। कानुनका पाना जति घोकाइन्छ त्यहाँ सत्यवादी सचेतनामूलक हाम्रा प्राचीन कथा र ज्ञानका विषयलाई समेटे के घाटा हुन्छ ? अर्थात् विज्ञानसँग बाँच्न व्यवहारिक शुद्धता र आदर्श अनुशासन अपरिहार्य शर्त बन्दै गएको कुरा पनि त हो। नारीवादी सोच भनेको पुरुषलाई गाली गर्ने, आफूलाई उग्र रूपबाट प्रस्तुत गर्ने कुनै पद्धति होइन। मार्क्सवादी सोचको प्रभाव पन्यो होला तर नारीवाद भन्ने बित्तिकै पुरुषको दमनका लागि जन्मिएको विचार शिल्प हो भन्न मिल्दैन। पुरुष पनि नारीहिंसाका शिकार नबनेका होइनन्। अन्धविश्वासी जालमा नारीले चेतना नपाएका होलान् नै तर हाम्रो देशले परिवर्तनका ढोका उघार्न राजनीतिमा नारी शक्तिलाई सम्मान गर्ने सचेतना चाहिन्छ। लैङ्गिक हिंसाको अन्त्यका लागि सरकार र विभिन्न संघसंस्थाले विभिन्न खाले कदम चालिरहेको वर्तमान अवस्थामा नारी सशक्तिकरणका आवाज सान्दर्भिक बन्छन्।

बलात्कार गर्ने नरपिसाचलाई मृत्युदण्ड किन हुँदैन ? एउटीलाई घरमा राखेर चार चौरास दगुर्ने कामुकले निम्त्याएको बालअधिकार हनन् र बालहिंसाको मनोविज्ञानलाई बुझ्न सक्ने कानुन स्पष्ट छैन। बालक आमाबाबा भएपै ठुहुरो बनिरहन बाध्य हुन्छ। आज हजारौं बच्चाले बाआमाको माया पाइरहेका छैनन्। बालकले आफ्नो पीडालाई उजुरी दिनै सक्दैन। प्रत्येक विद्यालयले आज अभिभावकको प्रेम नपाएर पीडामा थिल्थिलिएका बालहृदयले आमाबाबाको माया पाउन नसकेका तथ्याङ्क दिन सक्छ। हाम्रो समाज लैङ्गिक समानताका नाममा विकृत र उच्छृङ्खल बन्दै जाँदा त नारी र पुरुष दुवै समस्याका शिकार बनिरहेका हुन्छन्। मनोवैज्ञानिक अशान्तिको ज्वालालाई आफैं रोपेर आफैं पिल्सिइहेका पीडा छन्। युवावर्गमा हेर्दा अन्धो प्रेम गरेर जोसुकैसँग लहसिने अनि यौन क्रियामा संलग्न भई आफ्नो नैतिकता र स्वास्थ्यलाई भत्काएपछि जिन्दगी सोच्ने अज्ञानतासे समाजको पारिवारिक संरचनामा मनोवैज्ञानिक आर्तनाद छ। श्रीमान् श्रीमतीसँग आपसमा विश्वासको वातावरण बन्न नसकेका पीडा नवपरिवारमा हुने, बहुप्रेमका कमजोरी फेला परेका कारण घरबार टुट्नेसम्मका अत्याधुनिक प्रवृत्तिका भयानक विकृति हुन्। यी सबै विषयमा नारी, पुरुष र समाजको एकसाथ भूमिका हुन्छ नै। त्यसमा पनि घर, परिवार, आबद्ध संघ-संस्था र समाजको संरचनाले यी विषयमा प्रभावलाई कम या धेरै हुनेमा भूमिका खेल्न सक्छन्।

आजसम्म पनि देशमा परम्पराले मिच्दा छाउपडीको गोठमा रक्तस्राव भएर पिरोलिरहेकी नारीको वेदना कहालीलाग्दो बनिरहेकै छ। नारीका अदम्य साहसमा सभ्यता जाग्छ, समाजले सुशासनलाई सिक्छ। हरेक परिवारका सपना पूरा गर्ने खुबी नारीशक्तिमा हुन्छ। नारीको जागरण र समानतासँग देशको समृद्धिका सपना बुनिन्छन्। नारीसँग क्रान्ति र शान्तिका लागि बिगुल घन्काउने सक्षमतालाई विकास गर्न समाजसँग भिड्नुपर्छ। स्वतन्त्र नारीसँग केवल विकृतिको लाञ्छना लगाउने हाम्रा संस्कारलाई महिला सशक्तिकरणले चुनौती दिन सक्छ। आधा आकाश ढाकेर मानव सभ्यतालाई जोगाउने खुबी नारीमा हुन्छ। पूर्वीय सनातन परम्पराले नारीमाथि प्रहार गरेको भन्दा पनि संस्कारले थिचेको अवश्य हो। यसो भनिरहँदा नारी समाजमा आजभोलि देखिने तडकभडक र विकृतिपनमा सुध्रिनु आवश्यक छ। उचित पारिश्रमिकको अपेक्षा गर्नुपर्ने बाध्यतासँग समाजले हिर्काएको संस्कारका नीति जोडिएका छन्। नारीको कोख बाँझो हँदा वंश विनास हुन्छ, मातृत्व चुँडिन्छ, प्रेममा पागलपना उत्पन्न हुन्छ। छोरालाई राम्रा कपडामा सजाएर विद्यालयमा विद्वान् बनाइने छोरीलाई डोको नाम्लो बोकाएर पखेरीमा घाँस दाउरामा सदाइने संस्कार अब बदलिएफैं पनि नलागेको होइन। यति हुँदाहुँदै अब वास्तवमा जनचेतना, सुशिक्षाका कथा, संस्कारका विषयलाई बच्चैदेखि सिकाइनु आवश्यक छ। अन्धो कामुकताभित्रको मनोविज्ञानमा सत्यताको अभाव छ, मानवीय लाञ्छना मिचेकालाई कानुनले पक्षपोषण गर्छ भने सामाजिक न्यायको लय कसरी गुज्जिएला ?

आज मानिस जति शिक्षित छ त्यति हिजो थिएन। आज आएर नारीहरू असुरक्षित हुने खतरा जति बढेको छ, त्यति हिजो थिएन। गलत मानसिकताले समाज आज कलुषित बनिरहेकै छ। तर, नारी जाति भनिसक्दा पराई घर जाने भन्ने सोच नबदलिनु समस्या हो। छोरीको जन्ममा दुःख मान्ने समाजकै बीचमा अझै हामी बाँचेका छौं। आज त छोराहरू काममा व्यस्त हुन्छन्, विदेश जान्छन्, आमाबाबालाई अप्ठ्यारोमा सहयोग गर्न तिनै पराइ घरकी छोरी आइपुग्छिन्। छोरी बूढेसकालको सहारा बन्छिन्। यी विषय व्यावहारिकता र भावनात्मकतामा आधारित हुन्छन्। वास्तवमा नारी पनि अब परनिर्भर बन्नुहुन्न। हो नारीले पनि पारिवारिक विखण्डन मच्चाउनुहुन्न। नेपालमा नारीलाई वाङ्मय, वेद, पुराणमा उच्च सम्मान गरिएका प्रसङ्ग छन् तर संस्कार, अन्धविश्वास र रुढीवादी सामाजिक संरचनाले अपमान र अमानवीय व्यवहार पनि गरेको छ। नारी शोषणको खतरा आज अशिक्षितमा जति देखिन्छ शिक्षितमा कति दमित होला त ? यसमा एक त फेसनेबल हुने प्रवृत्ति अर्को अत्याधुनिकता, फिल्मी संसारबाट लिएको गलत बुझाइको सन्देशात्मक प्रभाव र असचेततको घुलन नै हो। आजको यस्तो चेतनशील वैज्ञानिक युगमा आएर पनि नारी हकका विषयलाई माग्नुपर्ने, नारी हिंसा गरिने, नारी भोग्या होइनन् भन्नुपर्ने लाजमर्दो होइन र। आखिर हिंसा त हिंसै हो, चाहे नारीलाई होस् या पुरुषलाई तर बलात्कृत बच्ची, युवती, अर्धबैंसे या त अरू जो हुन् तिनको आँशुको मूल्य कति हुन्छ ?

> मानिस अश्लिलताप्रेमी बनेर समाजमा दगुर्दै छ। त्यहाँ कानुनभन्दा बलियो पाप कर्मको मनोविज्ञान छ। मानिसले कामेच्छालाई पूर्ति गर्न मर्यादालाई तोड्ने हर्कतको पनि अत्याचार गर्दै छ। कानुनका पाना जति घोकाइन्छ त्यहाँ सत्यवादी सचेतनामूलक हाम्रा प्राचीन कथा र ज्ञानका विषयलाई समेटे के घाटा हुन्छ ?

पाठक पत्र

पिकअप भ्यानलाई तह लगाऊ

यातायात व्यवस्था ऐन २०४९ ले व्यक्तिगत तथा सार्वजनिक प्रयोजनका लागि चलाइएका पिकअप भ्यानलाई अनुशासनमा राख्न गर्न हुने र नहुने कार्यहरू निर्धारण गरेको छ। रातो प्लेट बनाएर व्यक्तिगत तथा व्यावसायिक प्रयोजनका लागि लिइएका र कालो प्लेट बनाएर सार्वजनिक प्रयोजनका लागि लिइएका पिकअप भ्यानहरूले कानुनको पालना गर्नुपर्ने भए पनि सीधा कानुनको उल्लंघन गरेको पाइन्छ। ऐन व्यवस्था भएअनुसार तोकिएभन्दा धेरै यात्रु ओसारपसार गर्न नपाइने, भ्यानको छत राखेर सामान राख्न नपाइनेलगायतका व्यवस्था भए पनि बागलुङलगायत आसपासका ग्रामीण सडकमा गुड्ने पिकअप भ्यानले निर्बाध यस्ता बाध्यकारी नियमहरूको उल्लंघन गरिरहेका छन्।

जिल्लामा सञ्चालनमा रहेका पिकअप भ्यानमध्ये औंलामा गन्न मिल्नेले मात्रै छत नराखेको भेटिन्छ। सामान ओसारपसार प्रयोजनका लागि उत्पादकले ढालासहितको भ्यानको निर्माण गरेको भए पनि पछिल्लो समय पिकअप भ्यानहरू सामान ओसारपसारमा भन्दा सार्वजनिक यातायात जस्तै यात्रु ओसारपसारमा लागेका छन्।

ऐनमा व्यवस्था भएअनुसार पिकअप भ्यानले मान्छे ओसारपसार गर्न पाउँदैनन् तर ५ सिट (ड्राइभरसहित) क्षमता रहेका भ्यानहरूले ८ जनासम्म यात्रु बोक्दै आएका छन्। यातायातसम्बन्धी कानुन कार्यान्वयन गराउने निकायसँग मिलेर व्यवसायीले कानुन विपरीतका काम गर्दै आएका हुन्। यातायात व्यवस्था ऐनको कार्यान्वयन गराउने मुख्य जिम्मेवारी भनेको ट्राफिक प्रहरीको हो। यातायातसम्बन्धी ऐन कानुनको विषयमा जानकार रहेको ट्राफिक प्रहरी मुकदर्शक बनेका कारण यातायात क्षेत्रमा यस्ता खालका प्रवृत्तिहरू मौलाउँदै गएका छन्।

पछिल्लो समय गाउँगाउँमा पुगेका कच्ची सडकमा अन्य सार्वजनिक यातायातका साधनको पहुँच नहुने र पिकअप भ्यानको पहुँच सहज हुने भएकाले सर्वसाधारणलाई सुविधा दिने बहानामा कानुनको ठाडो उल्लंघन भइरहेको छ। यातायात व्यवस्था ऐन उल्लंघन भएको खण्डमा वा ट्राफिक नियम पालना नगरेको खण्डमा त्यस्ता सवारी साधन र सवारी चालक तथा मालिकहरूलाई कारबाही गर्ने अधिकार ट्राफिक प्रहरीलाई हुन्छ। तर आफ्नै आँखाअघि ट्राफिक प्रहरीका पोस्टको बाटो हुँदै ८ जना यात्रु र छतमा सामान राखेका पिकअप भ्यानहरू आवतजावत गर्दा समेत आँखा चिम्लेको ट्राफिक प्रहरीमाथि शंका गर्ने ठाउँहरू उब्जेका छन्।

आफूलाई सहज भएको बेलामा सबै कानुनको माया मारेर यस्ता सवारी साधन निर्बाध चल्न दिने र असहज भएको अवस्थामा अथवा त्यस्ता खालका गाडीका चालक तथा मालिकसँग रिस उठेको अवस्थामा फेरि तिनै कानुनका बाध्यकारी व्यवस्थालाई उब्जाएर कारबाहीका लागि राजस्व लिने प्रवृत्ति प्रहरीले सुधार गर्न आवश्यक छ। यातायात व्यवस्था ऐनले व्यवस्था गरेअनुसारको नियम पालना नगर्दा कानुनको उपहास मात्रै भएको छैन् जोखिम पनि बढेको छ। जबरजस्ती राखिएका सिटहरूमा कोचाकोच गरेर चालकले ब्रेक र गियर परिवर्तनसमेत गर्न नमिल्ने गरी यात्रु राख्दा दुर्घटनाको सम्भावनासमेत बढी हुने गरेको छ। यातायात क्षेत्रको एउटा पाटो पिकअप भ्यानमा देखिएको खतरापूर्ण अनियमितताको नियन्त्रण गर्न सरोकारवाला निकायले समयमै ध्यान पुऱ्याउन जरुरी छ।

- रमिता केसी, हाल : काठमाडौं।

बुद्धको सम्मान गरौं

३७औं अन्तर्राष्ट्रिय शान्ति दिवस विश्वभर मनाउँदा यसका प्रवर्तक महामानव गौतम बुद्धको शान्तिको सन्देश आजपर्यन्त उत्तिकै महत्त्वपूर्ण मानिन्छ। सन् १९८१ मा संयुक्त राष्ट्र संघको महासभाले आह्वान् गरेअनुरूप सन् १९८२ देखि मनाइँदै आएको यो दिवस सन् २००२ देखि सेप्टेम्बर २१ मा मनाउन थालिएको हो। नेपालमा विसं २०६३ मंसिर ५ मा भएको विस्तृत शान्ति सम्झौताको भावना र मर्मलाई आत्मसात् गर्दै सशस्त्र द्वन्द्वको विधिवत् अन्त्य भएको खुसीयालीमा २०६५ सालदेखि यो दिवस मनाउन शुरू गरिएको हो।

यस वर्ष 'शान्ति, सुरक्षा, सम्मान र स्वाभिमानका लागि सँगसँगै' भन्ने नारासहित शान्ति दिवस मनाइँदै छ। विश्व समुदायमा शान्तिको कामनासहित यो दिवस मनाइन शुरू गरिए पनि विश्व समुदाय विभिन्न द्वन्द्व र युद्धका कारण आक्रान्त बनिरहेको छ। विश्वयुद्धपश्चात् पनि युद्ध र यसका अवशेषहरूको अन्त्य नभइसकेको परिप्रेक्ष्यमा युद्ध रोकेर शान्ति स्थापना गर्ने मूल ध्येयका साथ विश्व जगतले जति ठूलो धनराशी खर्च गर्दै छ, त्यसको कयौं गुना बढी शस्त्रको होडबाजी, आणविक अस्त्र परीक्षण र युद्धमा खर्च भइरहेको छ।

नेपालमा सशस्त्र युद्धको समाप्ति भई देश राजनीतिक परिवर्तनपश्चात् नयाँ युगमा प्रवेश गरिसकेको सन्दर्भमा विभिन्न खाले हत्या-हिंसा, बलात्कार, अपहरण, लुटपाट, चन्दा असुलीलगायतका गतिविधिमा बढोत्तरी भइरहेको छ। दुईतिहाइको बहुमतप्राप्त सरकारले पनि हत्या-हिंसा, बेथिति, भ्रष्टाचार, अनियमितता र अराजकता न्यूनीकरण गर्न सकेको छैन। जनताको संविधानसमेत जारी भई कार्यान्वयन भइसक्दासमेत नेपाली जनताले शान्ति, सुरक्षा, सम्मान र स्वाभिमान हासिल गर्न सकिरहेका छैनन्। विश्वमा किन र के कारणले हिंसा बढिरहेको छ? यसलाई रोक्न भइरहेका प्रयास किन सार्थक हुन सकेका छैनन्? शान्ति दिवसमा बहस हुनुपर्ने सवाल हो यो। शान्ति, अहिंसा, मानव अधिकार र लोकतन्त्र एकअर्कामा परिपूरक हुन्छन्। लोकतन्त्र र मानव अधिकारको जगमा नै शान्ति स्थापना हुन्छ भन्ने सत्यलाई सरकारले आत्मसात् गर्न सकिरहेको छैन। नेपालमा सरकारका गतिविधि नै अशान्ति र हिंसातर्फ उन्मुख भइरहेको प्रतीत हुन्छ। किनभने, न्याय माग्दा सरकारले गोली ठोकेर हिंसा गर्छ। त्यसको दृष्टान्त कञ्चनपुरको निर्मला पन्त हत्या प्रकरणबाटै पुष्टि भइसकेको छ। गोली र दमनबाट शान्ति स्थापना हुन्छ भन्ने सोच्नु मूर्खतासिवाय केही हुन सक्दैन।

शान्तिको अधिकार अन्तर्राष्ट्रिय कानुनको अभिन्न अंग मानिन्छ। मानव अधिकार शान्तिपूर्ण अवस्थामा मात्रै उपभोग गर्न सकिन्छ। जनताको शान्तिपूर्ण अधिकारको रक्षा गर्नु राज्यको कर्तव्य हो। जनताले शान्तिको अधिकार प्राप्त गर्नु भनेको कानुनी राज्य स्थापना हुनु पनि हो। र, हरेक विवादको शान्तिपूर्ण तरिकाबाटै समाधान खोज्नु यसको मूल विशेषता हो। नेपालमा दशवर्षे सशस्त्र द्वन्द्वको शान्तिपूर्ण तवरबाटै समाधान भएको थियो। सहमति, सहकार्य र एकताबाट जस्तोसुकै द्वन्द्वलाई शान्तिमा परिणत गर्न सकिँदोरहेछ भन्ने दृष्टान्त हामीले ०६३ को शान्ति सम्झौताबाट लिन सक्छौं।

यद्यपि, द्वन्द्वका बाछिटा अझै बाँकी छ। भविष्यमा सशस्त्र द्वन्द्वको अभ्यास नहोस् भन्नाका खातिर गौतमबुद्धको शान्तिको सन्देश झनै औचित्यपूर्ण बन्न पुगेको छ। नेपालको शान्ति प्रक्रिया विश्वकै लागि अनुकरणीय विषय हुँदाहुँदै पनि गौतमबुद्धकै देशमा अशान्तिका अवशेषहरू रहनु दुर्भाग्य हो। विश्व अहिले हिंसा र शान्तिको दोसाँधमै जकडिएको छ। शान्ति चाहने तर व्यवहारमा हिंसा गर्ने प्रवृत्तिले विश्व शान्तिमा चुनौती खडा भएको छ। शान्ति हाम्रो संस्कृति भएकाले हरेकको मनमस्तिष्कबाट हिंसाको अन्त्य गर्न सके समाजमा शान्ति स्थापना गर्न सकिन्छ। समाजमा शान्ति हुन सके शान्ति दिवस मनाउनुको पनि सार्थकता हुने छ।

- राजाराम कार्की, काठमाडौं।

सामाजिक सञ्जाल

निजगढ विमानस्थलसंग जोडिएका जायज चिन्ता, चासो र सरोकारलाई हामी सम्मान गर्छौं। नागरिकहरुबीच हुने छलफल, बहसले निर्माणलाई सहयोग पुग्नेछ। तर, परियोजना बन्न नदिने नियतबाट हुनसक्ने चलखेलप्रति सबै सचेत हुनुपर्छ। विमानस्थल निर्माणमा सबैको सहयोग अपरिहार्य छ।

Rabindra Adhikari
@RabindraADH

मन्त्रिपरिषद्लाई कागजविहीन बनायौ, ठीक थियो।

- मतिहीन शासकलाई कपटविहीन बनाएनौ।
- इमानहीन कर्मचारीलाई छलविहीन बनाएनौ।
- भिजनहीन राजनीतिलाई स्वार्थविहीन बनाएनौ।
- आशाहीन जनतालाई शोक र भोकविहीन बनाएनौ।
- गतिहीन शिक्षा र स्वास्थ्यलाई व्यापारविहीन बनाएनौ।

अब भन अरिगालज्यू, म हाँसूँ ?

Lenin Banjade
@lendaai

२०७५, असोज
आइतबार
७

'कर्मीमौरीभैं एकजुट भएर काममा लाग्नुहोस्। सबैको संयुक्त मेहनतले देश निर्माण हुन धेरै समय लाग्दैन' - प्रधानमन्त्री ओलीले भन्नुभयो।

नेपाल

विश्व सम्पदा सूचीमा रहेको भक्तपुरको प्रसिद्ध चाँगुनारायण मन्दिरको जीर्णोद्धार कार्य सम्पन्न भएको छ । भूकम्पले क्षतिग्रस्त भएको मन्दिरको जीर्णोद्धार कार्य सम्पन्न गरी संस्कृति पर्यटन तथा नागरिक उड्डयन मन्त्री रवीन्द्र अधिकारीको उपस्थितिमा क्षमा पूजा गरिएको थियो । पुरातत्त्व विभागले ८० लाखको बजेटमा रेट्रोफिटिङ प्रविधिबाट जीर्णोद्धार कार्य सम्पन्न गरेको हो । *तस्वीर : नेपाल समाचारपत्र*

नेता कार्यकर्तालाई मिहिनेती बन्न प्रधानमन्त्री ओलीको निर्देशन

नेपाल समाचारपत्र

काठमाडौं

प्रधानमन्त्री केपी शर्मा ओलीले पार्टीका नेता कार्यकतालाई मौरीजस्तै मिहिनेती बन्न निर्देशन दिनुभएको छ ।

वाम नेतृ साहाना प्रधानको चौथो स्मृतिसभालाई शनिबार पार्टी केन्द्रीय कार्यालय धुम्बाराहीमा सम्बोधन गर्दै प्रधानमन्त्री ओलीले यस्तो निर्देशन दिनुभएको हो।

प्रधानमन्त्री ओलीले कर्मीमौरीकोभैं मिहिनेतले मात्र देश विकास हुने बताउनुभएको छ। 'कर्मीमौरीभैं एकजुट भएर काममा लाग्नुहोस्। सबैको संयुक्त मेहनतले देश निर्माण हुन धेरै समय लाग्दैन' -प्रधानमन्त्री ओलीले भन्नुभयो।

प्रधानमन्त्री ओलीले आफ्नो स्वार्थभन्दा देशको स्वार्थलाई केन्द्रमा राखेर काम गर्न सबैलाई सुझाउनुभएको छ। 'आफ्ना आग्रह, पूर्वाग्रह छाडौं, आफ्नो होइन देशको स्वार्थलाई ध्यान दियौं भने देश विकास हुन धेरै समय लाग्दैन' -प्रधानमन्त्री ओलीले भन्नुभयो।

प्रधानमन्त्री ओलीले विगतमा वामपन्थीको भूमिकालाई निस्तेज पार्ने प्रयास भएकोले देश लामो समय पछाडि परेको बताउनुभयो।

'वामपन्थीको भूमिकालाई कांग्रेसले स्वीकारेको भए २०१७ सालमा पञ्चायत स्थापना हुन सक्ने थिएन', प्रधानमन्त्री ओलीले भन्नुभयो- 'फेरि पनि वामपन्थी सुझाव मानेको पञ्चायत यति लामो समय रहने थिएन। '

नेपालको वामपन्थी आन्दोलनमा साहाना प्रधानको भूमिका अग्रणि रहेको प्रधानमन्त्री ओलीको भनाइ छ। साहानालाई महिला आन्दोलनकी नेतृको रुपमा मात्र हेर्नु उपयुक्त नहुने प्रधानमन्त्रीको भनाइ छ।

'उहाँ नेपालको राजनीतिक र सामाजिक आन्दोलनको अग्रणि नेतृ हो', प्रधानमन्त्री ओलीले भन्नुभयो- '२०४६ सालको जनआन्दोलनमा उहाँको भूमिकाले नै नेपालमा जनताका अधिकार पुनर्बहाली गर्न सजिलो भएको हो।'

पहिलो पटक सर्वजातीय कन्यापूजा

काठमाडौं, (नेस)

नेवार समाजमा प्रचलित कुमारी पूजालाई महावीर भजन मण्डल र कपाली परिवारको पहलमा पहिलो पटक सार्वजातीय सामूहिक पूजा मनाइएको छ।

१ सय ८ कन्यालाई माछा, अन्डाको सगुन दिइएको थियो भने शाकाहारी र तागाधारी कन्यालाई लड्डु, पेंडा र फलफूल सगुन दिएर कन्यापूजा थालिएको थियो। ईन्द्रजात्राको अवसरमा शनिबार ललितपुरको कुपन्डोलमा आयोजित सामूहिक कन्यापूजामा नेवार, क्षत्री, ब्राहमण, थारु, मधेसी, मगर, राई थरका २ देखि ९ वर्षसम्मका कन्या सहभागी थिए।

नेवार समाजमा ईहि, वाहा राख्नुअघि कन्यालाई सामूहिक पूजा गर्ने संस्कार भए पनि अन्य समुदायले पनि चासो लिन थालेपछि सर्वजातीय कन्यापूजा थालिएको कार्यक्रम संयोजक निरज तण्डुकारले बताउनुभयो। 'विनाभेदभाव हामीले पहिलोचोटी सर्वजातीय कन्यापूजा थालेका हौं, यसलाई आगामी दिनमा पनि निरन्तरता दिनेछौं' -उहाँले भन्नुभयो।

कपाली समाजका पूर्वअध्यक्ष शंकरप्रसाद दर्शनधारीका अनुसार नेवार भए पनि कपाली समाजमा ईहि वारा राख्ने परम्परा छैन, तर कन्यापूजामा भने कपाली कन्यालाई पनि सहभागी गराइन्छ।

कुलेश्वर आवासमा मोति जयन्ती

काठमाडौं, (नेस) कुलेश्वर आवास परिवार कल्याण संस्था साहित्य कला संस्कृति समाजद्वारा आयोजित युवा कवि मोतिराम भट्टको १५३औं जन्मजयन्ती विभिन्न कार्यक्रम गरी मनाइयो।

कुलेश्वर आवास क्षेत्रमा रहेका ४ वटा माध्यमिक विद्यालयका कक्षा १० मा अध्ययनरत विद्यार्थीबाट 'भाषा र साहित्यले राष्ट्रिय एकता र अखण्डतामा पुऱ्याउने योगदान' विषयक वक्तृत्वकला प्रतियोगिता सम्पन्न भयो। उक्त प्रतियोगितामा प्रथम, द्वितीय र तृतीय हुने विद्यार्थीलाई प्रमुख अतिथि प्राडा सुकुम शर्मा र संस्थाका अध्यक्ष लोकनाथ पोखरेलबाट प्रमाणपत्र र नगद पुरस्कार वितरण गरिएको थियो। साथै सहभागिता जनाउनुहुने सबै विद्यालयलाई प्रशंसापत्र प्रदान गरिएको थियो।

सोही अवसरमा प्रमुख अतिथि प्राडा सुकुम शर्माले मोतिराम भट्टको प्रेरणाको स्रोतबाट आफूलाई साहित्यिक कृति लेख्ने प्रेरणा मिलेको कुरा व्यक्त गर्नुभएको थियो। अतिथि वरिष्ठ साहित्यकार प्राडा कृष्णप्रसाद घिमिरे, प्रा.विधान आचार्य, स्नेह सायमी, युवराज न्यौपाने, ज्येष्ठ नागरिक मिलन केन्द्रका संयोजक कृष्णमुरारी शर्माले मोतीराम भट्टको भाषा साहित्य र जीवनीमाथि प्रकाश पार्नुभएको थियो।

नेपाल-कोरिया मैत्री नगरपालिका अस्पतालमा फार्मेसी सेवा शुरू

भक्तपुर, (नेस)

भक्तपुरको मध्यपुर थिमि नगरपालिकाले सञ्चालन गरेको नेपाल-कोरिया मैत्री नगरपालिका अस्पतालको आफ्नै फार्मेसीको उद्घाटन तथा रेडियोलोजी ब्लक निर्माणको शिलान्यास भएको छ।

नेपाल-कोरिया मैत्री नगरपालिका अस्पतालको रेडियोलोजी ब्लक निर्माणको मध्यपुर थिमि नगरपालिका प्रमुख मदनसुन्दर श्रेष्ठले शिलान्यास गर्नुभयो। स्वास्थ्यमा नागरिकको सहज पहुँच अभिवृद्धि गर्ने उद्देश्यले सेवा विस्तार गर्न अस्पतालले ब्लक निर्माण गर्न लागेको नगरप्रमुख श्रेष्ठले बताउनुभयो।

अस्पतालले सहुलियतरुपमा औषधि सेवा प्रदान गर्न फार्मेसीको समेत शुभारम्भ गरेको जनाएको छ। यसअघि निशान फार्मेसीले अस्पतालभित्र भाडामा सञ्चालन गर्दै आएकामा नागरिकलाई सहुलियत औषधि बिक्री गरी सेवा प्रदान गर्न अस्पतालले आफ्नै फार्मेसी सेवा शुरु गरेको नगरप्रमुख श्रेष्ठले बताउनुभयो।

उहाँले भन्नुभयो- 'अस्पतालका कर्मचारीको सेवासुविधा सरकारी स्केलअनुसार वृद्धि गरेका छौं, तलब वृद्धि भएपछि सहज सेवा उपलब्ध नभए कर्मचारीलाई कारबाही गरी हायर एन्ड फायरको नीति लिएका छौं, ४ करोडमा सुविधासम्पन्न एम्बुलेन्स ल्याउँदैछौं, ७ करोडको लागतमा सीटी स्क्यान मेसिन ल्याउने प्रक्रिया शुरु भएको छ।'

अस्पतालका लागि नगरपालिकाले १ करोड रुपियाँ अनुदान दिएको बताउँदै उहाँले नगरपालिकाले अनुदान र १ प्रतिशत ब्याजमा ७ करोड ऋण गरी कुल ८ करोड ५० लाख रुपियाँ अस्पताललाई दिइने बताउनुभयो। उहाँले नागरिकको सहज स्वास्थ्य सेवाको पहुँच पुग्ने गरी सुविधासम्पन्न अस्पतालका रुपमा विकास गर्दै सानो वीर अस्पतालको रुपमा अगाडि बढाउने लक्ष्यका साथ कार्यक्रम ल्याएको बताउनुभयो।

लागूऔषधसहित १० जना प्रहरी नियन्त्रणमा

काठमाडौं, (नेस)

काठमाडौंका विभिन्न स्थानबाट लागूऔषध ब्राउन सुगर र नियन्त्रित लागूऔषधसहित शुक्रबार १० जनालाई छुट्टाछुट्टै स्थानबाट प्रहरीले पक्राउ गरेको छ।

चाागल बस्ने रौतहट चन्द्रपुर नगरपालिका-९ चपुरकी सुनिता चौधरी, काठमाडौं माछापोखरी बस्ने उदयपुर चौदण्डी नगरपालिका-४ की मनीषासहित ४ जनालाई नियन्त्रित लागूऔषध डाइजेल्याब २ सय एम्पुल, फेनारगन २ सय एम्पुल र नुर्फिन २ सय एमपुल तथा नगद २५ हजार रुपियाँसहित प्रहरीले बल्खुबाट पक्राउ गरेको हो।

यसैगरी काठमाडौं बुढानीलकण्ठ नगरपालिका-११ खरीबोट बस्ने ओखलढुंगाका विजय सुवेदी, बौद्ध चुच्चेपाटी बस्ने दोलखा सोलुडका पवन तामाङलाई नियन्त्रित लागूऔषध डाइजेपाम २५ एम्पुल, फेनारगन २५ एमपुल, नुर्फिन २५ एम्पुल, नगद ३ हजार रुपियाँ, ल्यापटप १ थान र मोबाइल ७ थानसहित बुढानीलकण्ठ नगरपालिका-११ खरीबोटबाट प्रहरीले पक्राउ गरेको हो।

यसैगरी काठमाडौं महानगरपालिका-१७ क्षेत्रपाटीबाट सिन्धुपाल्चोक मेलम्ची नगरपालिका-२ घर भएका ३५ वर्षीय आयुक्तमान लामा, कास्की पोखरा घर भएका २१ वर्षीय विकाश शर्मा र बागलुङ कुश्मीशेरा घर भएकी २१ वर्षीया पूजा खत्रीलाई लागूऔषध खैरो हिरोइन ३ ग्राम, फेनारगन ६१ एम्पुल, डाइजोल्याप ६१ एम्पुल, लुप्रिजेसिक ६१ एम्पुल, नगद ३२ हजार रुपियाँ, देवेन्द्र बुढाथोकीको नामको राहदानी र बा१२च ४८९९ नम्बरको कारसहित शनिबार प्रहरीले पक्राउ गरेको छ।

यसैगरी काठमाडौं महानगरपालिका-६ बौद्ध बस्ने मोरङ पथरीका नगेन्द्रकुमार श्रेष्ठलाई अवैध लागूऔषध ब्राउन सुगर ५ वटा पोकामा रहेको ८ ग्राम र नगद ४ हजार रुपियाँसहित काठमाडौं महानगरपालिका-६ बौद्धबाट प्रहरीले पक्राउ गरेको हो।

रेडपान्डाको छालासहित पक्राउ

काठमाडौं, (नेस)

वन्यजन्तु चितुवाको छाला र रेडपान्डाको छालासहित २ जनालाई काठमाडौंका छुट्टाछुट्टै स्थानबाट शुक्रबार प्रहरीले पक्राउ गरेको छ।

म्हेपी पुलनजिकबाट लमजुङ बेंसीशहर नगरपालिका घर भएका पमबहादुर तामाङलाई चितुवाको छाला १ थानसहित प्रहरीले पक्राउ गरेको हो।

यसैगरी काठमाडौं महानगरपालिका-१६ बालाजु बाइपास रोडबाट काठमाडौं नेपालटार शेषमती बस्ने रसुवा वाासभन्ज्याङका २८ वर्षीय भीमलाल गोलेलाई ३ थान रेडपान्डाको छालासहित प्रहरीले पक्राउ गरेको हो।

लायन्सको भूमिका अपरिहार्य

काठमाडौं, (नेस) । लायन्स क्लब अफ लर्ड बुद्धलगायतको इन्स्टलेसन एन्ड इन्डक्सन कार्यक्रम एक समारोहबीच सम्पन्न भएको छ।

सो अवसरमा समाजसवाको क्षेत्रको महत्त्वपूर्ण योगदान पुऱ्याउँदै आएका विभिन्न क्लबले गत वर्ष गरेका कार्य र आगामी वर्ष गर्ने कार्यका बारेमा जानकारी गराएका थिए।

कार्यक्रमका प्रमुख अतिथि सशस्त्र प्रहरी बलका महानिरीक्षक शैलेन्द्र खनालले संकट परेको बेला आकस्मिक सहयोगलगायत समाज सेवाको क्षेत्रमा लायन्स क्लबले गर्ने गरेको सहयोग प्रशंसनीय रहेको बताउनुभएको छ। उहाँले आगामी दिनमा नागरिको सेवाका लागि सशस्त्र प्रहरी बल र लायन्स क्लब मिलेर पनि काम गर्न सकिने उल्लेख गर्नुभएको छ।

लायन्स क्लब लर्ड बुद्धका अध्यक्ष विष्णुप्रसाद भण्डारीको अध्यक्षतामा भएको कार्यक्रममा डिस्टिक गभर्नर अशोक श्रेष्ठ, लायन लिडर धनराज आचार्य, राजन लम्साल, इन्दु लम्साल, राजेन्द्र अधिकारी, मानबहादुर रोक्का, युक्त श्रेष्ठ, भीम पौड्याल, मञ्जरी खरेल, लीला खरेल, महेन्द्र पौडेललगायतको विशेष उपस्थितिमा आँखा नदेख्नेलाई सेतो छडी, खुट्टा नटेक्नेका लागि हिवल चेयर वितरण गरिएको थियो।

कार्यक्रममा सविना भण्डारी, आनिश श्रेष्ठलगायतको समूहले आकर्षक सांस्कृतिक कार्यक्रम प्रस्तुत गरेका थिए। त्यसैगरी लर्ड बुद्धले असोजको दोस्रो हप्ता गुल्मीमा २ दिने बृहत् स्वास्थ्य शिविर पनि सञ्चालन गर्ने भएको छ।

सिनेमा कर्नर

अग्नि यातायात प्रा. लि.

दिवा सेवा काठमाडौंबाट बिहान ८ बजे पोखरा ८ बजे
रात्री सेवा काठमाडौं काँकडभिट्टा र धरान
फो. नं. ०१-५२२५०३३
मो. नं. ९८४१५७८६९७ (शम्भु)

माउन्ट मकालु यातायात सेवा

काठमाडौं-बिर्तामोड-ताप्लेजुङ
प्रस्थान दिउँसो २ बजे
केन्द्रीय कार्यालय, कलंकी
सम्पर्क फोन : ०१-५२२५१७२, ५२२५२५२, ५२२५१२३

आजको राशि

ज्यो. चन्द्रेश शर्मा

मेष : आर्थिक लाभ, खाद्यान्न प्राप्ति, पारिवारिक सुख-सन्तोष।
वृष : सानो प्रयासले पनि काम बन्ने, हर्ष वृद्धि।
मिथुन : राज्यबाट लाभ, मान-प्रतिष्ठा वृद्धि, पढाइमा सफलता।
कर्कट : स्वास्थ्य समस्या, खर्च वृद्धि, काममा बाधा।
सिंह : धन लाभ, कार्य सफल, उपहारादि वस्तु प्राप्ति।
कन्या : आर्थिक लाभ, प्रतिस्पर्धात्मक क्षेत्रमा विजय, शत्रु हानि।
तुला : कार्य सिद्धि, धन प्राप्ति, पारिवारिक सुख, रोमाञ्च।
वृश्चिक : वायुजन्य रोगको सम्भावना, व्यर्थको दौडधुप, तनाव।
धनु : राम्रो आम्दानी, मान-सम्मान, अधुरा कार्य पूरा।
मकर : धन-सम्पत्ति प्राप्ति, रोमान्टिक यात्रा, जोश-जागर वृद्धि।
कुम्भ : मिष्ठान्न भोजन, कतैबाट स्वागत-सत्कार, हर्षविभोर।
मीन : आर्थिक नोक्सानी, स्वास्थ्य समस्या, वादविवाद।

नेपाल समाचारपत्र

www.newsofnepal.com

2018, SEP
Sunday
23

नेपाल

{ २४ वर्षदेखि लिंकन स्कुललाई भाडामा दिइएको उक्त जग्गा पुनः भाडामा दिन स्कुलले गत भाद्र ७ गते टेन्डर खोलेको थियो।

श्रीमान्को कुटाइबाट श्रीमतीको मृत्यु

बागलुङ, (नेस)

बागलुङको ताराखोला गाउँपालिका-२ मा श्रीमान्को कुटाइबाट ७० वर्षीया १ वृद्धाको मृत्यु भएको छ।

सामान्य घरायासी विवादको क्रममा मादकपदार्थ सेवन गरेका ६६ वर्षीय देउप्रसाद छन्त्याललले लठ्ठी प्रहार गर्दा उनकी ७० वर्षीया श्रीमती तुलमाया छन्त्यालको मृत्यु भएको हो। असोज ५ गते साँझ मादकपदार्थ सेवन गरेर आएका देउप्रसादले तुलमायाको टाउकामा लौराले हानेका थिए।

उनको कुटाइबाट घाइते भएकी तुलमायालाई प्राथमिक स्वास्थ्य केन्द्र हरिचौरमा ल्याइएको भए पनि उपचारका क्रममा मृत्यु भएको जिल्ला प्रहरी कार्यालय बागलुङका प्रहरी निरीक्षक गोपिन्द्रबहादुर खड्काले बताउनुभयो। शुक्रबार नै देउप्रसादलाई प्रहरीले स्वास्थ्य चौकीबाट नियन्त्रणमा लिएको छ।

स्कुलको जग्गा भाडामा नलगाउन आदेश

नेपाल समाचारपत्र

काभ्रे

पूर्णकुमारी राणाले जनप्रभात माविलाई दिएको कलंकीको ८ रोपनी ८ आना जग्गा भाडामा नलगाउन सर्वोच्च अदालतका न्यायाधीश पुरुषोत्तम भण्डारीको एकल इजलाशले अन्तरिम आदेश जारी गरेको छ।

२४ वर्षदेखि लिंकन स्कुललाई भाडामा दिइएको उक्त जग्गा पुनः भाडामा दिन स्कुलले गत भाद्र ७ गते टेन्डर खोलेको थियो। विद्यालयको जग्गा भाडामा नलगाउन सर्वोच्च अदालतले प्रतिपादन गरेको नजिरको अवज्ञा गर्दै विद्यालयले जग्गा भाडामा दिन टेन्डर खोलेकाले टेन्डर रोक्न अन्तरिम आदेशको माग गर्दै अधिवक्ता शान्ता पन्त र जनजागृत मावि, महाँकाल काठमाडौंका शिक्षक कुमार लामाले २०७५ भाद्र ४ गते बिहीबार उत्प्रेषण मुद्दा दायर गरेका थिए। रिट निवेदक शान्ता पन्तले विद्यालयलाई चउर बनाउन, बाल उद्यान बनाउन, भवन बनाउनका लागि दिएको जग्गा भाडामा लगाई विनादरबन्दीका शिक्षक/कर्मचारी नियुक्ति गरी तलब भत्ता खुवाएकाले विनादरबन्दीका शिक्षक कर्मचारीको नियुक्ति बदर गर्न र आइन्दा विनादरबन्दी शिक्षक कर्मचारी नियुक्त गर्न रोक लगाउनसमेत रिटमा माग गरेकी थिइन्।

सर्वोच्च अदालतको यस घि काठमाडौं जिल्ला काठमाडौं महानगरपालिका-१३ स्थित जनप्रभात माविले पूर्णकुमारी रानाले दान दिएको सार्विक कालिमाटी गाविस वडा नं. ७ ख को किनं १०२ क्षे.फ. ८-८-०-० जग्गा १० वर्षका लागि भाडामा लगाउन २०७५ भदौ ७ गते गरेको सूचनाविरुद्ध उच्च अदालत रिट दर्ता भएको थियो। विद्यालयका शिक्षक शरदकुमार मिश्र र अधिवक्ता माधवप्रसाद पन्तले २०७५ भदौ २७ गते दर्ता गराएको रिट निवेदनमा सुनुवाइ गर्दै न्यायाधीश शान्ता सेढाई सापकोटाको एकल इजलाशले टेन्डर निकाल्ने विपक्षी जनप्रभात माविसमेतका विपक्षीका नाउँमा कारण देखाऊ आदेश जारी गरेको छ।

तत्कालका लागि जग्गा भाडा टेन्डर कार्यान्वयन नगर्न अन्तरिम आदेशसमेत माग भएको सन्दर्भमा निवेदकलाई कुनै अपूरणीय क्षति हुने अवस्थाको विद्यमानता नदेखिँदा हाल अन्तरिम आदेश जारी गरिरहनु परेन भन्ने कुरा आदेशमा उल्लेख छ। सार्वजनिक सरोकारको विषयअन्तर्गत संविधानको धारा-१४४ को उपधारा (१) (२) अन्तर्गतको अधिकार क्षेत्र प्रयोग सार्वजनिक सम्पत्तिको दुरुपयोग रोक्न दायर भएको उक्त रिटमा निवेदकलाई अपूरणीय क्षति नहुने अवस्था देखाउँदै अन्तरिम आदेश नभएकोमा रिट निवेदक शरदकुमार मिश्रले आश्चर्य प्रकट गरेका छन्।

यसैगरी सो मुद्दामा बहस गरेका अर्का रिट निवेदक एवम् अधिवक्ता माधवप्रसाद पन्तले चितवन उच्च माविले जग्गा भाडामा लगाउन २०७० असार २५ गते २५ मा जग्गा भाडासम्बन्धी टेन्डर २०७० कात्तिक ११ गते सर्वोच्च अदालतको अन्तरिम आदेशले रोकी २०७३ फागुन ११ गते बदर गरिसकेको बताए। शिक्षा ऐन नियमावलीमा विद्यालयलाई आफ्नो नाममा रहेको जग्गा भाडा लगाउन तथा बेचविखन गर्ने कुनै अधिकारको व्यवस्था नगरिएको र शिक्षा ऐनको दफा १६(१)ले विद्यालयको नामको सम्पत्ति सार्वजनिक सम्पत्ति भनी उल्लेख गरेको तथा नेपालको संविधान-२०७२ को धारा ४८ (घ) ले सार्वजनिक सम्पत्तिको सुरक्षा र संरक्षण गर्नु प्रत्येक नेपालीको कर्तव्य भएकाले आफूले पनि संविधानको अक्षरस पालना गर्नका लागि सो रिट निवेदन दर्ता गरेको बताए।

घरघरमै औलो रोगीको खोजी

बैतडी, (नेस)

जिल्ला स्वास्थ्य कार्यालय बैतडीले घरघरमै गएर औलो रोगीको खोजी गरिरहेको छ। जिल्लाको मेलौली नगरपालिका, पञ्चेश्वर गाउँपालिका, शिवनाथ गाउँपालिकका केही वडा, पुर्चौंडी नगरपालिकाका केही वडा र शिवनाथ गाउँपालिकाका केही वडामा घरघरमै गएर औलो रोगको परीक्षण थालेको हो ।

तल्लोस्वराड क्षेत्र विगत ३ वर्षदेखि औलोका बिरामी फेला परेकाले घरघरमै गएर रगत परीक्षण शुरू गरिएको जिल्ला स्वास्थ्य कार्यालय बैतडीका हेल्थ असिस्टेन्ट सन्तोष पाण्डेयले जानकारी दिए। पुर्चौंडी क्षेत्रमा ज्वरोका बिरामी बढेको हुनाले औलो हुन सक्ने आशंकामा रगत परीक्षण कार्य थालिएको जनाएको छ ।

स्थानीयको रगत परीक्षण गरेर उनीहरूमा औलो भए नभएको जानकारी पाउन सकिन्छ। 'सरकारले औलो उन्मूलन गर्ने लक्ष्य लिएकाले सोहीअनुसार औलोका बिरामीको खोजी र उपचार भइरहेको छ', उनले भने- 'गाउँघरमै गएर रगत परीक्षण गरेर औलो रोगको बारेमा पत्ता लगाइने गरेको छ।'

औलो रोग देखापरेमा निःशुल्करुपमा उपचार गरिने जिल्ला स्वास्थ्य कार्यालय बैतडीले जनाएको छ। पछिल्लो समय औलोरोगका बिरामी बढ्दै गएकाले बैतडीमा पनि औलोको जोखिममा रहेको पाइएको छ।

गत सालदेखि औलो रोगको बिरामी फेला पर्न थालेकामा हालसम्म ४० जना औलो रोगी भेटिएका हेल्थ असिस्टेन्ट पाण्डेयले बताउनुभयो। गतवर्ष ३३ जना भेटिएकोमा चालू आर्थिक वर्षमा ७ जना औलो रोगी भेटिएका हुन्।

आफ्नै गाउँमा रगत जाँच गरेर औलो रोग पत्ता लाग्न थालेपछि चेकजाँच गराउनेको संख्या पनि बढ्दै गएको ल्याब टेक्निसियन रमेश बोहराले बताए।

तल्लोस्वराड क्षेत्रमा औलो देखिएपछि गर्भवती महिला तथा बढी जोखिम रहेका स्थानीय बासिन्दालाई निःशुल्करुपमा झुल वितरण गरिएको थियो भने बढी प्रभावित क्षेत्रमा लामखुट्टेविरुद्ध किटनाशक औषधिसमेत छर्किएको छ।

बुहारी बलात्कार प्रयास गर्ने ससुरा पक्राउ

बारा, (नेस)

बाराको निजगढ नगरपालिका वडा नम्बर १३ मा बुहारी बलात्कार प्रयास गरेको अरोपमा प्रहरीले ससुरालाई शुक्रबार नियन्त्रणमा लिएको छ। पीडित महिलाले दिएको जाहेरीको आधारमा इलाका प्रहरी कार्यालय निजगढबाट खटेको प्रहरी टोलीले वडा नम्बर १३ का ४७ वर्षीय ससुरालाई पक्राउ गरेको हो।

पीडितका अनुसार गत बिहीबार काखे छोरासँग घरको चोटाकोठामा सुतिरहेको अवस्थामा राति ११ बजे नग्न अवस्थामा ओछ्यानमा आएका ससुराले सुरुवाल तालेर बलात्कार गर्ने प्रयास गरेको र प्रतिकार गरेपछि अरूलाई नभन्न र हल्ला नगर्न भन्दै धम्क्याउँदै फर्किएका थिए। घटनापछि पीडित महिला घर छाडेर माइतीघरमा बस्दै आएकी र ससुरा पनि घर छोडेर फरार बनेका थिए।

आरोपी ससुरा घर फर्किएको सूचना पाएपछि सादा पोसाकमा खटिएको प्रहरीले साँझ ५ बजे निजलाई घरबाटै पक्राउ गरेको प्रहरी निरीक्षक विक्रम लामाले जानकारी दिनुभयो। आरोपीलाई प्रहरीले नियन्त्रणमा राखिएको र थप अनुसन्धानको लागि म्याद थप गर्न आइतबार जिल्ला अदालतमा बारामा पेस गरिने बताएको छ।

स्थानीयको आँगनमै खानेपानी

किरन धामी, दार्चुला

जिल्लाको मालिकार्जुन गाउँपालिका-८ पस्ती कोटबुडामा ३ सय ८० मिटरमाथि विद्युतीय पम्पबाट पानी तानेपछि जिल्लाको पहिलो नमुना खानेपानी योजनाको शनिबार गाउँपालिकाका अध्यक्ष नरेन्द्रसिंह धामीले उद्घाटन गरेका छन्। आर्थिक वर्ष २०७२/०७३ मा जिल्ला खानेपानी तथा सरसफाइ सबडिभिजन कार्यालय दार्चुलासँग सम्झौता भई हाल निर्माण सम्पन्न भएको जिल्लाकै नमुना खानेपानीको अध्यक्ष धामीले उद्घाटन गरेका हुन्।

स्थानीय निङलाडी खोलाबाट ३ सय ८० मिटरमाथि पानी तानिएपछि ३ घन्टा हिँडेर पानी बोक्नुपर्ने समस्या हल भएको भन्दै स्थानीय हर्षित भएका छन्। जिल्लामै विद्युत्बाट सबैभन्दा उचाइमा पानी तानिएको हुनाले यो नमुना खानेपानीको योजना नुमनास्वरुप अगाडि बढाइएको गाउँपालिका अध्यक्ष धामीले बताए। खानेपानी योजना निर्माण सम्पन्न भई सञ्चालनमा आएसँगै स्थानीयका घरघरमा खानेपानी पुगेको छ। विगतमा ३ घन्टा टाढाबाट साँझबिहान पानी बोक्नुपर्ने दुःखका दिन गएको स्थानीय कलावती सामन्तले बताए।

आगनमै खानेपानी पिउने सपना देखाएका स्थानीय कोटबुडावासी खानेपानी योजनाको सफल परीक्षण सञ्चालनमा आएसँगै निकै खुसी देखिएका छन्। विगत ७५ वर्षदेखि निरन्तररुपमा ३ घन्टा हिँडेर पानी बोक्न बाध्य यहाँका करिब २ सय ५० परिवारका घरघरमा पानी पुगेको छ। खानेपानी सञ्चालनमा आएपछि दसकौंदेखि पानी बोकेर खानुपरेको बाध्यता हटेको ७५ वर्षीय स्थानीय गम्भीर चन्दको भनाइ छ। 'आफू जन्मेदेखि तल निङलाडी खोलाबाट पानी बोक्दै आएको थिएँ' -उनले भने।

जिल्ला खानेपानीको ५० लाख रुपियाँ र स्थानीय उपभोक्ता समितिको १० लाख गरी कुल ६० लाख लागतमा उक्त खानेपानी योजना निर्माण भएको योजना निर्माण समितिका अध्यक्ष जनकराज भट्टले बताए। विद्युतीय पम्पबाट ११ सेकेन्डमा ३५ लिटर पानी ३ सय ८० मिटरमाथि डाँडामा पुग्ने योजना निर्माणमा संलग्न प्राविधिकले बताएका छन्।

कोटबुडामा २५/२५ हजार लिटरका २ पानी जम्मा गर्ने ट्यांकी निर्माण गरिएको तथा सो ट्यांकीबाट उक्त ठाउँका २ सय ५० घरधुरीका १५ सय जनालाई पानी वितरण गरिएको छ। पानी उपभोग गरेबापत प्रत्येक उपभोक्ताले मासिक १ सय ५० रुपियाँ तिर्नुपर्ने निर्माण समितिले जनाएको छ। ५० हजार लिटर अटाउने क्षमताको ट्यांकी भर्न ३ घन्टासम्म पम्प चलाउनुपर्ने प्राविधिकको भनाइ छ।

प्रबलीकरण विधिबाट विद्यालय भवन निर्माण

विमल विष्ट, डोटी

डोटी जिल्लामा पहिलो पटक प्रबलीकरण विधिबाट विद्यालयका भवन निर्माण कार्य शुरु गरिएको छ। माटोको गारो लगाएर निर्माण गरिएका पुनर्निर्माण हुन सक्ने विद्यालयका भवनलाई प्रबलीकरण (रेक्टो फिटिङ) विधिबाट सायल, आदर्श गाउँपालिका र दिपायल सिलगढी नगरपालिकाका विभिन्न वडाका ९ विद्यालयका २० वटा भवन प्रबलीकरण विधिबाट निर्माण गरिएको हो। भूकम्पको जोखिमबाट बच्न पूर्वतयारीस्वरुप जापानी प्रविधिबाट भवनको निर्माण भएको हो।

७ रेक्टर स्केलसम्मको भूकम्प आउँदा लचकिने लचकदार उक्त भवन त्यो भन्दामाथि आएमा एकै पटक नभत्किने गरेर ग्याबिन जालीको प्रयोग गरेर न्यून जोखिम भएको भवन निर्माण गरिएको हो। वल्ड भिजन इन्टरनेसनल नेपालको सहयोगमा सामुदायिक विकास केन्द्र (सीडीसी) द्वारा सञ्चालित सामुदाय तथा विद्यालय विपद् पूर्वतयारी तथा उत्थानशीलता परियोजनाअन्तर्गत ३ करोड ७९ लाख २८ हजार ६ सय ८९ रकमको लागतमा २० वटा भवन निर्माण गरिएको कार्यक्रम संयोजक तीर्थ भट्टले बताउनुभयो। उहाँले भन्नुभयो- 'विद्यालय सुरक्षा ढाँचालाई कार्यान्वयन गर्दै विद्यालय सुरक्षित तथा प्रबलीकरण प्रबर्द्धन गर्नु कार्यक्रमको उद्देश्य हो।'

प्रायः जीर्ण भवन रहेका विद्यालयमा उक्त परियोजना सञ्चालन गरिएको हो। भूकम्पीयरुपमा विद्यालयको सम्पूर्ण भवन जोखिममा रहेका बेला रेक्टोफिटिङ विधिमार्फत भवन निर्माण भएपछि निकै राहतको अनुभूति भएको सरस्वती आधारभूत विद्यालय दिपायलका निमित्त प्रधानाध्यापक भक्तबहादुर माझीले बताउनुभयो।

नेपाल प्रहरीको संरक्षणमा सञ्चालन भइरहेको उक्त विद्यालयमा ७ कोठाका २ भवन निर्माण गरेसँगै अभिभावक मख्ख छन्। 'वैशाख १२ गते भूकम्प गएपछि केही समय यस्तो विद्यालयमा छोराछोरी पठाउन साहै चिन्ता लाग्थो', स्थानीय अभिभावक पार्वती नेघीले भन्नुभयो- 'अब नयाँ प्रविधिको प्रयोग गरेर हामी नानीबाबुलाई विद्यालय पठाउँदा कुनै चिन्ता हुँदैन।' प्रबलीकरण विधिमा ज्याकेट प्रविधि प्रयोगमा ल्याएकाले भवनबाट हुने क्षति न्यून हुने इन्जिनियर हरि बुढाले बताउनुभयो। 'भित्र पर्खाल हुन्छ। बाहिर ग्याबिन तारले बनेको हुन्छ त्यसबाहिर प्लास्टर गरिएको हुन्छ', इन्जिनियर बुढाले भन्नुभयो- 'पहिलो कुरा यो खस्दैन। खसेमा पनि टुक्रा-टुक्रा भएर खस्छ। भत्किने बेलासम्म नानीबाबु बाहिर खुला चौरमा पुग्न सक्छन्।'

विद्यालयका संरचना भूकम्पप्रतिरोधी बनाउनु अहिलेको आवश्यकता भएको दिपायल सिलगढी नगरपालिका २ का वडाध्यक्ष राजेन्द्र खड्काले बताउनुभयो। वडाध्यक्ष खड्काले भन्नुभयो- 'हामीले भूकम्प आएपछि भन्दा पनि पूर्वतयारीमा जोड दिनुपर्ने हो, तर हुन सकेको छैन।' जिल्लाका अधिकांश पुराना संरचना भूकम्पको उच्च जोखिममा रहेका बेला प्रवलीकरण विधि नयाँ प्रयोगको रुपमा प्रयोगमा आएको हो। विद्यालयमा संरचना निर्माण गर्नुका साथै सामुदायका व्यक्तिलाई पनि भूकम्पको जोखिमबाट बच्नका लागि जनचेतना दिने गरिएको सामाजिक परिचालक जमुना कुँवरले बताउनुभयो।

महिला संघले प्रधानमन्त्रीलाई ज्ञापनपत्र बुझाउने

हेटौंडा, (नेस)

नेपाली कांग्रेसनिकट नेपाल महिला संघले प्रमुख जिल्ला अधिकारीमार्फत प्रधानमन्त्रीलाई ज्ञापनपत्र बुझाउने भएको छ। कञ्चनपुरकी १३ वर्षीया निर्मला पन्तको बलात्कारपछि हत्या प्रकरण शुरुदेखि नै विवादास्पद हुनु, राज्य संयन्त्रबाट अनुसन्धानमा गम्भीर त्रुटि र उदासिनता देखाउनुका साथै सरकारबाट संविधान पालनामा गम्भीर त्रुटि र प्रेसमाथि भइरहेको नियन्त्रण, मूल्यवृद्धिलगायत विषयमा ज्ञापनपत्र बुझाउन लागिएको हेटौंडामा पत्रकार सम्मेलन गरी नेपाली कांग्रेस जिल्ला कार्यसमितिले जनाएको छ।

विरोधमा नेपाल महिला संघको अगुवाइमा आइतबार मकवानपुर जिल्लासहित देशभर विरोध ज्याली निकालेर जिल्ला प्रशासन कार्यालयमार्फत प्रधानमन्त्रीलाई विरोधको ज्ञापनपत्र बुझाउने कार्यक्रम रहेको पत्रकार सम्मेलनमा बताइयो।

पार्टी जिल्ला सचिव बुद्ध लामाको सभाध्यक्षतामा गरिएको सम्मेलनमा नेपाल महिला संघ जिल्ला सभापति लक्ष्मी श्रेष्ठ, पार्टी कोषाध्यक्ष गोपीलाल विश्वकर्मा, सचिव आनन्द कठायत, प्रवक्ता प्रदीप कोइराला, महिला संघका पदाधिकारीको सहभागिता थियो।

पत्रकार सम्मेलनमा हेटौंडामा भएको ओमबाबा काण्डको विषयमा प्रवक्ता कोइरालाले आवश्यक अनुसन्धान गरी अपराध गर्नेलाई कारबाही गर्नुपर्ने बताउनुभयो। ओमबाबाको आश्रममा हेटौंडा-११ की सावित्री पुडासैनीको मृत्यु भएको थियो।

अझै पनि स्टेचरकै भर

अस्पताल पुऱ्याउन नसक्दा ४ महिने शिशुको ज्यान गयो

धनवीर दाहाल, रुकुम

त्रिवेणी गाउँपालिका-९ का वीरेन्द्र गहतराजले ५ घन्टामा स्टेचरमा बोकेर श्रीमती सिर्जनालाई अस्पताल पुऱ्याए। सुत्केरी बेथा लागेपछि श्रीमतीलाई सुरक्षित सुत्केरी गराउन जिल्ला अस्पताल पुऱ्याउनैपर्ने बाध्यता वीरेन्द्रको थियो। वर्षात्का कारण भत्किएका ग्रामीण सडक पुनर्निर्माण नहुँदा बिरामीलाई समयमा अस्पताल पुऱ्याउन समस्या भएको छ।

सुत्केरी भइसकेपछि पनि आमा र बच्चालाई घरसम्म ल्याउनसमेत स्टेचरमै राखेर ल्याउनुपरेको भन्दै वीरेन्द्रले दुखेसो गर्नुभयो। 'सडक सुचारु भएको भए एम्बुलेन्स वा जिपमै भए पनि सजिलै ल्याउने-लैजाने हुनेथियो', उहाँले भन्नुभयो- 'स्टेचरमा पुऱ्याउँदा र ल्याउँदा आफ्ना आफन्तको सहयोग लिनुपऱ्यो।' आफन्त नहुनेका लागि स्टेचरमा बिरामी ओसारपसार गर्न निकै समस्या हुने गरेको स्थानीय बताउँछन्।

रुकुम पश्चिमका विभिन्न ग्रामीण सडकमा पहिरोका कारण यातायात सेवा अवरुद्ध हुँदा बिरामीले सास्ती खेप्नुपरेको हो। मौसम परिवर्तनको समयमा धेरै बिरामी हुने गरेको र उनीहरूलाई अस्पतालसम्म पुऱ्याउन गाडी नहुँदा डोको र स्टेचरमा राखेर लिनुपर्ने बाध्यता यथावत् रहेको छ। जिल्ला सदरमुकाम मुसिकोटदेखि पेउघा, नुवाकोट, खोलागाउँलगायतका क्षेत्रमा जाने सडक बिग्रिएपछि ३ महिनादेखि यातायात सेवा अवरुद्ध बनेको छ। सडक अवरुद्ध हुँदा समयमै उपचार नपाएर १ स्थानीय बच्चाको मृत्युसमेत भएको छ।

गत भदौ ३१ गते त्रिवेणी गाउँपालिका-१० का प्रेमप्रकाश खड्काको ४ महिनाको छोरा समयमै उपचार गर्न नपाएपछि मृत्यु भएको स्थानीय शेरमान खड्काले जानकारी दिनुभयो। जन्डिसको समस्या देखिएपछि बोकेरै अस्पताल पुऱ्याउँदा ढिला भएको भन्दै जिल्लामा उपचार हुन नसकेपछि काठमाडौं पठाएको र उतै बच्चाको मृत्यु भएको उहाँले बताउनुभयो। यातायात सुविधा नहुँदा र दिनभरको घाममा सदरमुकाम पुग्दा थप समस्या भएको स्थानीयको भनाइ छ।

त्यस्तै सामान्य ज्वरो आएपछि स्थानीय मेडिकलमा उपचार गर्दा निको नभएर घरमै थलिएका त्रिवेणी-१० का डिल्लीबहादुर खड्कालाई पनि यस्तै बाध्यता भयो। मेडिकलमै सञ्चो हुने आशमा पहिले कतै नलगेको र एक्कासि समस्या बढेपछि स्टेचरमै बोकेर जिल्ला अस्पताल सल्ले लिएर उपचार गरिएको उहाँका बुबा गणेशबहादुर खड्काले जानकारी दिनुभयो। त्यस्तै सोही निवासी वीरबहादुर बुढालाई जन्डिसको रोगले ग्रसित बनाएपछि उहा पनि मान्छेकै सहारामा बोकेर अस्पताल पुगेको छोरा घमण्ड बुढाको भनाइ छ। उहाँहरूजस्ता थुप्रैले यस्तो समस्या भोग्नुपरेको गुनासो गर्दै आएका छन्।

मुसिकोट नगरपालिका र त्रिवेणी गाउँपालिको क्षेत्रभित्र पर्ने यस सडक खण्डमा अब वर्षात् सकिएकाले दशैंतिहारअगाडि नै सडक सफा गरिने बर्ताएको छ। सडक विभागमार्फत उक्त सडकको स्तरोन्नति गर्ने योजनासमेत परेकाले आगामी दिनमा यस्तो समस्या नआउनेमा स्थानीय आशावादी रहेका छन्।

२०७५, असोज
आइतबार
७

नेपाल

आश्रममा आउने भक्तजन, भेटी र दानपत्रबाट आम्दानी हुने गरे पनि आम्दानीका अन्य स्रोत नहुँदा सबै वस्तु किनेर काम चलाउनुपरेको जनाउँदै लेखापाल भट्टराईले आन्तरिकरुपमा आश्रम सञ्चालनमा समस्या रहेको गुनासो गरे।

वैदेशिक रोजगारीको पीडा

सिन्दुर पुछियो, खुसी खोसियो

कृष्णउदास खनाल, वीरगन्ज

बारा जिल्लाको बधुवनमा जन्मिएकी नानुकाको २०६४ सालमा मकवानपुरका कमल ढकालसँग विवाह भयो। मकवानपुरको गौरीटारमा पुगेपछि नानुका ढकाल सुखी नै थिइन् खुसी नै थिइन्। एक छोरा र एक छोरीकी आमा भएकी उनी छोराछोरी हुर्कंदै गर्दा मनमा चिसो पस्दै जान थाल्यो। उनका पति कमल दाहाल पनि घरमै खेती किसानकै काम गर्दथे।

छोराछोरी हुर्कंदै गर्दा कमल वैदेशिक रोजगारीका लागि कतार जाने सोच बनाउँछन्। अन्ततः पत्नी नानुकाकै सहयोगमा र कमल धन कमाउने सपना बोकेर कतार प्रस्थान गर्दछन्। २०७१ साल पुसमा उनी वैदेशिक रोजगारीका लागि खाडी मुलुक कतार साढू भाइ कुमार उप्रेतीका साथमा प्रस्थान गर्दछन्। श्रीमान धन कमाएर आउने दिनको प्रतीक्षा गरिरहेकी नानुकाले एक रात नराम्रो सपना देख्न पुग्छिन्।

उनले जे नहोस् भन्ने सोचेकी थिइन् त्यही भएर छाड्यो। धन ल्याउन विदेशी भूमिमा गएका कमलको उतै निधन भएको खबर पति बितेको ३ दिनपछि उनलाई सुनाइयो। कमलको सवारी दुर्घटनामा परी ज्यान गएको थियो। धन कमाएर घर आउने दिन नजिकिंदै गर्दा कमलको २०७३ पुस १० गते मृत्यु भएको खबर आयो। १० वर्षकी छोरी र ५ वर्षको छोरो काखमा च्यापेर अहिले नानुका माइतीको संरक्षणमा हेटौंडा कमानेमा बस्छिन्। एक त पति बियोगको पीडा त्यसमा पनि समाजले हेर्ने दृष्टिकोणले घरी घरी उनी मुर्छामा पर्ने गरेको बताउँछिन्।

मुख्य कमाउने मान्छेकै ज्यान गएपछि आफूले छोराछोरीको लालनपालन गर्न नै नसकेको उनी बताउँछिन्। शनिबार वीरगन्जको बसपार्कमा लालाबालासहित भेटिएकी ढकालले आफूले न त राम्रोसँग पढाउन सकेको नत राम्रो लुगा नै दिन सकेको भन्दै गहभरि आँसु लिएर नेपाल समाचारपत्रसँग आफ्नो पीडा सुनाइन्। छोराछोरीले दशैंतिहार आउँदा हाम्रो बाबा पनि आउनुहुन्छ मामु? भनेर बच्चाले भन्दा उनको हृदयले ठाउँ छाड्छ। आफू यसै पनि गरिब डाँडामाथिको जुन भइसकेको अवस्थामा छोरीको पीडा देख्दा आफूलाई साह्रै पीडा हुने गरेको नानुकाका पिता रामहरि अधिकारी गुनासो गर्दछन्।

विदेशी भूमिमा ज्यान गुमाउनेको दर डरलाग्दो

रोजगारीको खोजीमा विदेश जाने युवाको संख्या विगत ३ वर्षदेखि लगातार घटे पनि रोजगारीकै क्रममा ज्यान गुमाउनेको संख्या भने बर्सेनि बढ्दै गइरहेको तथ्यांकले देखाएको छ। वैदेशिक रोजगारीमा जानेको संख्या १५ प्रतिशतले घटे पनि मृत्यु हुनेको संख्या ८ प्रतिशतले बढेको पाइएको छ।

आर्थिक वर्ष २०७३/७४ मा वैदेशिक रोजगारीका क्रममा ७ सय ५५ नेपालीको मृत्यु भएकोमा गत आवमा यो संख्या बढेर ८ सय २१ पुगेको छ। आव २०७४र ७५ मा वैदेशिक रोजगारीका क्रममा मृत्यु हुने कामदारको संख्या ८ सय २१ रहेको वैदेशिक रोजगार प्रबर्द्धन बोर्डले जनाएको छ। गत आवमा सबैभन्दा बढी २ सय ८९ नेपाली युवाको मृत्यु मलेसियामा भएको थियो भने दोस्रोमा साउदी अरब २ सय ३ र कतारमा १ सय २३ जना रहेका थिए, तर विगत ३ वर्षको तथ्यांक हेर्दा सबैभन्दा बढी नेपाली कतारमा ३ लाख ५३ हजार, मलेसियामा २ लाख ६० र साउदी अरबमा २ लाख ५३ हजार गएको देखिन्छ। यसरी हेर्दा धेरै कामदार भएका देशमा मृत्युदर कम देखिएको छ।

यसरी नै आर्थिक वर्ष २०७३/७४ मा विदेश गएर श्रम स्वीकृति अवधिमा ७ सय ५० कामदारले ज्यान गुमाएका थिए। यसरी करार अवधिमै ज्यान गुमाउने ७ सय ५० कामदारका परिवारले बोर्डबाट १ वर्षमा ३ लाख रुपियाँका दरले २२ करोड ५० लाख रुपियाँ क्षतिपूर्ति लिएका थिए। वैदेशिक रोजगार प्रबर्द्धन बोर्डका निर्देशक मोहन अधिकारीले मृतक र अंगभंग भएका नेपाली कामदारले पाउने सहायताको प्रावधान १ वर्ष बढाएका कारण मृत्युदर बढेको बताए। यसअघि श्रम स्वीकृतिको अवधिभित्र मृत्यु भएका नेपालीले मात्र आर्थिक सहयोग पाउँदै आएका थिए। उनले भने- 'केही महिनाअघि वैदेशिक रोजगार ऐन संशोधन गरी श्रम स्वीकृतीको अवधि समाप्त भइ १ वर्ष पूरा नगरेका मृतकका आफन्तले पनि सहायता पाउने प्रावधान राखेपछि मृतकको संख्या बढेको हो।'

अंगभंग हुने पनि बढे

यसरी नै गत वर्ष मात्र रोजगारीका क्रममा अंगभंग भएका ३ सय २५ युवाले ६ करोड ६ लाख रुपियाँ सहयोग लिएको तथ्यांक छ। आव २०७२/७३ मा १ सय ४० र २०७३/७४ मा २ सय जना अंगभंग भएका युवाले क्रमशः १ करोड ९० लाख ७४ हजार र २ करोड ८८ लाख २५ हजार रुपियाँ सहयोग लिएका थिए।

अभै खुलेन स्वास्थ्य चौकीको ताला

बिरामी मारमा

विनोदसिंह विष्ट, बैतडी

कर्मचारी नियुक्तिको विषयमा विवाद हुँदा बैतडीको पुचौंडी नगरपालिका-९ स्थित तल्लादेही स्वास्थ्य चौकीमा बिहीबारदेखि गरिएको तालाबन्दी आज पनि कायम रहेको छ।

स्वास्थ्य चौकीमा सञ्चालनमा आउने तयारी भएको प्रयोगशालाका लागि नगरपालिकाले कर्मचारी छनोटमा आफूलाई नपारेको भन्दै त्यहाँका केही स्थानीयले बिहीबारदेखि स्वास्थ्य चौकीमा तालाबन्दी गरेको तल्लादेही स्वास्थ्य चौकीका इन्चार्ज हेमन्त साउँदले जानकारी दिए।

नगरपालिकाले ल्याब असिस्टेन्टका लागि दरबन्दी आह्वान गरेको र सो दरबन्दीमा स्थानीयलाई छनोट नगरेर बाहिरको मान्छे छनोट गरेको भन्दै ल्याब असिस्टेन्टका उम्मेदवार लोकेशकुमार भण्डारी र उनका सहयोगीले तालाबन्दी गरेका हुन्।

नगरपालिकाले स्थानीयलाई प्राथमिकता दिइने भनेर कर्मचारीको आवश्यकता माग गरेको भए पनि पछि आएर बाहिरको मान्छेलाई नियुक्त गरेको उनीहरूको आरोप रहेको छ। जग्गादातासमेत रहेका लोकेशकुमार भण्डारीलाई ल्याब असिस्टेन्ट नियुक्त गर्नुपर्ने उनीहरूको माग रहेको बताइएको छ।

यता नगरपालिकाले भने स्थानीय भनिएका लोकेशकुमार भण्डारीका सबै कागजात नपुगेकाले नगरपालिकाभित्रकै अर्का व्यक्तिलाई ल्याब असिस्टेन्ट नियुक्त गरेको जनाएको छ। निज भण्डारीबाट मागिएका अन्य कागजात नपुग्नुको साथै उनको नागरिकतामा समेत कञ्चनपुरको देखतभूली ठेगाना रहेको नगरउपप्रमुख जानकी बमले बताइन्।

उनले भनिन्- 'अहिले पनि पुचौंडी नगरपालिकाकै वडा नं. ८ को मान्छेलाई कर्मचारी नियुक्त गरेका छौं, अर्को स्थानीय तह अथवा अर्को जिल्लाको मान्छे ल्याएर राखेका छैना, लोकेशलाई कागजात ल्याऊ भनेर पटकपटक भन्दा समेत ल्याएनन् र अर्को व्यक्तिलाई ल्याब असिस्टेन्ट नियुक्त गरेका हौं।"

स्वास्थ्य चौकीको ताला खोल्नका लागि वडा कार्यालयले सबैसँग छलफल गरिरहेको पुचौंडी नगरपालिका वडा नं.९ का वडाध्यक्ष रम्बा बोहराले बताए। उनले भने- 'यो कुरा नगरपालिकामा पनि जानकारी भइसकेको छ, हामी सबै पक्षसँग छलफल गरेर स्थिति सहज बनाउन पहल थालिरहेका छौं।'

तल्लादेही स्वास्थ्य चौकीको ल्याब असिस्टेन्टमा स्थानीयवासीलाई कर्मचारी नराखेसम्म आफूहरूले ताला नखोल्ने स्थानीयवासीको माग रहेको छ।

'२ दिनदेखि गरिएको तालाबन्दीले बिरामीलाई समस्या भएको छ। बिरामीलाई चेकजाँच गर्नै पाएका छैनौं, शुक्रबार पनि १ जना सुत्केरी हुन आएकी महिलालाई मात्रै सुत्केरी गराउन दिए, अन्य बिरामी कसैलाई पनि चेकजाँच गर्न दिएनन्, हामी पनि यसै बसिरहेका छौं -स्वास्थ्य चौकीका इन्चार्ज हेमन्त साउँदले बताए। अहिले उपचारका लागि तल्लादेही स्वास्थ्य चौकी पुगेका बिरामी उपचार नगराई फर्कन बाध्य छन्।

स्वर्गद्वारी संकटमा

आश्रमलाई भेटीको सहारा

सलिम अन्सारी, प्युठान

अचेल गाउँमा गाई देखिन छाडे, तर सयौं गाई छन्। स्वर्गद्वारी आश्रममा अझै गाईको हुल नै देख्न पाइन्छ। स्वर्गद्वारी आश्रम नियमित सञ्चालन गर्न वार्षिक ३ करोड रुपियाँ खर्च लाग्छ। १ सय ५० को हाराहारीमा कर्मचारी कार्यरत छन्। त्यस्तै १ सय विद्यार्थी (बटुक) अध्ययनरत छन्। जहाँ संस्कृत विषयको पढाइ हुन्छ। गौशालामा ४ सय बढी गाई पालिएका छन्।

गौ सेवा, अतिथि सेवामा खटिने कर्मचारी छन्। मासिक तलब दिनुपर्छ। विद्यार्थी, आश्रममा साधुसन्त, ब्राह्मण गरी दैनिक कम्तीमा २ सय ५० जनाका लागि खाना बन्छ। आश्रममा सञ्चालन गरिएको वेद पाठशालामा बटुक तथा शिक्षकलाई खाना, आवास र तलबमा पनि वर्षेनी खर्च हुन्छ। यी सम्पूर्ण खर्च आश्रमले बेहोर्नुपर्छ। ती सबैका लागि स्वर्गद्वारी आश्रमको दैनिक खर्च ६० हजार रुपियाँभन्दा माथि छ। नियमित स्रोत नहुँदा आर्थिक संकटमा परेको स्वर्गद्वारी आश्रमका लागि अहिले भक्तजनको दानदक्षिणा एकमात्र स्रोत हो। सरकारी सहयोगले होइन दर्शनार्थीको भेटीले आश्रम चलिरहेको छ।

पश्चिम नेपालको ऐतिहासिक तथा पर्यटकीय धार्मिक तीर्थस्थल प्युठानको स्वर्गद्वारी आश्रम भेटीकै भरमा चलिरहेको हो। आश्रमको स्वामित्वमा विभिन्न ठाउँमा रहेका गुठी जग्गा उपभोग गर्न नपाउँदा नियमित आश्रम सञ्चालनमा समस्या देखिएको हो।

आश्रममा विभिन्न निकायबाट प्रचारप्रसारका लागि रकम आउँछ, तर सञ्चालनका लागि कतैबाट आउँदैन। दाडस्थित १ हजार १२ बिघा खेत तत्कालीन माओवादी द्वन्द्वपछि आश्रमले उपभोग गर्न पाएको छैन। युद्ध शुरु हुनुपूर्व जमिनको भोगचलन गर्नेले आश्रमलाई केही रकम बुझाउने गर्दथे। द्वन्द्वका बेला तत्कालीन विद्रोही माओवादीले आफूले कब्जामा लिएको घोषणा गरेसँगै आश्रमको प्रमुख आयस्रोत बन्द भयो।

आश्रमका अनुसार त्यहाँ रहेको गुठीबाट १ हजार ७ सय ९३ क्विन्टल धान, करिब ४ सय ४० क्विन्टल तोरी र ५ क्विन्टलजति मकै वार्षिक आम्दानी हुनेमा १ दशकदेखि किसानले कुतवाली दिन छाडेको आश्रमका लेखापाल वासु भट्टराई बताउँछन्। आम्दानीको स्रोत यकिन नभए पनि गत आर्थिक वर्षमा स्वर्गद्वारी आश्रममा वार्षिक सरदर १ करोड ७० लाख रुपियाँ भेटी संकलन भएको थियो। यो रकम सबै आश्रम सञ्चालनमै खर्च हुने भट्टराईले बताए। 'अन्य आम्दानीको स्रोत नहुँदा भेटीबाटै आश्रम चलाउनुपरिरहेको छ', उनले भने- 'भक्तजन नआए आश्रम सञ्चालन गर्न समस्या हुने अवस्था छ।'

आश्रममा आउने भक्तजन, भेटी र दानपत्रबाट आम्दानी हुने गरे पनि आम्दानीका अन्य स्रोत नहुँदा सबै वस्तु किनेर काम चलाउनुपरेको जनाउँदै लेखापाल भट्टराईले आन्तरिकरुपमा आश्रम सञ्चालनमा समस्या रहेको गुनासो गरे। आश्रममा सञ्चालन गरिएको क्यान्टिनबाट करिब १० लाख र धर्मशालाबाट करिब ९ लाख रुपियाँ आयस्रोत जम्मा हुन्छ। नियमित भक्तजन नआउने हो भने आश्रम ६ महिनासम्म सञ्चालन गर्ने समस्या हुने उनले सुनाए।

आश्रममा तेलमा मात्र करिब ७०/८० लाख रुपियाँ वार्षिक खर्च हुने गरेको छ। हाल गाईका लागि मासिक ३ लाखभन्दा बढी खर्च हुने गरेको छ। दाना खरिद, घाँस काट्ने, गाई चराउने ग्वालाका लागि उक्त रकम खर्च हुन्छ। गाईका लागि मासिक ५ क्विन्टल दाना किन्नुपर्छ। दैनिक अढाइदेखि ३ क्विन्टल चामल खाना तथा अक्षतामा खर्च हुने गरेको छ।

भेटीबाट अनुमानित ५०/६० लाख उठ्ने गरे पनि ७०/८० लाख तलबमै खर्च हुने गरेको छ। यहाँ १ सय ५० कर्मचारीलाई ज्याला दिइन्छ भने २४ जना ब्राह्मणलाई नियमित तलब दिनुपर्ने उनले जनाए। आश्रममा दानापानी, ढुवानी, इन्धन, फर्निचर, ज्याला, टेलिफोन, विद्युत्, औषधि, खाद्यान्न, पोसाक, छपाइ, पत्रपत्रिका, राजस्व, चन्दा, कृषिलगायत शीर्षकमा नियमित खर्च हुन्छ। द्वन्द्वका कारण आफ्नो जग्गाको आयस्ता प्रयोग हुन नपाएको भन्दै आश्रमले २०६० सालमा सर्वोच्च अदालतमा मुद्दा दायर गरेको थियो।

अदालतले २०६२ चैत १४ गते आश्रम स्वामित्वको निजी गुठी आफैंले प्रयोग गर्न पाउने र हाल बसेका उनीहरूले मोहियानीसमेत नपाउने फैसला गरे पनि अहिलेसम्म कार्यान्वयन हुन सकेको छैन। प्युठान, कोचिवाङमा रहेको १ सय ४० रोपनी खेत पनि द्वन्द्वका बेला माओवादीले कब्जा गरेकामा केही वर्ष पहिले मात्र फिर्ता गरिएको थियो। यहाँ उठ्ने भेटी व्यवस्थित गराउन स्वर्गद्वारी विकास समिति गठन गर्नुपर्ने आवाज उठिरहेको छ। भेटी सदुपयोग गर्न विकास समिति बनाउनुपर्ने जिल्लावासी बताउँछन्।

तीन वर्षअघि निर्माणाधीन पक्की पुल अलपत्र

सरिता चलाउने, सल्यान

चौरजहारी सडक खण्डअन्तर्गत वन्गाडकुपिण्डे नगरपालिकाको त्रिवेणीबजार नाथेखोलामा निर्माणाधीन पक्की पुल अलपत्र परेको छ। ३ वर्षअघि निर्माण शुरु भएको पुल २०७४ पुस मसान्तसम्म सम्पन्न गर्नुपर्ने सम्झौता थियो।

सडक डिभिजन कार्यालयले ४ करोड १७ लाख रुपियाँ लगानीमा हरिहरि कन्स्ट्रक्सनलाई निर्माणको जिम्मा दिएको थियो। डिभिजन कार्यालयले पटकपटक म्याद थप्दा पनि निर्माणको कामले अझै गति नलिएको हो। अहिलेसम्म ३० प्रतिशत मात्र काम सकिएको कार्यालयले जनाएको छ।

पुल अलपत्र परेपछि सल्लीबजार-चौरजहारी सडकमा चल्ने यातायातका साधन सञ्चालनमा समस्या भएको छ। पुलकै कारण यातायात सेवा अवरुद्ध भएपछि यात्रु सास्ती भोग्न बाध्य छन्। समयमै ठेकेदार कम्पनीले काम गर्न नसक्दा असारदेखि सडक अवरुद्ध भएको स्थानीय दलबहादुर परियारले बताए।

उनका अनुसार सडक अवरुद्ध भएपछि स्थानीयवासी घन्टौं पैदलयात्रा गर्न बाध्य छन्। स्थानीयका अनुसार हरिहरि कन्स्ट्रक्सनका ठेकेदार हरिबहादुर रावतको लापरबाहीले पुल निर्माणको काम अलपत्र परेको हो। ठेकेदारले थोरै मजदुर लगाएर काम गर्दा पुलको सेटिङको कामले तीव्रता पाउन सकेको छैन।

आवश्यक अधिकांश सामग्री निर्माणस्थलमा पुग्न सकेको छैन। वन्गाड खोलाकै कारण चौरजहारी सडक वर्षायाममा बर्सेनि अवरुद्ध हुने गरेको छ। स्थानीय नरबहादुर खड्काले पुल निर्माण समयमै नहुँदा स्थानीयले लामो समयदेखि सास्ती भोग्नुपरेको बताए। पुल निर्माणमा भएको ढिलाइका कारण सल्यान र रुकुमको पश्चिम र उत्तरी भेगका बासिन्दा बढी मर्कामा परेको उनको भनाइ छ।

आवश्यक सामग्री खरिद गरेर पुल निर्माणस्थलमा छिट्टै लैजाने तयारी गरेको उनको भनाइ छ। 'नजिकैको झोलुंगेपुल नहटाउँदा पनि पुल निर्माणमा केही समस्या भएको छ,' उनले भने- 'झोलुंगेपुल हटाउन जिल्ला समन्वय समितिमा निवेदन दिएको छु।' उनका अनुसार आसपासको माटो हटाउँदा झोलुंगेपुल खस्ने खतरा छ। ठेकेदार कम्पनीलाई बारम्बार ताकेता गर्दै आएको डिभिजन प्रमुख बद्रीप्रसाद शर्माले बताए। ठेकेदारले अहिलेसम्म ३० प्रतिशत मात्र काम सम्पन्न गरेको उनको भनाइ छ।

पक्की पुलका साथै उक्त सडकको आमखोलीदेखि नाथेखोलासम्मको ५ किलोमिटर कालोपत्रेको काममा ढिलाइ भएको छ। ठेक्का सम्झौता भएको १ वर्ष बित्दासमेत आधा काम हुन नसकेको स्थानीयको भनाइ छ। स्थानीयका अनुसार सडक चौडा पार्ने, नाली, जाली, हयुमपाइपलगायत काम अझै हुन सकेको छैन।

११ करोडको लगानीमा सडक कालोपत्रेको जिम्मा सिग्मा गाल्वा कन्स्ट्रक्सनलाई दिइएको छ। सडक डिभिजन कार्यालय, दाङ र कन्स्ट्रक्सनका नरहरि थपलियाबीच ३३ महिनामा काम सम्पन्न गर्ने गरी २०७४ साउनमा सम्झौता भएको थियो। थपलियाले ४९ लाख पेस्की बुझेर कामको जिम्मा पेटी ठेकेदार रामबहादुर विष्टलाई दिएका छन्।

अवरुद्ध सडक खुल्दै

डोटी, (नेस)

लगातारको वर्षात्का कारण पहिरो जाँदा अवरुद्ध भएका डोटीका ग्रामीण सडक धमाधम खुलाउने थालिएको छ। जिल्लाका बुडर जोरायल, राजपुर बोगटान, शहजपुर बोगटानलगायतका सडकमा पहिरो जाँदा गएको १ महिनादेखि सडक बन्द भएका थिए। बन्द भएका सडक खुलाउन डोजरको प्रयोग गरिएको केआईसिंह गाउँपालिकाका अध्यक्ष लोकेन्द्रबहादुर शाहीले बताउनुभयो।

उहाँले भन्नुभयो- 'वर्षात्ले गाउँका सडक अवरुद्ध भएका थिए, अहिले वर्षा रोकिएको छ, हामी सडक खोल्न लागि परेका छौं।' पहिरोका कारण ग्रामीण सडक बन्द भएपछि यहाँका स्थानीयवासीलाई निकै समस्या भएको जोरायल गाउँपालिकाका स्थानीय महेन्द्र थापाले बताउनुभयो। उहाँले भन्नुभयो- 'पहिरोले गाउँका सडक बन्द भएको महिनौं बितिसक्यो, स्थानीय किसानले फलाएका साग तरकारीलगायत अन्य फलफूल बारीमै कुहिन थालेका छन्।'

बन्द भएका यहाँका ग्रामीण सडक खुलाउन स्थानीयवासीहरूले प्रयास गरे पनि सडकमा ठूल्ठूला ढुंगा आएका कारण सडक खुलाउन नसक्दा गाउँपालिकाले डोजर प्रयोग गरी सडक खुलाउन थालेका छन्। गाउँपालिकाले अवरुद्ध सडक खुलाउने प्रयास गरेपछि यहाँका स्थानीयवासी खुसी भएका छन्।

सारा नेपाली मिलेर अन्याय, अत्याचारको विरुद्धमा लड्नु पर्छ र यस्ता अन्याय, अत्याचारबाट मुक्त हुनु पर्छ भन्ने आजको मागलाई हामी सबैले बुझ्नु पर्दछ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना विभाग

विश्व

विरोध

एकजना विसपबाट आफ्नो सहकर्मीमाथि भएको बलात्कारको विरोध गर्दै भारतका ननहरू।

सजाय

चीनको हाँगाभ्कोमा आमा र उनका तीन सन्तान मार्ने घरेलु कामदारलाई मत्युदण्ड दिइएको छ।

2018, SEP
Saturday
22

विश्व २ मिनेट

मेक्सिको

पत्रकारको हत्या

मेक्सिकोसिटी, (एजेन्सी)

अज्ञात बन्दुकधारीको आक्रमणमा गोली लागेर मेक्सिकोमा थप १ पत्रकारको शुक्रबार ज्यान गएको छ। यो घटनासँगै यस वर्ष मात्रै मेक्सिकोमा हत्या हुने पत्रकारहरूको संख्या ९ पुगेको छ। मेक्सिकोको दक्षिणी राज्य चियापासमा रहेको आफ्नै घरमा मारियो गोमेज नामक पत्रकारको हत्या भएको उनी कार्यरत अखबार एल हेराल्डो डे चियापासले जनाएको छ। नाम उल्लेख नगर्ने सर्तमा उनका १ सहकर्मीले हालै मात्र उनलाई अज्ञात व्यक्तिहरूले ज्यान मार्ने धम्की दिएको बताएका छन्। ३५ वर्षीय गोमेजलाई अस्पतालमा पुऱ्याइँदा मृत घोषित गरिएको थियो।

ब्राजिल

ठग पक्राउ

रियो दि जेनेरो, (एजेन्सी)

संयुक्त राज्य अमेरिकाले लेबनानी लडाकू समूह हेज्बुल्लाह सञ्चालनका लागि आर्थिक सहयोग गर्नेमध्ये प्रमुख व्यक्ति रहेको बताइएका १ पुरुषलाई शनिबार ब्राजिलमा प्रहरीले पक्राउ गरेको छ। असाद अहमद बाराकात नामक ती व्यक्तिलाई पाराग्वे र अर्जेन्टिनाबीचको सीमा क्षेत्रबाट गिरफ्तार गरिएको थियो। चोरीको अभियोगमा उनको पाराग्वेमा पनि व्यापक खोजी हुँदै थियो। त्यहाँ उनले कर छलेको अभियोगमा ६ वर्ष कारावास भोगिसकेका छन्। अर्जेन्टिनाका प्रहरीले पनि उनलाई इगुजु फल्स क्षेत्रको क्यासिनोमा १ करोड डलर ठगेको आरोप लगाएको छ।

चीन

हत्यारालाई मृत्युदण्ड

बेइजिङ, (एजेन्सी)

एकजना चिनियाँ घरेलु सहयोगीलाई नियतवश आफूले काम गर्ने घरमा आगो लगाएर एक महिलासहित उनका ३ सन्तानको हत्या गरेको आरोपमा शनिबार मृत्युदण्ड दिइएको छ। चीनको हाङझोको पूर्वी शहरमा भएको उक्त घटनामा ३५ वर्षीया मो हुवानजिङलाई गत फेब्रुअरीमा अदालतले मृत्युदण्डको सजाय सुनाएको थियो। जुवाको कुलतका कारण धेरै ऋण लागेपछि मोले घरमा आगो लगाएर आफ्नो मालिकलाई सकुशल उद्धार गर्ने योजना बनाइएकी थिइन्। उद्धारपछि खुसी भएर मालिकले आफूलाई थप रकम सहयोग गर्ने उनले आशा गरेकी थिइन्।

अफगान

बालबालिका मारिए

काबुल, (एजेन्सी)

अफगानिस्तानको उत्तरी फरयाव प्रान्तमा शनिबार भएको शक्तिशाली बम विस्फोटमा कम्तीमा ८ बालबालिकाको ज्यान गएको तथा अन्य ६ जना घाइते भएको प्रहरीले जनाएको छ। प्रहरीले सिरिन तागाव जिल्लामा भएको यस घटनाका लागि तालिवान लडाकूलाई दोष दिएको छ। गत साता मात्र सो क्षेत्र तालिवानको नियन्त्रणमा गएको थियो। विष्फोटन हुँदा ती बालबालिकाहरू एउटा प्रहरी चौकीनजिक खेलिरहेको प्रत्यक्षदर्शीले जनाएका छन्। अफगान आउटलेट टोलो न्युजले मारिनेहरू ६ देखि १२ वर्ष उमेरका रहेको बताएको छ।

ट्रम्पलाई सत्ताच्यूत गर्न खोजेको छैन : रोजेन्स्टेन

वासिङटन, (एजेनसी)

अमेरिकी उपन्यायाधिवक्ता रड रोजेन्स्टेनले आफूले राष्ट्रपति डोनाल्ड ट्रम्पलाई सत्ताच्यूत गर्न संवैधानिक आधार खोज्नका लागि छलफल गरेको भन्नेबारे बाहिरिएको प्रतिवेदन अस्वीकार गरेका छन्।

अमेरिकाको दोस्रो सबैभन्दा वरिष्ठ न्यायाधिकारी रोजेन्स्टेनले आफूमाथि लगाइएको आरोप झुठो र निराधार रहेको बताएका छन्। अमेरिकी अखबार न्युयोर्क टाइम्सले अज्ञात स्रोतलाई हवाला दिँदै राष्ट्रपति भवन ह्वाइट हाउसमा समस्या उत्पन्न गराउन रोजेन्स्टेइनले ट्रम्पको वार्ता गोप्य तरिकाले रेकर्ड गराउन सल्लाह दिएको तथ्य बाहिर ल्याएको थियो।

तर एउटा सूत्रले उनको यो टिप्पणी व्यंग्यात्मक भएको बीबीसीलाई बताएको छ। गत वर्ष संघीय जाँचबुझ ब्युरो (एफबीआई)का निर्देशकलाई बर्खास्त गरिएपछि रोजेन्स्टेइनले ट्रम्पबारे यस्तो प्रतिक्रिया जनाएको बताइएको छ।

त्यतिबेला एफबीआईएका निर्देशक जेम्स कोमीले ट्रम्पको राष्ट्रपतीय चुनाबका बेला रसियाबाट हस्तक्षेप भएको भन्नेबारे कानुनी अनुसन्धानको जिम्मा लिइरहेका थिए। ट्रम्पले रसियाको विवादलाई नै लिएर उनलाई पदबाट हटाइएको बताएका थिए। शुक्रबार मिसौरीमा आयोजित एउटा च्यालीमा ट्रम्पले अमेरिकी न्याय विभागमा उछालिएको फोहरको गन्ध अझै रहेको प्रतिक्रिया दिएका थिए।

उनले एफबीआईका खराब मानिसबाट आफ्नो सरकारले छुटकारा पाएजस्तै आफूले न्याय विभागलाई पनि शुद्ध पार्ने बताएका छन्। न्युयोर्क टाइम्सले रोजेन्स्टेइनले अमेरिकाको संविधानको २५औं संशोधनका लागि क्याबिनेटका सदस्यलाई साथमा लिन छलफल गरेको बताएको छ। उक्त संवैधानिक उपचारमार्फत कार्यालयका लागि अयोग्य राष्ट्रपतिलाई हटाउन सकिन्छ।

सैनिक परेडमा अन्धाधुन्ध गोली चल्यो

तेहरान, (एजेन्सी)

इरानको दक्षिण पश्चिमी शहर अहभाजमा आयोजित एक सैनिक परेडमा बन्दुकधारीले जथाभावी गोली चलाउँदा सर्वसाधारणलगायत थुप्रै सैनिकको ज्यान जानुका साथै अन्य कम्तीमा २० जना घाइते भएको सरकारी सञ्चारमाध्यमले शनिबार जनाएको छ।

सैनिक पोसाकमै रहेका ती अज्ञात आक्रमणकारीले परेड चलिरहेको नजिकको एउटा पार्कबाट गोली चलाएका थिए। सरकारी सञ्चार निकायले यस घटनामा इस्लामिक स्टेटका लडाकूको हात हुनुपर्ने अनुमान गरेको छ।

इरानका विभिन्न स्थानमा अहिले सन् १९८० देखि १९८८ सम्म इराकसँग भएको युद्धको स्मरणमा वार्षिक सैनिक परेड कार्यक्रम आयोजना गरिरहेको छ। फार्स समाचार निकायका अनुसार स्थानीय समयअनुसार बिहान ९ बजे शुरू भएको सो आक्रमणमा ४ जना व्यक्ति संलग्न रहेका छन्। स्थानीय उपगभर्नर अलि होसेन होसेइनजादेहले तीमध्ये २ सुरक्षाकर्मीको जवाफी हमलामा मारिएको र अन्य दुई जनालाई गिरफ्तार गरिएको बताएका छन्।

सैनिक मञ्चलाई लक्षित गरी भएको यस आक्रमणमा ९ सैनिक मारिएको र घाइते हुनेमा एक बालकसमेत रहेको बताइएको छ। करिब १० मिनेटसम्म भएको आक्रमणलाई लिएर अझैसम्म कसैले जिम्मेवारी दाबी गरेको छैन। केही सरकारी अधिकारीहरूले यसमा सुन्नी लडाकू वा अरब नागरिकको हात हुनुपर्ने बताएका छन्। गत वर्षदेखि अहभाज शहरमा सरकारविरुद्ध विरोध प्रदर्शन हुँदै आएको छ।

ननलाई बलात्कार गर्ने विसप गिरफ्तार

नयाँदिल्ली, (एजेन्सी)

सन् २०१४ देखि २०१६ बीच चर्चका १ ननलाई १३ पटक बलात्कार गरेको अभियोगमा दक्षिणी भारतीय राज्य केरलामा १ विसपलाई प्रहरीले गिरफ्तार गरेको स्थानीय सञ्चारमाध्यमले जनाएको छ।

नाम नखुलाइएका ती ४४ वर्षीया पीडित ननले गत जुनमा आफूलाई भएको अन्याय सम्बन्धमा क्याथोलिक चर्चले कुनै चासो नदेखाएको भन्दै कारबाहीका लागि प्रहरीसमक्ष उजुरी गरेकी थिइन्।

यस घटनालाई लिएर ननहरूले व्यापक विरोध प्रदर्शन गरेका थिए। यस घटनाको कारण भारतको सबैभन्दा पुरानो क्याथोलिक इसाई समुदाय स्तब्ध हुनुका साथै यसले राष्ट्रियस्तरमा ध्यानाकर्षण गरेको थियो। नाम गोप्य राख्ने सर्तमा १ वरिष्ठ प्रहरी अधिकारीले लगातार ३ दिनको केरकारपछि ५४ वर्षीय विसप फ्रान्को मुलाक्काललाई शुक्रबार गिरफ्तार गरिएको बीबीसीका पत्रकार इमरान कुरेसीलाई जानकारी दिएका छन्।

आफूविरुद्ध लगाइएको अभियोग अस्वीकार गरेका मुलाक्काललाई शनिबार नै अदालतमा पेस गरिन लागेको प्रहरी सूत्रले जनाएको छ। भेटिकनले बिहीबार उनलाई अर्को सूचना नआउन्जेलका लागि पदबाट हटाएको निर्णय दिएको थियो। उनी उत्तरी राज्य पन्जावको जालन्धर शहरस्थित एउटा चर्चको विसप रहेका थिए। ती ननले उनले आफूलाई केरलाको कोत्तायाममा बलात्कार गरेको बताएकी छिन्। उनले चारपटक पत्र लेखपछि बल्ल भेटिकनले पनि कारबाही अघि बढाएको बताएकी छिन्।

मृत्युलाई सुन्दर, शान्त र स्वीकार्य बनाउने वृत्तचित्र

लन्डन, (एजेन्सी)

एक वृद्ध अस्पतालको शय्यामा लेटिरहेका छन्। जीवन विश्राम गर्न लागेका उनले स्वाँस्वाँ गरी श्वास फेरिरहेका छन्। उनको छेउमै राखिएको क्यामरा लगातार चलिरहेको थियो। त्यसपछि हामीले उनलाई अर्को कोठामा लगेर उनको शव विस्तारै सफा गरेको देख्यौं।

यस वृत्तचित्रका निर्माता स्टेभन इस्टवुडले भने- 'कोही पनि मर्न चाहँदैनन्। तर मृत्यु प्राकृतिक कुरा हो। हामी शारीरिकरूपमै मर्न तयार हुनपर्छ।' उनको आइल्यान्ड नामक यस वृत्तचित्रमा गम्भीर रोगबाट पीडित ४ जनाको मृत्युको प्रत्यक्ष दृश्य समेटिएको छ।

स्टेभन भन्छन्- 'मृत्युलाई तुच्छ वस्तुका रूपमा हेरिन्छ। हामी प्रगतिशील समाजमा छौं भनी सोच्छौं तर हामी मृत्युलाई दमन र अस्वीकार गर्दछौं। हामी र भिक्टोरियन युगका मानिसबीच केही फरकै छैन। गत वर्ष उनले यस चलचित्र बनाउने क्रममा शुरूमा मृत्युवरण गरेका मानिसहरूको घरैमा र पछि अस्पतलामा दृश्यहरूको फिल्म खिचेका थिए।

उनी आफूले देखेको अनुभव यसरी सुनाउँछन्- 'कसैले पनि आफ्नो काल नआओस् भनी सोच्छन्, मृत्युको सामना गर्ने नपरोस् भन्ने सोच सबैको हुन्छ। हाम्रो मरणशीलतासँग थप साक्षात्कार हुनका लागि हामीलाई मृत्युसम्बन्धी राम्रो चेतनाको आवश्यक छ। मलाई मृत्यु त्यति भयावह र पीडादायी छ जस्तो लाग्दैन।'

बेलायतको ब्राइटनस्थित ग्यालरी फ्याब्रिसियाले जीवनको अन्त्यबारे फिल्म बनाउने निर्णय गरेपछि यो वृत्तचित्र बन्न पुगेको हो। लन्डन निवासी स्टेभनको प्रस्ताव स्वीकृत भयो। उनले आइल अफ वाइटको एउटा अस्पतालबाट यसका लागि आवश्यक सहयोग पाउने पनि तय भयो।

उनी वृत्तचित्र निर्माण गर्दाको स्मरण गर्दछन्- 'म ८० वर्षको हाराहारीमा पुगेका एलन, रोय र म्यारी तथा अर्का एक ४० वर्ष उमेरका बिरामीको निकै स्याहार गर्दथें।'

उनी हरेक दिन ५ घण्टा लामो यात्रा तय गरेर अस्पताल पुग्ने गर्दथे। साथै सो टापुमा रहेको अस्पताल पुग्न डुँगा पनि चढ्नुपर्थ्यो। उनी करिब आफ्नै उमेरका सासू र एक अनन्य साथीको मृत्यबाट अत्यन्तै शोकाकूल भएपछि यो वृत्तचित्र बनाउन प्रेरित भएका थिए।

यसैक्रममा उनले पीडारहित स्याहा सुसारबारे धेरै जानकारी हासिल गरे। स्टेभनका अनुसार हामीले मृत्युको वास्तविकता ढिलो वा चाँडो सामना गर्नैपर्छ भन्ने सोच्नुपर्छ र यसलाई नियमित जीवनको एक अंशका रूपमा लिने हो भने यो कम भयावह हुनेछ।

उनी भन्छन्- 'मेरो विचारमा हाम्रो कोही पनि मनपर्ने व्यक्तिको मृत्यु हुँदा उनको अस्तित्वलाई लिएर हामीमा डर पैदा हुन्छ। त्यस्तोबला निकै भावविह्वल हुन पुगिन्छ। मर्ने व्यक्तिका हरेक सम्झना झलझली याद आउन थाल्छन्। कुनै पनि हालतमा ती यादलाई नजरअन्दाज गर्न सकिन्न।'

उनले आफ्नो वृत्तचित्र बनाउन निकै सहयोग पुऱ्याउने अस्पतलाका डाक्टर, नर्स तथा अन्य कर्मचारीलाई धन्यवाद दिएका छन्। जीवनको उत्तरार्धमा पुगेका मानिसको चित्त बुझाएर सेवा गर्नु ठूलो धर्मसमेत भएको उनको सोचाइ छ।

स्टेभनले आफ्नो कामको सफलतालाई यसरी सम्झेका छन्- 'एकदिन एकजना अपरिचित व्यक्तिले मकहाँ आएर त्यो वृत्तचित्र हेरेपछि आफूलाई भावी मृत्युदेखि डर लाग्न छोडेको बताए। हाम्रो जीवनमा घट्ने घटनालाई शान्तिपूर्वक हुन दिनु पनि राम्रो कुरा हो।'

क्यान्सरका कारण मृत्युवरण गरेका एलनका बारे रोचक प्रसंग उनी यसरी बताउँछन्- '१६ वर्षको उमेरदेखि नै एलन चेन स्मोकर बनेका थिए। अस्पतालमा पनि नर्सले उनलाई चुरोट बाल्नमा मद्दत गर्ने गरेकी थिइन्।

तर आश्चर्यको कुरा के हो भने उनलाई धूमपानसँग सम्बन्धित क्यान्सर भएको थिएन। उनलाई नमरुन्जेल चुरोट पिलाएर उपचार एवं स्याहार सुसार गर्नु नै त्यस अस्पतालको विशेषता रहेछ।

डाक्टरका अनुसार यदि उनलाइ चुरोट नपिलाइएको भए धेरै समयअघि नै उनको मृत्यु भइसक्थ्यो। उनी चुरोट पिउनकै लागि बाँचिरहेका थिए। एलन आफैले मलाई आफ्नो अन्तिम क्षणको फिल्म खिच्न आग्रह गरेका थिए। उनको मृत्युको पल लामो, शान्त र सुन्दर थियो। उनी मृत्युका लागि तयार थिए। मलाई उनको मृत्युमा दुःख लागेन।

हेलेन बुश, मनोरञ्जन तथा कला पत्रकार, बीबीसी

नेपाल र जापानबीच सिधा हवाई सेवाका विषयमा चर्चा गर्दै नेपालमा लगानीका लागि नेपाल जापान संसदीयमैत्री लिगका सदस्यहरुले भूमिका खेल्न उहाँले आग्रह गर्नुभयो।

कांग्रेसले संशोधित विधान मस्यौदा छलफलमा लैजाँदै

नेपाल समाचारपत्र

काठमाडौं

नेपाली कांग्रेसको विधान मस्यौदा समितिले संघीय संरचनाअनुसार तयार पारेको विधान संशोधन मस्यौदालाई भोलि सोमबारदेखि सातै प्रदेशमा छलफलमा लैजाने भएको छ। आउँदो शनिबारसम्म प्रारम्भिक मस्यौदामाथि छलफल गरी सुझाव लिएपछि मस्यौदा समितिले केन्द्रीय समितिमा पेश गर्ने जनाएको छ।

मुलुकको नयाँ संघीय संरचनाअनुसार संगठनात्मक संरचनाहरूलाई पुनर्संरचना गर्नका लागि पार्टीको विधानमा आवश्यक संशोधन र परिमार्जन गर्न महामन्त्री पूर्णबहादुर खड्काको संयोजकत्वमा गठित समितिले प्ररम्भिक मस्यौदा छलफल गर्ने कार्यतालिका पनि सार्वजनिक गरेको छ।

विधान मस्यौदा समितिका संयोजक खड्काले जानकारी दिएअनुसार विधानको प्रारम्भिक मस्यौदामाथि असोज ८ र ९ गते इलाममा छलफल हुनेछ। छलफल गर्न तोकिएको स्थानमा, तोकिएको जिल्लाका जिल्ला सभापति, महासमिति सदस्य, क्षेत्रीय सभापति, महाधिवेशन प्रतिनिधि, प्रतिनिधिसभा र राष्ट्रियसभाका सदस्य तथा भ्रातृ एवं सुभेच्छुक संस्थाका प्रमुखहरूलाई बोलाइएको छ।

संशोधित विधान मस्यौदामा पदाधिकारी संख्या बढाउने, केन्द्रदेखि गाउँटोलसम्म गरी ८ तहको पार्टी संरचना रहने, केन्द्रीय कार्यसमिति सदस्यको संख्या बढाउने, हरेक समितिको नेतृत्वमा न्यूनतम् ३३ प्रतिशत महिला सहभागितालाई सुनिश्चित गर्नेलगायतका रहेका छन्।

विधान मस्यौदा समितिले तयार पारेको प्रारम्भिक मस्यौदाको सातै प्रदेशमा दफावार छलफल गरी एकीकृत गरिने मस्यौदा समितिका संयोजक खड्काले बताउनुभएको छ।

प्रारम्भिक मस्यौदामाथि ७ प्रदेशको १२ स्थानबाट छलफल गरी सुझाव संकलन गरिँदै छ। मस्यौदा समितिले तयार पारेको संशोधित विधानलाई केन्द्रीय समितिले महासमिति बैठकमा लैजानुपर्छ केन्द्रीय समितिभन्दा माथिल्लो निकायका रूपमा रहेको महासमिति बैठक मंसिर ५ देखि ९ गतेसम्म काठमाडौंमा बस्दै छ। यो बैठकको मुख्य एजेन्डा विधान संशोधन तथा परिमार्जन रहेको छ।

जापानी लगानीकर्तालाई नेपाल जान राजदूत राणाको आग्रह

नेपाल समाचारपत्र

टोकियो

जापानका लागि नेपाली राजदूत प्रतिभा राणाले नेपालमा तीनै तहको चुनाव सम्पन्न भएर नयाँ सरकार गठन भएसँगै राजनीतिक स्थायित्व स्थापित भएको भन्दै नेपालमा लगानी गर्न आग्रह गर्नुभएको छ।

टोकियो दूतावासले आयोजना गरेको कार्यक्रममा जापान सरकारका प्रतिनिधि, उद्योगी/व्यापारी तथा विभिन्न पेसा र व्यवसायमा संलग्न नेपाली समुदायलाई बोलाएर नेपालमा लगानीमैत्री वातावरण भएको बताउनुभएको थियो। राजदूत राणाले व्यापक सहभागितामा समावेशी, संघीय तथा पूर्णलोकतान्त्रिक संविधान जारी भएकाले संविधान जारी भएको दिन नेपालीको इतिहासमा निकै महत्त्वपूर्ण भएको बताउनुभयो।

'संविधानअनुसार तीनै तहको चुनाव सम्पन्न भएको छ' राजदूत राणाले भन्नुभयो- 'अब प्रधानमन्त्रीको 'समृद्ध नेपाल खुसी नेपाली' को सोचलाई यथार्थतामा परिणत गर्न आर्थिक विकास र समृद्धि हासिल गर्न नेपाल सरकार अघि बढिरहेको छ।'

नेपालको प्राकृतिक सुन्दरता, २०२० लाई भिजिट नेपाल वर्ष बनाउने सरकारको घोषणा र निकट भविष्यमै नेपाल र जापानबीच सिधा हवाई सेवाका विषयमा चर्चा गर्दै नेपालमा लगानीका लागि नेपाल जापान संसदीय मैत्री लिगका सदस्यहरूले भूमिका खेल्न उहाँले आग्रह गर्नुभयो। साथै राजदूत राणाले नेपालको आर्थिक र सामाजिक विकासमा जापान सरकारले खेलेको योगदानका लागि धन्यवाद दिनुभयो।

कार्यक्रमका प्रमुख अतिथि जापानी विदेश उपमन्त्री आईवा मोरीले नेपालमा तीनै तहको चुनाव शान्तिपूर्ण रूपमा सम्पन्न भएर लोकतान्त्रिक उच्चतम् अभ्यास भएको बताउनुभयो। उहाँले नेपालको चुनावमा जापान सरकारले पनि पर्यवेक्षण गरेको स्मरण गर्दै नेपालको लोकतन्त्र सुदृणीकरणका लागि जापान सरकारले सहयोग गरेको बताउनुभयो।

तीन डीआईजी एआईजीमा बढुवा

काठमाडौं, (नेस)

नेपाल प्रहरीका पुष्कर कार्कीसहित ३ नायब महानिरीक्षक डीआईजीलाई प्रहरी अतिरिक्त महानिरीक्षक एआईजीमा बढुवा भएका छन्।

मन्त्रिपरिषद बैठकले बढुवा समितिको सिफारिसअनुसार डीआईजीहरू पुस्कर कार्की, ठूले राई र धिरु बस्न्यातलाई एआईजीमा बढुवा गर्ने निर्णय गरेको हो।

बढुवासँगै कार्कीलाई प्रहरी हेडक्वार्टरको कार्य तथा अपराध अनुसन्धान विभाग, राईलाई मानव स्रोत तथा प्रशासन विभाग र बस्नेतलाई प्रहरी प्रशिक्षण प्रतिष्ठानमा पदस्थापन गरिएको छ।

बैठकले प्रधानमन्त्री केपी शर्मा ओलीको अमेरिका भ्रमण स्वीकृत गरेको छ भने सुनसरीमा हत्या भएका खुर्सिद अन्सारीलाई शहीद घोषणा गर्दै परिवारलाई १० लाख राहत दिने निर्णय गरेको छ। सरकारले माथिल्लो अरूण जलविद्युत् आयोजना आफ्नै लगानीमा निर्माण गर्ने गरी २०६९ फागुन ४ गतेको मन्त्रिपरिषद् बैठकको निर्णय संशोधन गरेको छ।

शुक्रबारको मन्त्रिपरिषद् बैठकले नीति अनुसन्धान प्रतिष्ठान् (थिङ्क ट्यांक) बनाएको छ। प्रतिष्ठानमा प्राडा. चैतन्य मिश्र, डा. मिना आचार्य, प्राडा. राजेन्द्रध्वज जोशी, प्राडा. सुरेन्द्र लाभ र डा. गणेशमान गुरुङ रहनुभएको छ।

स्पेन...

कार्ड र नेमप्लेट तयार गर्ने खर्च गत वर्ष नै निकासा हुँदा पनि कार्यालयमा आउन किन ढिलासुस्ती भन्ने जिज्ञासामा दूतावासका प्रथम सेक्रेटरी हरिहरकान्त पौडेल आश्चर्य मान्दै भन्नुहुन्छ- 'हो र, खै मलाई त यसबारेमा केही जानकारी नै भएन।' तर त्यस्ता सामग्रीको बिल फरक मितिमा निकासा भइसकेको छ। स्पेनको नियमअनुसार २ सय ४० युरोसम्मका समान खरिद गर्दा भ्याट फिर्ता हुने प्रावधान भए तापनि राजदूत भरत रायमाझीले त्यस्तो सुविधा प्रयोग नगरी दूतावासको आर्थिक भार बढाएको, मनोमानी ढंगबाट काम गरेको देखिएको छ।

'स्पेनिस कानुनले दिएको सुविधा राजदूतले उपयोग गरे वा उल्लंघन गरे उनै जानून्, तर सो दूतावासको कार्यशैली सन्तोषजनक नभएको गुनासो प्राप्त भएको छ' -परराष्ट्र मन्त्रालयका एक उच्च अधिकारीले नेपाल समाचारपत्रसँग भने। ती अधिकारीले प्रस्ट्याउँदै भने- 'पक्कै पनि केही न केही गडबढी भएर मन्त्रालयमा खबर आएको हुनुपर्छ, सञ्चारमाध्यममा खवर आउन थालेपछि दूतावासलाई स्पष्टीकरण सोधेको हो।'

परराष्ट्रले गत जेठ दोस्रो साता विदेशस्थित सबै नेपाली नियोगलाई पत्राचार गर्दै कार्यसम्पादन विवरण पठाउन पत्राचार गरेको थियो तर स्पेनले प्रष्ट जवाफ पठाउन सकेको थिएन। प्रस्ट जवाफ नआएपछि परराष्ट्रले पुनः प्रगति विवरण ३ दिनभित्र पठाउन ध्यानाकर्षण गराउँदै गत साउन २७ गते दूतावासलाई पत्राचार गरेको थियो। पटक-पटकको ताकेतापछि गत भदौ २२ गते दूतावासले जवाफ पठाए पनि जवाफ चित्तबुझ्दो नभएको मन्त्रालयले जनाएको छ।

स्रोतका अनुसार म्याड्रिडस्थित दूतावासले त्यहाँ बंगाली र पाकिस्तानी नागरिकका पसलबाट सामग्री खरिद गर्दै आएको छ। कसरी हुन्छ सस्तो दाममा सामान उपलब्ध गराउन दूतावास कर्मचारीले पसलेसँग धेरै पटक बार्गेनिङ गर्दै भ्याट छल्न मिल्ने प्रकृतिको बिल बनाउन दबाब दिने गरेपछि पसलेले पनि सोही प्रकृतिका बिल उपलब्ध गराउँदै आएका छन्। हाल दूतावासले प्रयोग गर्दै आएको भवन भाडामा लिने क्रममा दूतावासका तृतीय सचिव भोजराज भट्टराई म्याड्रिडमै उपस्थित भए पनि घरभाडा सम्झौताको समयमा आफूलाई सामेल नगराइएको भन्दै उहाँले असन्तुष्टि व्यक्त गर्नुभएको थियो।

स्रोत भन्छ- 'घर बहालमा लिँदा र आवश्यक सामग्री र सवारी खरिद प्रक्रिया मनोमानी ढंगले गर्दा आर्थिक अनियमितता बढेको छ, दूतावासका लागि लिइएको भवन सिधै घरधनीबाट लिएकाले घरभाडामा अनियमितता भएको छ।' यसअघि गत भदौ २७ गते पनि नेपाल समाचारपत्रमा दूतावासको सवारी खरिद र आर्थिक अनियमिताबारेको खवर सार्वजनिक भएको थियो। तेस्रो पक्षको बिमाविना दूतावास प्रयोजनका लागि किया ब्रान्डका दुईवटा र राजदूत रायमाझीका लागि मर्सिडिज कम्पनीको गाडी खरिद गरिएको छ।

गाडी बिमा नभएकाले ती सवारी गुडाउन समस्या भएको बताइएको छ। दूतावासमा आर्थिक अनियमिता चुलिएपछि गत साउन तेस्रो साता स्पेनमा बस्दै आएका नेपालीले अख्तियार दुरूपयोग अनुसन्धान आयोगमा छानविनका लागि निवेदन दिएका छन्। यसबारेमा जिज्ञासा राख्दा अख्तियारका सह-सचिव एवं प्रवक्ता रामेश्वर दंगालले प्रारम्भिक अध्ययन भइरहेको बताउनुभयो।

सार्वजनिक यातायातको भाडा १० प्रतिशतले बढ्यो

काठमाडौं, (नेस)

अन्ततः दशैंको मुखमा सार्वजनिक यातायातको भाडा वृद्धि भएको छ। यातायात व्यवसायीले दशैंको अग्रिम टिकट बुकिङ नै रोकेपछि सरकार १० प्रतिशत भाडा बढाउन सहमत भएको हो।

शनिबार भौतिक पूर्वाधार तथा यातायात व्यवस्था मन्त्रालयमा भएको वार्तामा हालै भएको इन्धनको मूल्य वृद्धिलाई मुख्य आधार मानेर भाडादर १० प्रतिशत बढाउने सहमति भएको हो। सहमतिअनुसार आजबाटै नयाँ भाडादर कायम गर्न यातायात व्यवस्था विभागलाई भनिएको छ। समयसापेक्ष भाडादर कायम गर्न दुई महिनाभित्र प्रतिवेदन दिने गरी समिति गठन गर्ने र मंसिर २९ सम्म भाडा समायोजन गर्ने सहमति पनि भएको छ। वार्तामा यातायात व्यवसायी संघ तथा समितिहरूको रोक्का रहेको बैंक खाताबाट समितिको अनिवार्य दायित्वभित्र पर्ने खर्चहरू भुक्तानी गर्ने व्यवस्था मिलाउन गृह मन्त्रालयलाई आग्रह गर्ने सहमति पनि भएको छ। हालै मात्र इन्धनको मूल्य वृद्धि भएपछि व्यवसायीले असोज ५ गतेबाट खुला गर्ने भनिएको अग्रिम टिकट बुकिङ रोक्का थिए।

सिन्डिकेट कायम गरेको भन्दै सरकारले २ सय ४५ समितिको बैंक खाता रोक्का गरेको थियो। शनिबारको वार्तामा यातायात व्यवसायी राष्ट्रिय महासंघले अग्रिम टिकट बुकिङ खुला गर्ने सहमति पनि गरेको छ तर मिति भने तोकिएको छैन।

भारती खरेल स्मृति पुरस्कार शर्मालाई दिइने

काठमाडौं, (नेस)

यस वर्षको भारती खरेल स्मृति पुरस्कार प्राध्यापक रमा शर्मालाई प्रदान गर्ने निर्णय गरिएको छ। भारती खरेल प्रतिष्ठानका अध्यक्ष वरिष्ठ साहित्यकार शैलेन्द्र साकाको अध्यक्षतामा शनिबार बसेको प्रतिष्ठानको बैठकले यस प्रतिष्ठानबाट प्रदान गरिँदै आएको भक्तिमती स्व. भारती खरेलको स्मृतिमा स्थापित २०७५ सालको पुरस्कार शर्मालाई दिने निर्णय गरेको छ।

साहित्य साधनाको क्षेत्रमा प्रदान गरिने भारती खरेल स्मृति पुरस्कार नेपाली भाषा साहित्यको समृद्धिमा निबन्ध सिर्जना, समीक्षा, सम्पादन र प्राध्यापनका साथै नेपाली शिक्षा परिषद् र लेखनाथ साहित्य सदनको सञ्चालन व्यवस्थापनका माध्यमबाट समेत दिएको उल्लेखनीय योगदान पुऱ्याउने स्रष्ठालाई प्रदान गरिँदै आएको छ।

प्रतिष्ठान भक्तिमती भारती खरेलको स्मृतिमा समाजसेवी श्री चन्द्रिकानन्द खरेल, सुप्रसिद्ध गायक श्री दीपक खरेल तथा परिवारबाट २०४९ सालमा स्थापना भएको हो। पुरस्कारको राशी ५१ हजार रुपियाँसहित सम्मानपत्र रहेको छ। यो पुरस्कार स्व. भारती खरेलको ८१औं जयन्तीका अवसरमा आगामी मंसिर १६ गते आयोजना हुने विशेष समारोहमा प्रदान गरिने प्रष्ठिानका सदस्य सचिव प्रयागराज भट्टराई वाशिष्ठले जानकारी दिनुभयो

५० जना विद्यार्थीका लागि ६० जना प्राध्यापक

विराटनगर, (नेस)

विराटनगरस्थित स्नातकोत्तर क्याम्पसमा क्याम्पस प्रमुखको नियुक्तिको विषय लिएर विवाद भएको छ। नियमविपरीत अन्य क्याम्पसका प्राध्यापकलाई क्याम्पस प्रमुख नियुक्त गरिएको भन्दै प्राध्यापक सम्बद्ध संघसंगठनले क्याम्पस प्रमुखको कार्यकक्षमा अनिश्चिकालीन तालाबन्दी गरेका छन्।

त्रिभुवन विश्वविद्यालयको आंगिक क्याम्पसका रूपमा रहेको विराटनगर-१४ स्थित स्नात्तकोत्तर क्याम्पसको क्याम्पस प्रमुखको कोठामा प्राध्यापक सम्बद्ध संघसंस्थाका पदाधिकारीले तालाबन्दी गरेका हुन्। महेन्द्र मोरङ क्याम्पसमा अध्यापनरत प्राध्यापक महेश खत्रीलाई नियमविपरीत त्रिविले क्याम्पस प्रमुखमा नियुक्ति गरेको विरोधमा तालाबन्दी गरिएको त्रिवि प्राध्यापक संघ स्नातकोत्तर क्याम्पस इकाईले जनाएको छ।

वरिष्ठताका आधारमा क्याम्पसभित्रकै प्राध्यापकमध्येबाट क्याम्पस प्रमुख नियुक्ति गर्नुपर्ने नियम रहे पनि राजनीतिक भागबण्डाका कारण अन्य क्याम्पसका प्राध्यापकलाई क्याम्पस प्रमुख नियुक्त गरिएको उनिहरूको भनाइ छ। क्याम्पस बाहिरकालाई क्याम्पस प्रमुख बनाउँदा क्याम्पसप्रतिको उत्तरदायित्व र लगाव नरहने तथा वरिष्ठताका आधारमा क्याम्पस प्रमुख बन्न पाउनुपर्ने प्रजातन्त्रवादी प्राध्यापक संघ स्नातकोत्तर क्याम्पस विराटनगरका अध्यक्ष प्राडा अनिलकुमार पोखरेलले बताए।

चरम राजनीतिकाले क्याम्पसको पठनपाठन प्रभावित हुनुका कारण पछिल्लो समय विद्यार्थीको संख्या पनि अत्यन्तै घटेको प्राध्यापकले जानकारी दिएका छन्। २०६४ सालमा सो क्याम्पसमा २ हजार विद्यार्थी अध्ययनरत रहेकामा हाल ५० जना विद्यार्थी मात्र अध्यनरत रहेको जनाइएको छ। हाल ५० जनामात्र विद्यार्थी अध्ययनरत रहेको सो क्याम्पसमा ६० जना प्राध्यापक कार्यरत रहेका छन्।

नियोजितरूपमा क्याम्पस विघटन गराउन लागि परेको समूहले लामो समयदेखि नियमविपरीतका विभिन्न गतिविधि गर्दै आएको प्राध्यापकको आरोप छ। कार्यकक्षमै तालाबन्दी गरिएपछि भदौ २६ गते त्रिविबाट नियुक्ति लिएर २७ गते पदभार ग्रहण गर्न आइपुग्नुभएका नवनियुक्त क्याम्पस प्रमुख खत्री भने कार्यकक्ष बाहिरै बसेर कार्यसम्पादन गर्दै आइरहेका छन्।

फेसबुक पेजबाट संकलित रकम मृगौलापीडितलाई

खोटाङ, (नेस)

खोटाङका मृगौलापीडित बालिकाका लागि फेसबुक पेजको माध्यमबाट संकलन गरिएको रकम हस्तान्तरण गरिएको छ। 'हाम्रो आवाज, परिवर्तन समाज' नामक फेसबुक पेजका सञ्चालकले संकलन गरेको २२ हजार ५ सय रुपियाँ दिक्तेल रूपाकोट मझुवागढी नगरपालिका-३ बाम्राङकी मृगौलापीडित ९ वर्षीया सुस्मिता विश्वकर्मालाई हस्तान्तरण गरिएको हो।

पूर्व-पश्चिमका ७२ युवाले सञ्चालन गरिरहेको फेसबुक पेजका सञ्चालकले शनिबार खोटाङ खबर साप्ताहिकको दिक्तेलस्थित कार्यालयमा रकम हस्तान्तरण गरेका हुन्। फेसबुक पेजका सञ्चालकबाट संकलन गरिएको रकम सामाजिक दिवसको अवसर पारेर दिक्तेल रूपाकोट मझुवागढी नगरपालिका-१ दिक्तेलका वडाध्यक्ष टंक आचार्यले पीडित बालिकालाई हस्तान्तरण गरेका हुन्।

दुवै मिर्गौला प्रत्यारोपणका लागि आर्थिक समस्यामा परेका विश्वकर्मा परिवारलाई सहयोग गरिएको फेसबुक पेजका सञ्चालक कृष्णकला राईले बताए। बाम्राङ घर भई हाल कतारमा रहेका युवराज थापाले पनि सुस्मितालाई शुक्रबार सुर्केडाँडा आधारभूत विद्यालयका प्रअ सूर्यबहादुर थापामार्फत १५ हजार सहयोग प्रदान गरेका थिए।

झगडा हुँदा श्रीमतीले पुरानो कुरा खोलिदिएपछि...

नेपाल समाचारपत्र

बाँके

लोग्ने-स्वास्नीको झगडा 'परालको आगो' भने पनि यी दुईको झगडाले छिमेकीको समेत ध्यान तान्यो। भनाभन भइरहँदा श्रीमतीले लोग्नेलाई ११ वर्षीया बालिकालाई दुर्व्यवहार गरेको रहस्य खोलिदिइन्।

सुन्ने मान्छे थुप्रै थिए। त्यहीमध्येको कोहीले प्रहरीलाई खबर गरिदियो- '११ वर्षकी बालिकालाई दुर्व्यवहार गरेको कुरा आएको छ।' प्रहरी घरमा पुग्यो र श्रीमान्लाई समातेर ल्यायो। बालिकालाई पनि स्वास्थ्य परीक्षण गर्न पठायो।

खासमा भएको के रहेछ भने झण्डै दुई हप्ताअघि ढकाल थरका ती व्यक्तिले छिमेकी ११ वर्षकी बालिकालाई आफ्नो घर सफा गर्न (बढार्न) भनेका रहेछन्। त्यहीबेला उनले बालिकालाई यौन दुर्व्यवहारको प्रयास गरेका थिए। करणी नभएकाले त्यस घटनालाई सामसुम पारिएको थियो। त्यसबेला घरमा नभए पनि यो कुरा श्रीमतीले थाहा पाएकी थिइन्। लोग्ने र स्वास्नीको झगडा हुँदा उनले श्रीमान्लाई पछार्न यही कुरा झिकिदिइन्।

श्रीमतीले एकछिनको रिसमा खोलिदिएको कुराले श्रीमान् भने प्रहरी खोरमा पुगेका छन्। बालिकाले आमाले जाहेरी दिन मानिनन्। प्रहरीलाई पनि आपत पऱ्यो, अभियुक्तलाई समातेर ल्याउने अनि जाहेरी नआउने। उसले हजुरबामार्फत जाहेरी हाल्न लगाएर अभियुक्तलाई 'यौन दुरूपयोग' मा कारबाही प्रक्रिया अघि बढाएको छ। प्रहरीले अदालतबाट म्याद थप गरिसकेको छ।

घरमा कोही नभएका बेलामा छिमेकी बालिकालाई 'मेरो पनि घर बढारिदे' भनेर बोलाएर उनले शरीरमा छोएका थिए। करणी नै नभए पनि उनको आशय गलत देखिन्छ।

लोग्ने-स्वास्नीको झगडाका बेलामा निस्केको कुरा, बालिकाको आमाले जाहेरी दिन नमान्नुलाई सामान्य मानेर पक्राउ गरिएका अभियुक्तलाई छोड्दा प्रहरीले 'यौन दुर्व्यवहारका घटना मिलापत्र गरायो भन्ने आरोप लाग्थ्यो। त्यही भएर हजुरबामार्फत जाहेरी लिएर कारबाही प्रक्रिया अघि बढाएका छौं -इलाका प्रहरी कार्यालय कोहलपुरका प्रवक्ता मानबहादुर बिसीले भने।

कोहलपुरमै ७८ वर्षका हजुरबाले तीन वर्षदेखि १३ वर्षकी नातिनीलाई जबरजस्ती गर्दै आएको घटना बाहिर आएपछि बलियो अनुसन्धान गर्न प्रहरीलाई दबाब दिने काम भइरहेको छ। ठूलो संख्यामा सडकमै निस्केर सर्वसाधारणले यो घटनामा प्रहरीको काम कारबाहीप्रति 'वाच' गरिरहेका बेलामा यौन दुर्व्यवहार गरेको भनिएका व्यक्तिलाई पक्राउ गरेर मिलापत्र गरायो भन्ने अर्को आरोप लाग्न सक्नेतर्फ प्रहरी सचेत भएको छ। नयाँ कानुनले पनि प्रहरीले त्यत्तिकै कसैलाई समात्न पाउँदैन। सरकारी वकिलको कार्यालय हुँदै अदालतबाट आदेश लिएर कसैलाई समात्नुपर्छ। कोहलपुर क्षेत्रमा जबरजस्ती करणीका घटना बढिरहेका छन्।

प्रधानमन्त्री...

'प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले गरेका निर्णय चित्त नबुझेर धेरैजसो उजुरी आउने गरेका छन् भने कहिलेकाहीं यो कार्यालयसँग सम्बन्धित नभएका उजुरी पनि आउँछन्', सहसचिव श्रेष्ठले भन्नुभयो- 'अन्य कार्यालयमा न्याय मागदा नपाइएला कि भनेर प्रधानमन्त्रीकहाँ पनि दिऔं भनेर पनि उजुरी पर्ने गरेका छन्।'

विभिन्न तहका अदालत हुँदै सर्वोच्चमा आइपुगेका मुद्दालाई सर्वोच्चले प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा प्रश्न बनाएर पठाउने गरेको छ। महाशाखाका उपसचिव लोकहरि बस्यालले उजुरीको प्रकृतिका आधारमा समयसीमाभित्रै जवाफ पठाइने गरेको बताउनुभयो।

'उजुरीको प्रकृति के-कस्तो हो त्यसको अध्ययन हुने र ढिलो नहुने गरी उपयुक्त जवाफ पठाउने गरेका छौं', बस्यालले भन्नुभयो- 'अन्य मन्त्रालयमा पनि यस्ता शाखा छन् जसमा उजुरी दिन सकिने प्रावधान रहेका छन्।'

पहिले मानवअधिकार र कानुनसम्बन्धी काम गर्ने एउटै महाशाखा रहेकामा अहिले यसैलाई २ वटा बनाइएको छ। अर्को शाखाका रूपमा मानव अधिकार र अन्तर्राष्ट्रिय सन्धि सम्झौता महाशाखा रहेका छन्। प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा ११ वटा महाशाखा रहेका छन्।

अर्थ

नेपाल बंगलादेश बैंक र आयोजना सञ्चालक कम्पनी पिपल्स पावर लिमिटेडबीच उक्त ऋण सम्झौता भएको हो।

2018, SEP Sunday 23

हिमाल स्टील आजको भाउ

RHINO 500D
बिक्री मूल्य रु. प्रति किलोग्राम
नेपालमा पहिलो पटक, नेपालकै लागि

पेट्रोलियम अन्वेषण तथा उत्खननमा चिनियाँ जवाफको पर्खाइ

नेपाल समाचारपत्र

काठमाडौं

पेट्रोलियम अन्वेषण तथा उत्खनन् कार्य अन्तिम चरणमा पुगेको छ। चिनियाँ अध्ययन टोलीले पठाएको मस्यौदामाथि नेपालले आफ्नो कमेन्ट पठाएको छ। अब नेपालले चिनियाँ टोलीको जवाफ कुरिरहेको पेट्रोलियम अन्वेषण परियोजनाले जनाएको छ।

'ठूलो धनराशी खर्च हुने भएकाले हामी अध्ययनमै रहेका छौं, सम्भवत चाँडै टुंगो लाग्ने विश्वास लिएका छौं,' उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालयका सहसचिव दिनेश भट्टराईले भन्नुभयो।

जियोलोजिकल अफ चाइनाको टोलीले नेपालको पेट्रोलियम अन्वेषणको काम गरिरहेको छ। चिनियाँ टोलीले आन्तरिक गृहकार्य गरिरहेको भएर आउन ढिला भएको हुन सक्ने र चँडै टोली आउने खानी तथा भूगर्भ विभागले जनाएको छ। सन् २०१८ भित्रै आउने अनुमान गरिएको छ।

'नेपाल र चिनियाँ पक्षबीचको समझदारीका परियोजनाले मूर्तरूप पाउनेछ, त्यसको लागि हामी प्रयासरत रहेका छौं,' खानी तथा भूगर्भ विभागका निमित्त महानिर्देशक डा. सोमनाथ सापकोटाले बताउनुभयो।

सापकोटाका अनुसार चिनियाँ पक्षले सरकार मातहतबाट नै परियोजनाको काम पूरा गर्ने मनसाय व्यक्त गरेको छ। सोही अनुरूप काम भइरहेको सापकोटाको भनाइ छ।

चिनियाँ टोलीले कुन परिमाणमा, कति तल पेट्रोलियम पदार्थको अवस्थितिका बारेमा अध्ययन गरेको पेट्रोलियम अन्वेषण परियोजना लैनचौरका प्रमुख सुधीर रजौरेले नेपाल समाचारपत्रलाई बताउनुभयो। 'हामीले चिनियाँ पक्षले पठाएको मस्यौदामा कमेन्ट पठाएका छौं, सम्भवत चाँडै जवाफ प्राप्त हुनेछ,' रजौरेले बताउनुभयो।

नेपाल र चीन सरकारबीच नेपालमा पेट्रोलियम

> देशका १० वटा पेट्रोलियम अन्वेषण ब्लक रहेको छ। धनगढी, कर्णाली, नेपालगन्ज, लुम्बिनी, चितवन, वीरगन्ज, मलंगवा, जनकपुर, राजविराज र विराटनगरलाई १ देखि १० नम्बर ब्लकका रूपमा नामाकरण गरिएको छ।

पदार्थको अन्वेषण गर्ने विषयमा विभिन्न चरणमा सम्झौता भएका छन्। नेपालमा पेट्रोलियम पदार्थ छ भन्नेमा कुनै दुई मत छैन। तर, कहाँ, कति, कुन तहमा रहेको छ भन्ने बारेमा भने अन्वेषणको विस्तृत प्रतिवेदनपछि नै थाहा हुने परियोजना प्रमुख रजौरेले बताउनुभयो।

चिनियाँ टोलीले चुरे र तराई क्षेत्रमा अन्वेषण र उत्खनन् गरी व्यावसायिक उत्पादनको सम्भाव्यताको बाटो खोल्नेछ।

देशका १० वटा पेट्रोलियम अन्वेषण ब्लक रहेको छ। धनगढी, कर्णाली, नेपालगन्ज, लुम्बिनी, चितवन, वीरगन्ज, मलंगवा, जनकपुर, राजविराज र विराटनगरलाई १ देखि १० नम्बर ब्लकका रूपमा नामाकरण गरिएको छ।

कुन-कुन ब्लकमा चिनियाँ टोलीले काम गर्छ, त्यसपछि मात्र बँकी रहेको ब्लकका लागि हामी ग्लोबल टेण्डरको प्रक्रिया खुला गरेर काम गर्ने योजना रहेको परियोजना प्रमुख रजौरेले बताउनुभयो।

परियोजनाले ग्लोबल टेन्डरको लागि सबै प्रक्रिया पूरा गरिसकेको भए पनि हाल त्यसलाई यथास्थितिमा राखेको छ। जसका लागि पेट्रोलियम नियमावली पाँचौं संशोधन मन्त्रिपरिषद्बाट पारित गरी राजपत्रमा सूचना प्रकाशितसमेत गरिसकेको छ।

एउटा ब्लकको अन्वेषणको लागि ३ देखि ४ अर्ब लाग्ने अनुमान गरी पहिलो चरणमा चार वटासम्म खानीको अन्वेषण गर्न परियोजनाको लक्ष्य रहेको छ। 'हामीले शून्य लगानीमा अधिकतम् प्रतिफल दिने कम्पनीलाई ठेक्का दिने हो, पेट्रोलियम पदार्थ फेला पर्‍यो भने आम्दानी बाँडफाँड हुन्छ, नत्र कम्पनी खाली हात फर्किन्छ,' रजौरेले बताउनुभयो।

रजौरेका अनुसार पेट्रोलियम नियमावलीले नेपाल सरकारलाई १२ दशमलव ५ प्रतिशत रोयल्टी ग्यारेन्टी गरेको छ। सबैभन्दा धेरै आम्दानीको हिस्सा दिने अन्तर्राष्ट्रिय कम्पनीलाई अन्वेषण र उत्खननको जिम्मेवारी दिने व्यवस्था रहेको छ। उहाँका अनुसार पेट्रोलियम अन्वेषण र उत्खननमा नेपाल सरकारलाई कुनै पनि आर्थिक दायित्व पर्नेछैन। तत्कालीन उद्योगमन्त्री नवीन्द्रराज जोशीले सम्भावित खानीको अन्वेषण गर्ने प्रक्रिया अगाडि बढाउनु भएको थियो।

आन्दोलन फिर्तासँगै वीरगन्ज नाकाबाट इन्धन भित्रियो

वीरगन्ज, (नेस)

चालकको हड्तालका कारण वीरगन्ज नाकामा चार दिनदेखि रोकिएको इन्धन ढुवानी शुक्रबार बेलुकादेखि सुचारु भएको छ।

आन्दोलनरत नेपाल स्वतन्त्र यातायात मजदुर संघर्ष समिति र सरकारबीच आठ बुँदे सहमति भएसँगै हड्तालमा रहेका चालक काममा फर्किएका हुन्। भारतको रक्सौलमा रहेको इण्डियन आयल कर्पोरेशन (आईओसी) को डिपोबाट पेट्रोल, डिजेल भरेर शुक्रबार आठ बजेसम्म ३० वटा ट्यांकर वीरगन्ज नाका हुँदै नेपाल भित्रिएका हुन्।

निगमका क्षेत्रीय प्रबन्धक जगदीशचन्द्र यादवका अनुसार शुक्रबार साँझदेखि एलपी ग्यास बोकेका बुलेट पनि वीरगन्ज नाका हुँदै नेपाल प्रवेश गरेका छन्। वीरगन्ज भन्सार कार्यालयका सूचना अधिकारी सन्तोष यादवले शुक्रबार साँझसम्म पेट्रोलियम पदार्थ बोकेका ११ वटा ट्यांकर र ग्यासका केही बुलेट वीरगन्ज नाका हुँदै नेपाल प्रवेश गरेको जानकारी दिनुभयो। शनिबार बिहानदेखि साविककै परिमाणमा इन्धनको आयात हुने क्षेत्रीय प्रबन्धक यादवको भनाइ छ।

चार दिनदेखि इन्धन आयात हुन नसक्दा वीरगन्ज, राजधानीसहित देशका मुख्य शहरमा पेट्रोल, डिजेल र ग्यासको अभाव भएको छ। नेपालका लागि चाहिने कुल इन्धनको ९० प्रतिशत हिस्सा, वीरगन्ज नाकाबाट नै भित्रिने गरेको छ।

विनिमय दर

नेपाल राष्ट्र बैंक
केन्द्रीय कार्यालय
विदेशी विनिमय व्यवस्थापन विभाग
२०७५ असोज ७, सेप्टेम्बर २३, २०१८

खुला बजार विनिमय दर नेपाल राष्ट्र बैंकको

	खरिद दर	बिक्री दर
भारतीय रुपियाँ १०० को रु.	१६०।००	१६०।००
अमेरिकी डलर १ का रु.	११५।२२	११५।८२
युरो १ को रु.	१३५।५९	१३६।३०
पाउन्ड स्टर्लिङ १ को रु.	१५२।०२	१५२।८१
स्विस फ्रन्क १ को रु.	१२०।५१	१२१।१४
अस्ट्रेलियन डलर १ को रु.	८३।९१	८४।३५
क्यानाडियन डलर १ को रु.	८९।२६	८९।७२
सिङ्गापुर डलर १ को रु.	८४।४८	८४।९२
जापानी यन १० को रु.	१०।२२	१०।२८
चिनियाँ युआन १ को रु.	१६।८३	१६।९२
साउदी अरब रियाल १ को रु.	३०।७२	३०।८८
कतारी रियाल १ को रु.	३१।६५	३१।८१
थाई भाट १ को रु.	३।५५	३।५७
सं. अरब इमिरट दिराम १ को रु.	३१।३७	३१।५३
मलेसियन रिङ्गिट १ को रु.	२७।९०	२८।०४
दक्षिण कोरियन वन १०० को रु.	१०।३२	१०।३७

खरिद दर

	खरिद दर
स्विडिस क्रोनर १ का रु.	१३।११
डेनिस क्रानर १ का रु.	१८।१८
हङकङ डलर १ का रु.	१४।७५

नोट : वर्तमान व्यवस्थाअन्तर्गत वणिज्य बैंकहरूले तोकेका खुला बजार विनिमय दर भने फरक हुन सक्नेछ। चिनियाँ युआन चिनियाँ पर्यटक, नेपाली निर्यातकर्ता तथा आयातकर्ता, चीन भ्रमणमा जाने नेपाली नागरिकहरू र चीनमा अध्ययन गर्ने विद्यार्थीसँग मात्र खरिद/बिक्री गर्न पाइने।

कृषि ज्ञान केन्द्र स्थापनापछि किसान उत्साहित

डडेल्धुरा, (नेस)

कृषि विकास कार्यालयलाई 'कृषि ज्ञान केन्द्र'मा प्रतिस्थापन गरेपछि यसको सेवा प्रवाहले नयाँ स्वरूप लिएको छ भने स्थानीय किसान उत्साहित भएका छन्।

केन्द्र प्रमुख दिलबहादुर विष्टका अनुसार कृषकलाई आधुनिक तथा वैज्ञानिक सेवा प्रवाह गर्नका लागि कृषि विकास कार्यालयको सट्टा कृषि ज्ञान केन्द्र स्थापना गरिएको हो । 'अहिले कृषिमा आधुनिक प्रविधि भित्रिएसँगै बालीनालीमा नयाँ/नयाँ रोग र किराको प्रकोप बढ्दै गएको छ । रोग र किराको उपचार तथा त्यसको उचित व्यवस्थापनका लागि विगतका दिनमा प्रवाह हुँदै आएको सेवा पर्याप्त नभएपछि विशेषज्ञ सेवा प्रवाह गर्न केन्द्रको अवधारणा ल्याइएको हो,' केन्द्र प्रमुख विष्टले भने।

प्रदेश नम्बर ७ सरकार मातहत रहने केन्द्रलाई कृषि क्षेत्रको विशेषज्ञ सेवा प्रवाह गर्ने भनिएको छ । जिल्लाका स्थानीय तहसँग समन्वय गर्ने केन्द्रको योजना छ । केन्द्रको योजना र सहज सेवा प्रवाहको चाँजोपाँजो मिलाउन केन्द्र जुटेको छ । साविकको जिल्ला कृषि विकास कार्यालयलाई खारेज गरी त्यसको शाखा स्थानीय तहमा राखिएको छ । नागरिक पनि विगतको भन्दा राम्रो सेवा स्थानीय तहबाट पाउने आशा र अपेक्षामा छन् ।

नागरिकको उक्त अपेक्षापूर्तिका लागि स्थानीय तहले कृषि सम्बन्धी सेवा प्रवाह गर्दा विशेषज्ञ सेवा प्रवाह गर्नुपर्ने भएको छ । त्यसैलाई सहयोग पुऱ्याउन केन्द्रको स्थापना गरिएको केन्द्र प्रमुख विष्टले बताउनुभयो। जिल्लामा स्थापना भएको कृषि ज्ञान केन्द्रले छिमेकी डोटी जिल्ला हेर्ने जिम्मेवारी समेत पाएको छ । कृषि विशेषज्ञसहितको जनशक्ति, आवश्यक बजेटको व्यवस्था, उच्च प्रविधि तथा भौतिक पूर्वाधार केन्द्रका लागि चुनौतीपूर्ण एकीकृत विकास समाज डडेल्धुराकी कार्यकारी निर्देशक पदमा गुरुङले बताउनुभयो।

'स्थानीय तहमा कृषि शाखा स्थापना त भयो, तर त्यहाँ विशेषज्ञ दक्ष जनशक्ति छैन,' प्रदेश सभा सदस्य कर्णबहादुर मल्लले भन्नुभयो-'कार्यालयको नाम परिवर्तन गरेर मात्रै पुग्दैन, नयाँ कार्यालय स्थापनाका लक्ष्य र उद्देश्यहरू हासिल हुने गरी तत्काल काम थालनी गरेर व्यावसायिक कृषि उत्पादनमा अग्रणी डडेल्धुरा जिल्लाका किसानलाई आवश्यक सेवा दिन सक्नुपर्छ।'

कृषि ज्ञान केन्द्रबाट त्यसको परिपूर्ति हुने भएकाले जिल्लामा कृषि सम्बन्धी योजना कार्यक्रम प्रभावकारी हुने विश्वास लिइएको अमरगढी नगरपालिका कृषि शाखाका प्रमुख टेकबहादुर विष्ट बताउनु हुन्छ। खेती, किसानीमा नयाँ/नयाँ वैज्ञानिक प्रविधि र कृषियन्त्रको विकासले गति लिँदै गए पनि जिल्लाका ग्रामीण भेगका अधिकांश किसानले अहिले पनि परम्परागत रूपमा खेती गरिरहेका छन्।

कृषि सम्बन्धी आधुनिक यन्त्रको पहुँच बढाउँदै आधुनिक प्रविधिबाट खेती गर्न कृषकलाई सहयोग गर्ने केन्द्रको उद्देश्य र लक्ष्य छ। कृषकले आधुनिक प्रविधिको ज्ञान हासिल गर्नसक्ने र उन्नत आधुनिक प्रविधिबाट खेती गरी सुधार ल्याउने योजना केन्द्रको छ। कृषि ज्ञान केन्द्रबाट परम्परागत खेतीलाई आधुनिक प्रणालीमा रूपान्तरण गर्न मद्दत पुग्ने विश्वास यहाँका किसानको छ।

'कृषि ज्ञान केन्द्रबाट विशेषज्ञ सेवा प्रवाह भएमा यसबाट हामी लाभान्वित हुन्छौँ,' अमरगढी नगरपालिका-९ ढाँटगाँउका किसान लालबहादुर ढाँटले भन्नुभयो।

बेनी सहकारीको साधारणसभा सम्पन्न

म्याग्दी, (नेस)

म्याग्दीको सदरमुकाम बेनीमा सञ्चालित बेनी बचत तथा ऋण सहकारी संस्थाको शनिबार १७औं वार्षिक साधारणसभा सम्पन्न भएको छ।

सहकारीमा १३३ जना शेयर सदस्य रहेका छन् भने कुल शेयर पुँजी २ करोड २ लाख ३२ हजार ९ सय रुपियाँ रहेको छ।

यसैगरी सहकारीले २७ करोड ५१ लाख ६५ हजार ५०९ रुपियाँ लगानी गरेको छ भने २९ करोड ४२ लाख ६४ हजार १७३ रुपियाँ बचत रहेको जनाएको छ। सहकारीले गृह निर्माण, व्यापार, कृषि, उद्योग, हायर पर्चेज, शिक्षा, वैदेशिक रोजगार लगायतका विविध क्षेत्रमा लगानी गरेको जानकारी दिएको छ।

साधारणसभाको उद्घाटन गर्दै संस्थाका पूर्वअध्यक्ष टंक हमालले सहकारी संघसंस्था समाज परिवर्तन र रूपान्तरणको संवाहक भएको बताउनु भएको छ। उहाँले सहकारीले व्यावसायिक र उत्पादनमूलक क्षेत्रमा लगानी वृद्धिमा जोड दिनुपर्ने भन्दै अहिलेको परिवर्तित सन्दर्भमा राज्यले सहकारी संघसंस्थालाई लगाएको करको दायरामा समायोजन हुनुपर्ने बताउनुभयो।

गुल्मीको इन्द्रगौंडा र भुवाचिदीमा मेगा बैंकको शाखारहित सेवा

काठमाडौं, (नेस)

मेगा बैंक नेपालले गुल्मीको इन्द्रगौंडा र भुवाचिदीमा शाखारहित बैंकिङ सेवा शुरुवात गरेको छ।

मुसिकोट नगरपालिकाको इन्द्रगौंडा र भुवाचिदीमा सोही नगरपालिकाका प्रमुख सोमनाथ सापकोटा र मेगा बैंक तम्घास शाखाका प्रबन्धक शालिकराम पन्थीले संयुक्त रूपमा कारोबार शुभारम्भ गर्नुभयो।

नगरपालिकामा रेमिट्यान्सबाट भित्रिएको लाखौं रकम उपभोग र विलासितामा खर्च भइरहेको बताउँदै मेयर सापकोटाले अब मेगा बैंकको शाखारहित बैंकिङ सेवामार्फत घरदैलोमा बचत गर्न इन्द्रगौंडा र भुवाचिदीबासीलाई सजिलो भएको बताउनुभयो। नगरपालिकाको वडा न. ५ र ६ को वृद्धाभत्ता मेगाको शाखारहित बैंकिङ सेवाबाट हुने उहाँले घोषणा पनि गर्नुभयो।

वडा न. ५ का वडाध्यक्ष भागीरथ खरेल र वडा नं ६ का वडाध्यक्ष खडगबहादुर खड्काले बैंकहरू विश्वासमा चल्ने संस्था भएकाले सबैलाई विश्वासमा लिएर मेगा बैंकले छिटो छरितो रूपमा सेवा दिनुपर्ने बताउनुभयो।

पुवा दोस्रो जलविद्युत् आयोजनालाई लगानी जुट्यो

काठमाडौं, (नेस)

पिपल्स पावर लिमिटेडले इलामको साँखेजुङ र माइपोखरी भई बग्ने पुवा खोलामा निर्माण गरिरहेको ४ दशमलव ९६ मेगावाट क्षमताको पुवा दोस्रो जलविद्युत् आयोजनामा ऋण लगानीको सम्झौता भएको छ।

नेपाल बंगलादेश बैंक र आयोजना सञ्चालक कम्पनी पिपल्स पावर लिमिटेडबीच उक्त ऋण सम्झौता भएको हो। ९० करोड रुपियाँ कुल लागत रहने आयोजनामा बैंकले ६० करोड ऋण र प्रवर्द्धकको तर्फबाट ३० करोड स्व पुँजी लगानी भई आयोजना सम्पन्न हुनेछ।

ऋण सम्झौता कार्यक्रममा बैंकका तर्फबाट नायब प्रमुख कार्यकारी अधिकृतद्वय सुरेन्द्र भुषण श्रेष्ठ र जबदी इक्बालका साथै कम्पनीका तर्फबाट सञ्चालकद्वय टंक अर्याल र सन्तोषराज नेपालको समुपस्थितिमा बैंकको तर्फबाट प्रमुख कार्यकारी अधिकृत ज्ञानेन्द्र प्रसाद ढुंगानाले र कम्पनीको तर्फबाट अध्यक्ष वीरेन्द्रबहादुर न्यौपानेले हस्ताक्षर गर्नुभएको थियो।

उक्त आयोजना र नेपाल विद्युत प्राधिकरणबीच विद्युत खरिद बिक्री सम्झौता भई विद्युत् उत्पादन अनुमति पत्र प्राप्त गरी आयोजनाले करिब २५ प्रतिशत निर्माण कार्य सम्पन्न गरिसकेको कम्पनीका प्रमुख कार्यकारी अधिकृत भरत बहादुर खत्रीले जानकारी दिनुभयो।

४५ करोड लगानीमा भालु पहाडमा ड्रिम टुरिजम स्पट

> ४५ करोडमा् बन्ने उक्त पार्कको पुल,बाटो, पार्क, मूर्ति, पदमार्ग, प्रवेशद्वार लगायतको मुख्य-मुख्य भौतिक निर्माणमा करिब २४ करोड २७ लाख ९५ कजार खर्च लाग्ने अनुमान गरिएको छ।

नेपाल समाचारपत्र

पोखरा

स्याङ्जाको फेदीखोला गाउँपालिकास्थित भालु पहाडमा ४५ करोड लगानीमा ड्रिम टुरिजम स्पटको रूपमा विकास गरिने भएको छ।

उक्त स्थलमा पार्क निर्माण गर्न फेदीखोला गाउँपालिकाले भालु पहाड पर्यटकीय योजना अघि बढाउन लागेको हो। पोखरादेखि २८ किलोमिटरको दूरीमा रहेको भालु पहाड निकै शान्त र सुन्दर रहेको छ। माछापुच्छ्रे, अन्नपूर्ण र धवलागिरी हिमालसमेत देखिने उक्त क्षेत्रको विकास र पर्यटन प्रवर्द्धन गर्ने लक्ष्यका साथ कार्य थालिने भएको हो। ४५ करोड रुपियाँको लगानीमा बन्न लागेको भालु पहाड पार्कमा फन पार्क, झोलुङे पुल, हिन्दु र बुद्ध धर्मलाई जोड्दै शिव र बुद्धको मुर्ति स्थापना गरेने छ भने पहाड घुमेर बगेको सेती नदीको सतहदेखि पार्क बन्ने स्थलसम्म पदमार्ग बन्नेछ। उक्त पदमार्ग नेपालमै पहिलोपटक नयाँ किसिमको हुनेछ जुन बालकुनी जस्तै गरेर पहाड अगाडि नै रहने छ।

४५ करोडमा् बन्ने उक्त पार्कको पुल,बाटो, पार्क, मूर्ति, पदमार्ग, प्रवेशद्वार लगायतको मुख्य-मुख्य भौतिक निर्माणमा करिब २४ करोड २७ लाख ९५ कजार खर्च लाग्ने अनुमान गरिएको छ। जस अन्तर्गत सिदार्थ राजमार्गबाट पार्क बन्ने पहाडसम्म एक सय ७५ मिटरको लामो झोलुङे पुल निर्माणको लागि करिब ४३ लाख ७५ हजार, नयाँ किसिमको पार्क निर्माणको लागि एक करोड २५ लाख, २३ फिट अग्लो शिव र बुद्धको छुट्टाछुट्टै दुई वटा मूर्तिको लागि पाँच करोड, शिव र बुद्धको मूर्ति जोड्ने काठेपुल निर्माण गर्न तीन करोड, पार्कदेखि नदी सतहसम्म पुग्ने ५० मिटरको बालकोनी मार्ग (पदमार्ग) निर्माण गर्न एक करोड २० लाख र १२ फिटको पार्कको प्रवेशद्वार निर्माण गर्न १८ लाख खर्च लाग्ने अनुमान गरिएको छ।

'भालु पहाड पर्यटकीय योजना' सार्वजनिक गर्दै फेदी खोला गाउँपालिकाका अध्यक्ष घनश्याम

सुवेदीले ओझेलमा परेको पर्यटकिय स्थल भालु पहाडलाइ पर्यटकीय हबको रूपमा विकास उद्देश्यका साथ पार्क निर्माण गर्न लागेको बताउनुभयो। सुतिरहेको भालुका आकार देखिने

उक्त पहाड राजमार्गसँगै जोडिएको र निकै मनोरम दृश्यका साथै शान्तिपूर्ण रहेकाले जोकोहीको पनि मन लोभ्याउने उनको भनाइ थियो।

साढे तीन वर्षीय योजनाका साथ काम थालिने उक्त पार्कको लागि लगानी मोडल कसरी बनाउने भन्ने पक्षमा गाउँपालिकाले योजना बनाइ छलफल गरेको बताउनुभयो। भालु पहाड पार्क निर्माण योजनालाई सफल पार्नको लागि स्याङ्जाको स्थानिय निकायसँग हातेमालो गर्दै निजी क्षेत्रसँग समेत सहकार्य गर्ने बताउनुभयो। 'यो एउटा राष्ट्रिय गौरवको कुरा पनि हो,

गण्डकी प्रदेशको पर्यटनलाई प्रवर्द्धन गर्नको लागि थप इट्टा थप्ने विश्वास गरेका छौं, एउटा पहाडमा भालुको आकार देखिनु निकै नै मनोरम छ, हामी हाम्रै स्रोत साधनको प्रयोग गरी स्याङ्जालाई पर्यटकीय हबको रूपमा विकास गर्न चाहान्छौं यसका लागि सबैको साथ र सहयोग आवश्यक छ,' उहाँले भन्नुभयो।

पोखरा विश्वविद्यालय

अन्तर्गत सम्बन्धन प्राप्त निम्न कलेजहरुमा स्नातक तहमा

भर्ना खुल्यो

• सेमेस्टर प्रणाली अन्तर्गत नेपालमा सबैभन्दा बढी (३०,०००) विद्यार्थी अध्ययनरत विश्वविद्यालय

• ४७ भन्दा बढी व्यवहारिक शैक्षिक कार्यक्रमहरु सञ्चालित • आधुनिक, विश्वस्तरीय र समयसापेक्ष परिमार्जित पाठ्यक्रम

Apollo International College (AIC)
Lakhechour Marg, New Baneshwor, Kathmandu
Ph: 4474845, 4474851
Web: www.apollointcollege.edu.np
BBA | BBA BI | BHM

Atharva Business College
Banshari, Maharajgunj, Kathmandu
Ph: 4372966
Web: www.atharvacollege.edu.np
BBA | BHM | BHCM

Atlantic International College
Gaikopakha, Thamel, Kathmandu
Ph: 4022514, 4022617
Web: www.atlantic.edu.np
BBA | BBA BI

Boston International College
Bharatpur-10, Chitwan
Ph: 056-526203, 531362
Web: www.bostoncollege.edu.np
BBA | BBA-BI | BCIS | MBA

Cosmos College of Management & Technology
Tutepani, Satdobato, Lalitpur
Ph: 5151411, 5151704
Web: www.cosmoscollege.edu.np
BBA | BE Civil | BE Computer | BE IT
BE Electronics & Comm. | B. Arch.

Crimson College of Technology (CCT)
Devinagar, Butwal, Rupandehi
Ph: 071-410380, 071-410479
Web: www.cct.edu.np
BSc. MLT | B. Pharmacy | BBA | BCA BCIS

Everest Engineering College
Sanepa, Lalitpur
Ph: 01-5520742
Web: www.eemc.edu.np
BE Computer BE-IT (Information Technology)
BE CIVIL

Excel Business College (a CG|HOLDINGS Initiative)
Lakhechour Marga, New Baneshwor, Kathmandu
Ph: 01-4485109, 01-4462170
Web: www.excelcollege.edu.np
BBA | BBA BI | MBA

Liberty College
Hanumansthan, Anamnagar, Kathmandu
Ph: 4222612, 4222386
Web: www.libertycollege.edu.np
BBA | BHM

Lumbini Engineering College (LEMSC)
Bhalbari, Rupandehi
Ph: 071-561030, 071-561959
Web: www.lumbini.edu.np
BE Computer | BE Civil | BE Electrical & Electronics
BCA | M.Sc. in Construction Management

Malpi International College
Subarna Shamsher Marg, Baluwatar, Kathmandu
Ph: 4442066, 4442067
Web: www.mic.edu.np
BBA | BBA BI

Medhavi College
Shankhamul, New Baneshwor, Kathmandu
Ph: 4782561, 4782634
Web: www.medhavicollege.edu.np
BBA | BHM BCIS

National Open College
Ringroad, Sanepa, Lalitpur
Ph: 5185225, 5183238
Web: www.noc.edu.np
BBA | BPH
BHCM | PGDHCM | MHCM
(Health Care Management)

Nepal College of Information Technology (NCIT)
Balkumari, Lalitpur
Ph: 5186354, 5186358
Web: www.ncit.edu.np
BBA | BE Computer | BE IT | BE Software
BE Electronics & Communication
ME | MCIS | M.Sc. Computer Science

Nobel College
Sinamangal, Kathmandu
Ph: 4110525, 4110590
Web: www.nobelcollege.edu.np
BBA | BCIS | BBA-BI | BHCM | BPH | BSc. Nursing
BSc. MLT | B Pharmacy | MM Biology | MM Bio Chemistry

Norvic Business College
Hattisar, Kamaladi, Kathmandu
Ph: 4438293, 4419306
Web: www.norviceducations.edu.np
BBA | BHCM

Platinum Management College
Kalikasthan, Dilibazar, Kathmandu
Ph: 4442717, 4420928
Web: www.platinumcollege.edu.np
BBA | BHM

Pokhara Engineering College (PEC)
Phirke, Pokhara - 8, Kaski
Ph: 061-561209
Web: www.pec.edu.np
BE CIVIL | BE Computer | B. Arch.

Rajdhani Model College
Devkota Marg, Pipalbot, Old Baneshwor, Kathmandu
Ph: 4471163, 4465705
Web: www.rmcollege.edu.np
BBA | BHM | MBA

Ritz College of Engineering & Management
Balkumari, Lalitpur
Ph: 5186183, 5186188
Web: www.ritzhospitality.edu.np
BBA | BHM

Shubhashree Academic Int'l College (Under the Management of NASA Int'l Education Network)
Gairigaun, Tinkune, Kathmandu
Ph: 01-4479850, 4498536
E: nasacollege@yahoo.com
BBA | BHM

Uniglobe College
New Baneshwor, Kathmandu
Ph: 4115690, 4115589
Web: www.uniglobe.edu.np
BBA | BBA-BI | MBA | MBA Finance

V.S. Niketan College
Minbhawan, Tinkune, Kathmandu
Ph: 4111602, 4111699
Web: www.vsniketan.edu.np
BBA | EMBA

जि.का.का.द.नं. १४७/०५१/०५२ म.क्ष.हु.द.नं. ०३/०६२/०६३ www.newsofnepal.com

भर्खरै ! भर्खरै ! के भयो दुनियामा
भर्खरै ! सोध्नुहोस् हामीलाई
भर्खरै ! हाजिर हुनेछ

जवाफ newsofnepal.com मा
नेपाल समाचारपत्र बोल्छ भर्खरै !

एपीएफले जित्यो ढोरपाटनको उपाधि

नेपाल समाचारपत्र

काठमाडौं

पाँचौं ढोरपाटन एम-१५० राष्ट्रिय खुला पुरुष भलिबल प्रतियोगिताको उपाधि नेपाल एपीएफ क्लबले जितेको छ।

शनिबार गोंगबुस्थित ढोरपाटन भलिबल प्रशिक्षण केन्द्रको कोर्टमा सम्पन्न फाइनल खेलमा एपीएफले गण्डकी प्रदेशलाई हराएको हो। यो जितसँगै विभागीय टोलीले १ लाख नगद प्राप्त गऱ्यो भने प्रदेशीय टोलीले ६० हजार हासिल गरेको छ। त्यस्तै तेस्रो स्थानमा भएको खेलमा गीताञ्जली कलेजले आयोजक टोली ढोरपाटनलाई हरायो। तेस्रो टोलीले ३५ हजार नगद हात पारेको छ।

एपीएफले गण्डकीविरुद्ध खेल जित्न त्यति मेहनत गर्नुपरेन। सो फाइनल खेलमा टोलीले २५-१९, २५-१६ र २५-१७ को सोझो सेटमै जितेको थियो। त्रिभुवन आर्मी क्लब र नेपाल पुलिस क्लबको सहभागिता नहुँदा पनि एपीएफको प्रतियोगितामा कडा प्रतिद्वन्द्वी भेटिएन। अर्को खेलमा गीताञ्जलीले ढोरपाटन भलिबल प्रशिक्षण केन्द्रलाई २५-२२, ३०-२८, २५-१५ ले हराएको थियो।

प्रतियोगिताका पाँच विधातर्फ उत्कृष्ट हुनेमा एपीएफकै बाहुल्यता रह्यो। उत्कृष्ट हुनेमा सटरतर्फ दिनेश गिरी, स्पाइकरमा टेकराज अवस्थी, क्वीकरमा बलिराम चौधरी र प्रशिक्षकमा ज्ञानेन्द्र विष्ट रहेका छन्। प्रतियोगिताका उत्कृष्ट खेलाडी महेन्द्र श्रेष्ठ घोषित भए। अन्य विधातर्फ गण्डकीका खेलाडीहरू ब्लकरमा हरि पाण्डे, डिफेन्समा राजन दर्लामी र सर्भरमा दौलत सिंह उत्कृष्ट भए। उत्कृष्ट खेलाडी हुने महेन्द्रले मोटरसाइकल प्राप्त गरे भने अन्य विधागत उत्कृष्टले जनही ५ हजार नगद हासिल गरेका थिए।

दुबईमा भारत र पाकिस्तान भिड्दै

नयाँ दिल्ली, (एजेन्सी)

दुबईमा एसिया कपअन्तर्गत सुपर ४ मा भारत र पाकिस्तानबीच आइतबार निर्णायक भीडन्त हुँदै छ। शुक्रबार सुपर ४ अन्तर्गत आ-आफ्नो पहिलो खेलमा यी दुवै टोलीले जितेका थिए। भारतले बंगलादेशलाई र पाकिस्तानले अफगानिस्तानलाई हराएका थिए।

आज हुने खेल जित्ने टोलीले फाइनलमा पुग्न सक्नेछ। यसैले पनि यो खेल निर्णायक र कडा प्रतिस्पर्धा हुने आश गरिएको छ। यस्तै अबुधाबीमा हुने बंगलादेश र अफगानिस्तानबीचको खेलका विजेताको फाइनल पुग्ने सम्भावना जीवितै हुन्छ। हार्ने टोली भने फाइनल पुग्ने दौडबाट बाहिरिनेछ।

यसअघि समूह चरणमा भारतले पाकिस्तानलाई सजिलोसँगै ८ विकेटले हराएको थियो। पाकिस्तानले सुपर ४ मा अफगानिस्तानलाई हराउन ज्यादै संघर्ष गर्नुपरेको थियो।

अफगानिस्तानले दिएको २ सय ५८ रनको लक्ष्य पाकिस्तानले ७ विकेट गुमाएर अन्तिम ३ बल बाँकी राखी भेटाएको थियो। सोयब मलिकले नटआउट हुँदै अर्धसतक बनाउनुले नै पाकिस्तानले सम्भावित हार टालेको थियो। यदि सोयबको विकेट पतन भएको भए अफगान टोलीले प्रतियोगितामा टेस्ट खेल्ने तेस्रो टोलीलाई हराउने थियो। यसअघि समूह चरणमा अफगान टोलीले श्रीलंका र बंगलादेशलाई हराएर तहल्का मच्चाएको थियो।

इमाम उल हकले ८० रन र बाबर आजमले ६६ रन जोडेर पाकिस्तानलाई जितितिर अग्रसर गराएका थिए। तर यी दुवै ब्याट्सम्यान आउट भएपछि पाकिस्तान निकै दबाबमा पुगेको थियो। पछि सोयबले ५१ रनको नटआउट इनिङ खेलेर पाकिस्तानलाई जित दिलाएका थिए। उनले अन्तिम ओभरमा १० रन आवश्यक भएकामा दोस्रोमा छक्का र तेस्रोमा चौका प्रहार गरेका थिए।

धरहरा

अब पालो भमरा र बारुलाको

आफ्नै बोलीमा अडान नभएका नेता छ्यापछ्याप्ती भएर होला कुनै बेला भनिन्थ्यो- 'बोली होस् त ओलीको जस्तो।' तर सत्ता उन्माद धेरै भएर होला ओली पनि अहिले त उही ड्याडका मुला भाछन्। उनको बोलीको ओज घट्या छ, बोलीको ठेगान हुन छोड्या छ।

प्रतिपक्षीमाथि अरिंगालझैं प्रतिकार गर्न निर्देशन दिएर देश विदेशमा चर्चा कमाएका उनी अहिले रातारात बदलिएका छन्। अरिंगाल होइन, कर्मी मौरी बनेर देश निर्माणमा लाग्नुपर्‍यो रे अब। शनिबार काठमाडौंमा आयोजित एक कार्यक्रममा ओलीले भने- 'कर्मी मौरीझैं एकजुट भएर काममा लाग्नुस्, सबैको मेहनतले देश निर्माण हुन समय लाग्दैन।'

हरेक साता उनका तर्क फरक हुन्छन्। अब कुनदिन पार्टी कार्यकर्तालाई भमराझैं बन्न उर्दी जारी गर्न बेर छैन। प्रतिपक्षी र विभिन्न शक्तिकेन्द्रको शक्ति बुझ्न भमरा हुन आवश्यक भएको र त्यसका लागि तत्कालै उड्न जरुरी भएको भन्दै ओलीले उर्दी गर्न बेर छैन। अरिंगाल, मौरी, भमराको चर्चा गरेर मात्रै सरकार सफल होला र ? धरहरालाई त विश्वास लाग्दैन, त्यसैले चर्चा बारुला र झिँगाको पनि हुनुपर्छ।

बारुला, झिँगा र अन्य किरा फट्याङ्ग्राको चर्चा गर्दा सरकारले गति लिन्छ, प्रतिपक्षीले कटाक्ष गर्दैनन् भने त्यसबारेमा पनि बहस खुला हुनुपर्छ। बरु बालुवाटारमा यो सुझाव छिटै पुगोस्।

ताम्रकार फुटसलको उपाधि करुणामयलाई

काठमाडौं, (नेस)

करुणामय मेटल क्राफ्टले तेस्रो ताम्रकार फुटसल प्रतियोगिताको उपाधि जितेको छ।

शनिबार भएको फाइनल खेलमा करुणामय मेटलले द फोरगो ट्रेडिङलाई टाइब्रेकरमा ३-२ ले हराउँदै उपाधि जित्यो। निर्धारित समयसम्म दुवै टोलीबाट गोल हुन सकेको थिएन। यसअघि सेमिफाइनल खेलमा करुणामय क्राफ्टले श्री बंगलामुखी फर्निचरलाई १-० गोलअन्तरले हराएको थियो। अर्को खेलमा भने द फोरगोले साहिल मेटल क्राफ्टसलाई टाइब्रेकरमा पराजित गरेको थियो।

हिजै भएको यू-१४ प्रतियोगिताको फाइनल खेल ब्ल्यु वेभ्सले जितेको छ। फाइनलमा ब्ल्यु वेभ्सले ऐलो युनाइटेडलाई टाइब्रेकरमा ४-३ ले पन्छाएको थियो। महिलातर्फ मैत्री खेलमा टिम रेडले टिम ब्ल्युलाई ५-१ गोलअन्तरले पराजित गऱ्यो।

प्रत्येक शनिबार गरी तीन हप्ता चलेको ताम्रकर फुटसल प्रतियोगितामा सबैभन्दा बढी गोल साहिल मेटलका लेउसन राजकर्णिकारले गरे। त्यस्तै उत्कृष्ट खेलाडीमा करुणामयका दिनेश ताम्रकार र उत्कृष्ट गोलकिपरमा फोरगो ट्रेडिङका सानीध्य चित्रकार घोषित भएका थिए। प्रेसिडेन्ट च्वाइसमा द फोरगोका खेलाडी शुभाषीन ताम्रकार घोषित भएका थिए।

रत्नजित र दीपेश फाइनलमा

काठमाडौं, (नेस)

तेस्रो योनेक्स सनराइज जेष्ट राष्ट्रिय खुला ब्याडमिन्टन प्रतियोगिताअन्तर्गत पुरुष सिंगल्सतर्फ रत्नजित तामाङ र दीपेश धामी फाइनलमा पुगेका छन्।

शनिबार वसुन्धराको जेष्ट ब्याडमिन्टन एकेडेमीको कोर्टमा भएको सेमिफाइनल खेलमा रत्नजितले सिल्क ट्रेडिङका प्रिन्स दाहाललाई २-१ सेटले हराएका हुन्। त्रिभुवन आर्मीका खेलाडीले पहिलो सेट २१-१५ ले जिते। तर प्रिन्सले दोस्रो सेट २१-१६ ले जितेर खेल बराबरीमा ल्याएका थिए। निर्णायक सेट २१-१७ ले हात पारेका रत्नजित लगातार तेस्रो उपाधि जित्न निकट भएका छन्।

अर्को सेमिफाइनल खेलमा एपीएफका दिपेशले आर्मीका नवीन श्रेष्ठलाई सिधा सेटमा हराएर अल आर्मी फाइनल हुने सम्भावनालाई समाप्त पारे। उनले सो खेल २१-१६, २१-१२ ले जितेर आज हुने फाइनल खेलमा रत्नजितसँग खेल्ने पक्का गरेका थिए।

महिला सिंगल्सतर्फ आर्मीकी रसिला महर्जन र एपीएफकी जेसिका गुरुङले उपाधिका लागि खेल्नेछन्। रसिलाले आफ्नै क्लबकी अमिता गिरीलाई र जेसिकाले एपीएफकै सुनैना मुखियालाई समान २-० सेटले पन्छाएका थिए।

एनी र अश्लेषा क्वार्टरफाइनलमा

तस्वीर: उज्जोल डंगोल

नेपाल समाचारपत्र

काठमाडौं

वर्सेटेनर ललितपुर जिल्ला राष्ट्रिय खुला टेनिस प्रतियोगिताअन्तर्गत एनी माथेमा र अश्लेषा लिसानोभिच क्वार्टरफाइनमाल पुगेका छन्। सातदोबाटोस्थित टेनिस कोर्टमा शनिबार भएको दोस्रो चरणको खेल जित्दै एनी र अश्लेषा अन्तिम आठमा प्रवेश गरेका हुन्। पहिलो दिन महिला सिंगल्सतर्फको खेलमा एनीले पहिलो सेट गुमाएर पनि जित हात पारेकी थिइन्।

उनले आफ्नी प्रतिद्वन्द्वी भगवती विकलाई १-६, ६-४, ७-६ को तीन सेटमा संघर्ष गर्दै पन्छाएकी थिइन्। यस्तै लामो समयपछि टेनिसमा फर्केकी अश्लेषाले इन्द्रकला श्रेष्ठलाई ६-०, ६-१ को सोझो सेटमा सहजै पन्छाइन्। उनले सो खेलमा एक गेममात्र गुमाएकी थिइन्।

यसै गरी पुरुष एकलतर्फ सम्यकभूषण बज्राचार्यले निक रासट्पलाई ६-१, ६-० को नतिजा सुम्पदै पराजय बेहोरेका थिए। निक यो जितसँगै दोस्रो चरणमा पुगेका छन्। यस्तै आइभानहोइ लिसानोभिचले मुकिन थापालाई ६-०, ६-१ ले पराजित गरे। अर्को खेलमा विषमजंग गुरुङले इभाक जोशीलाई ६-४, ६-४ ले पराजित गरेका थिए।

प्रतियोगिताअन्तर्गत पुरुष डबल्सतर्फ सुब्रत बस्नेत र मुक्तिसेन गुरुङको जोडीले गोविन्द कसुला र गौरीशंकर श्रेष्ठको जोडीलाई ६-१, ६-० ले हरायो। त्यस्तै मनोज राणा र महेश श्रेष्ठको जोडीले इभाक जोशी र निशान श्रेष्ठको जोडीलाई ६-० र ६-२ ले हरायो। रोहित सुनवार र राजु श्रेष्ठको जोडीले इन्द्रबहादुर शाह र शिवराम मगरलाई ६-१, ६-३ ले पराजित गरेको थियो। यसै गरी इभानहोइ र सम्यक भूषणको जोडीले अन्जन सिंह र राजकुमार लामाको जोडीलाई पराजित गरेका थिए। यी विजेता जोडी अन्तिम आठमा पुगेका छन्।

अश्लेषा लिसानोभिच बल प्रहार गर्दै।

क्यानडामा राजुलाई कांस्य

काठमाडौं, (नेस)

राजु नगरकोटीले क्यानडा ओपन जी वान अन्तर्राष्ट्रिय तेक्वान्दो च्याम्पियनसिपमा कांस्य पदक जितेका छन्। क्यानडाको भ्यानकुभरस्थित रिचमन्ड ओलम्पिक ओभलमा भएको प्रतियोगिताको ५० वर्षमुनि पुरुष एकल पुम्सेमा राजुले कांस्य जितेका हुन्। उक्त स्पर्धामा ९ राष्ट्रका खेलाडी सहभागी थिए। नुवाकोट स्थायी घर भएका उनी विगत १७ वर्षदेखि मकाउमा कार्यरत छन्। नेपाल आर्मीका छैटौं ब्याचका तेक्वान्दो खेलाडीसमेत रहेका उनले अन्तर्राष्ट्रिय प्रतियोगितामा पदक जितेर राष्ट्रको झन्डा फरफराउन पाउँदा खुसी लागेको बताएका थिए।

एलआरआई फाइनलमा

काठमाडौं, (नेस)

एलआरआई र रातो बंगला प्रथम ओसिस कप उपत्यकाव्यापी अन्तरविद्यालय बास्केटबल प्रतियोगिताअन्तर्गत गर्ल्सको थ्री बाइ थ्रीतर्फ शनिबार फाइनलमा प्रवेश गरेका छन्। ढोलाहिटीस्थित आयोजक ओसिस स्कुलको कोर्टमा भइरहेको प्रतियोगिताको पहिलो सेमिफाइनलमा एलआरआईले विल्सन एकेडेमीलाई ६-५ ले पराजित गऱ्यो। सोनिया राणाले पुरै ६ अंक जोडेकी थिइन्। दोस्रो सेमिफाइनलमा रातो बंगलाले ग्रामरलाई २०-७ ले हराएको थियो।

समीर र दीपिकालाई स्वर्ण

काठमाडौं, (नेस)

समीर खड्गी र दीपिका तामाङले प्रथम माचुसिमा कप राष्ट्रिय जुनियर क्योकुसिन करााँते प्रतियोगिताको खुलातर्फ शनिबार स्वर्ण जितेका छन्। कीर्तिपुरस्थित पुष्पसदन सेकेन्डरी स्कुलमा भएको प्रतियोगिताको पुरुष खुला तौलसमूह फाइनलमा समिरले प्रकाश कुँवरलाई पराजित गरे। महिला खुला उपाधि भिडन्तमा दीपिकाले मनिषा तामाङलाई हराइन्।

कामना न्यूज पब्लिकेसन्स् प्रालिद्वारा प्रकाशित कार्यालय: कामना प्लाजा, भीमसेनस्थान, काठमाडौं, पो.ब.नं. २०४५, फोन: ४-२६११७९, फ्याक्स: ४-२१८९९०, Email: nepalsamacharpatra@gmail.com प्रमुख कार्यकारी अधिकृत तथा प्रबन्ध सम्पादक: दिरेकलाल श्रेष्ठ, प्रधान सम्पादक: पुष्करलाल श्रेष्ठ